कर्मवीरको अन्तिम यात्रा

हेमराज गोल्छा

٤٢

सादर

शुद्धि-पत्र

पृष्ठ संख्या	लाइन	भएको	हुनुपर्ने
पूजनीय पिताज्यू शीर्षकको फोटोको क्याप्सनमा-		सुप्रसिध्द	सुप्रसिद्ध
स्व. श्री ५ महेन्द्रबाट विभूषण बक्संदाको रामलाल ज्यूको फोटो		दक्षिणबाहू	दक्षिणबाहु
५	शीर्षक	दुइ शब्द	दुई शब्द
६	कोठाभित्र	आचार्य श्री	आचार्यश्री
१६	१४	सोखीनपना	सोखिनपना
१७	२४	हुनु हुन्थ	हुनुहुन्थ्यो
१८	कोठाभित्र	ज्ञानी	ज्ञानी
२०	२२	भाँडा वर्तन	भाँडा बर्तन
२०	३३	भ्रामण	भ्रमण
२७	१२	शुभारंभ	शुभारम्भ
३४	शीर्षकमा	विराटनगर	बिराटनगर
५२	माथिल्लो फोटोको क्याप्सनमा	स्वण जयन्ती समारोहका	स्वर्ण जयन्ती समारोहमा
५५	दोश्रो फोटोको क्याप्सनमा	सिध्दिचरण	सिद्धिचरण
७६	२३	विहान	बिहान
८७	अन्तिम लाइनमा	परिवर्ज्या	प्रवर्ज्या
९७	माथिल्लो चित्रको क्याप्सनमा	गोल्छा ज्य	गोल्छाज्यू
१०३	कोठाभित्र	मित्तबमिच्छसि	मित्तमिच्छसि

कर्मवीरको अन्तिम-यात्रा

(स्वर्गीय रामलाल गोल्छाज्यूको पुण्य-स्मृतिमा)

लेखक
हंसराज गोल्छा

सम्पादक मण्डल
-हुलासचन्द गोल्छा
-नारदप्रसाद ओझा
-ज्ञानचन्द दुगड

गोल्छा ज्ञान-मन्दिर प्रकाशन

कर्मवीरको अन्तिम-यात्रा
प्रकाशित प्रतिहरू १०००
प्रकाशन मिति : बि.सं. २०४६ मार्ग ५

KARMAVEER KO ANTIM-YATRA
BY - HANSRAJ GOLCHHA
Published By - Golchha Gyan Mandir, Kathmandu, Biratnagar
21st November, 1989 A.D.

प्रकाशक :- गोल्छा ज्ञान-मन्दिर, विराटनगर, नेपाल
गोल्छा निवास - फोन २-२६२७, २-२३१०

प्राप्ति स्थान :- गोल्छा ज्ञान-मन्दिर, गणवहाल, काठमाडौं, नेपाल,
फोन - २२११०१

मुद्रक :- सहयोगी प्रेस, त्रिपुरेश्वर, काठमाडौं (नेपाल)

समर्पण गुरूचरणमा



कर्मवीरका अजस्त्र प्रेरणा-श्रोत
लेखक का परम श्रद्धापुञ्ज
अणुव्रत अनुशास्ता, अमृत पुरूष
युगप्रधान आचार्य श्री तुलसी

लेखक		स्व. हंसराज गोल्छा
जन्म	:	कार्तिक कृष्ण ७, वि. सं. १९८४ (अक्टोबर १९२७)
शिक्षा	:	हिन्दी रत्न (लाहोर विश्वविद्यालयबाट)
व्यवसाय प्रारम्भ	:	सं. २००३
		गोल्छा अर्गनाइजेशनका अध्यक्षको कार्यभार - सं. २०४१
		सु. प्र. गो. द. बा. बाट सुशोभित - सं. २०४२
देहावसान	:	सं. २०४५, मंसिर ५

•

अध्यक्ष	:	मारवाडी सेवा समिति, विराटनगर
अध्यक्ष	:	अतिथि सदन, विराटनगर
अध्यक्ष	:	नेपाल व्यापार कम्पनी (कोशी) लिमिटेड
अध्यक्ष	:	अरूण वनस्पति उद्योग लिमिटेड
अध्यक्ष	:	रामलाल गोल्छा नेत्र चिकित्सालय, विराटनगर
उपाध्यक्ष	:	नेपाल नेत्र ज्योति संघ, मोरंग
आजीवन सदस्य	:	नेपाल नेत्र ज्योति संघ
आजीवन	:	नेपाल रेडक्रस सोसाईटी
आजीवन	:	नेपाल अर्बुद रोग निवारण संस्था
आजीवन	:	नेपाल क्षयरोग निवारण संस्था
आजीवन	:	विश्रान्ति मन्दिर, धनकुटा
प्रमुख ट्रष्टी	:	श्री रामलालजी धापीदेवी गोल्छा चेरिटी ट्रष्ट
संरक्षक	:	नेपाल बिहार जैन श्वेताम्वर तेरापन्थी सभा
संरक्षक	:	साहित्य रचनाः ''अन्तिम यात्रा कर्मवीर की'' (हिन्दी), एवम ''कर्मवीरको अन्तिम यात्रा'' (नेपाली)
पाल हेरीस फेलो	:	रोटरी इन्टरनेशनल

•

पूर्व अध्यक्ष	:	रोटरी क्लब विराटनगर
कार्यवाहक पूर्व अध्यक्ष	:	नेपाल समुद्रपार निकासी पैठारी संघ, विराटनगर।
भूतपुर्व अध्यक्ष	:	जैन श्वेताम्वर तेरापन्थी सभा, विराटनगर।
पूर्व का. स. सदस्य	:	वीरेन्द्र सभा गृह, विराटनगर



पूजनीय पिताज्यू
''शासन भक्त'' कर्मवीर स्वर्गीय रामलाल गोल्छाज्यू
सुप्रसिध्द प्रबल गोरखा दक्षिण बाहु
(वि.सं.१९५५-२०४०)

पूजनीया माताज्यू
श्रीमती धापीदेवी गोल्छा
(वि.सं.१९५८-२०००)



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट कर्मवीर रामलाल गोल्छाज्यूलाई "सुप्रसिद्ध प्रवल गोरखा दक्षिण बाहु" को मान पदवीबाट विभूषित गरिबक्सँदा (सं.२०३९)

(स्व.) श्री ५ महेन्द्र वीर विक्रम शाहदेव सरकारबाट कर्मवीर (स्व.) रामलाल गोल्छाज्यूलाई "प्रवल गोरखा दक्षिण बाहू"को मान पदवीबाट विभूषित गरिबक्सँदा (सं.२०२८/२/३० मा)

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार तथा श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारबाट श्री रामलाल गोल्छाको निधनमा बक्सेको संवेदना!

टेलिफोन नं. { ११९२३, ११९८०

Telephone No. { 11193, 11187

Telg: "Rex" Nepal

श्री ५ महाराजाधिराजका प्रमुख स्वकीय सचिवालय
His Majesty's Principal Personal Secretariat

पत्र संख्या:- प्रस्वस/८८२/८४०
Ref No.

राजदरबार
काठमाडौं, नेपाल
Royal Palace
Kathmandu, Nepal

दिनाङ्क:- माघ ३, २०४०
Date:

विषय:-
Subject:

महाशय,

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारबाट तपाईंको पिता श्री रामलाल गोल्छाको निधनमा तपाईं तथा शोक सन्तप्त परिवार - प्रति हार्दिक समवेदना प्रकट गरि बक्सेकोले हुकुम बक्से बमोजिम सूचना गरेको छु ।

भवदीय,

(गेहेन्द्र मान सिंह)
श्री ५ महाराजाधिराज
का
प्रमुख स्वकीय सचिव

श्री हंसराज गोल्छा,
गोल्छा हाउस,
गणबहाल,
काठमाडौं ।

सरदार भीमबहादुर पाण्डेद्वारा लिखित "त्यस बखतको नेपाल" भाग २/३ (दोश्रो संस्करण, २०४४) को पृष्ठ २०७ बाट उद्धरण :

दुई हजार साल लाग्नेताकासम्म पनि नेपालमा श्री ३ वीरशम्शेर, श्री ३ चन्द्र शम्शेर, श्री ३ भीम शम्शेर, श्री ३ जुद्ध शम्शेरका रोल बेरोलवाला छोरा, वडा, कान्छी, माहिली, महारानीहरूको अलावा बाहिरियामा बडाकाजी मरीचमान, बडाकाजी रत्नमान, क. शिवप्रताप शम्शेर थापा, मखनका रंगनाथ शर्मा, ठहिटीका कीर्तिबहादुर सराफी, सुरजमल मारवाडी, नेपालगंजका हरिहर गौतम, लुम्बिनीका तारानाथ पन्त, जनकपुरका केही गिरी परिवार, विराटनगरका रामलाल गोल्छा, रिजालहरू र झापाका सत्यनारायण मारवाडी-हरू मात्र लखपति गनिएका थिए ।

श्री युवराज सिंह कार्कीद्वारा सम्पादित "Nepal Almanac" (प्रकाशित ई.१९८३) को पृष्ठ ३६७ बाट उद्धरणः

Ram Lal Golchha

Born in 1898, Ram Lal Golchha is a well-known Nepalese industrialist. He was bereaved of his father when he was in the prime of his life. Since his boyhood he has gained reputation for hardwork, preseverance, and talent. It is his tireless effort that explains the creditable achievements of the Golchha Organisation.

Mr. Golchha spends a good part of his time in religious pursuits. He is also a philanthropist. He has provided financial assistance to scores of charitable social organisations and individuals. In spite of his advanced age he remains active to this day, having firm faith in his principles and the organization to which he is dedicated. In running his organisation he receives full cooperation from his sons and grandsons.

Mr. Golchha is a recipient of the "Suprasiddha Prabala Gorkha Dakshinabahu Medal."



अणुव्रत अनुशास्ता
अमृतपुरूष
युगप्रधान आचार्यश्री तुलसीबाट
कर्मवीरज्यूलाई
मरणोपरान्त प्रदत्त
सम्मान

"नेपाल के प्रमुख उद्योगपति तथा समाज के वरिष्ठ श्रावक श्री रामलाल गोल्छा अब नहीं रहे। पचासी वर्ष की वृध्दावस्था में वे एक भरा-पूरा परिवार अपने पीछे छोड गए हैं। श्री रामलालजी से सम्पूर्ण समाज परिचित है। समय-समय पर वे दर्शन-सेवा का लाभ लेते और जब भी वे बोलने खडे होते तो उनके मुँह से निकला एक-एक शब्द गुरू-भक्ति और श्रध्दा-निष्ठा से अनुप्राणित होता था। वे एक परिपक्व आयु पाकर दिवंगत हुए इसलिए उतना दुःख नहीं, जितनी कमी अखरती है, इस बात की कि ऐसे निष्ठावान व्यक्तियों के चले जाने से रिक्त स्थान की जल्दी पूर्ति नहीं हो पाती। हंस और हुलास उनके दो पुत्र हैं और दोनों को ही पिता के गुण विरासत में प्राप्त हुए हैं।

आज रामलाल गोल्छा को मैं मरणोपरान्त "शासन-भक्त" रामलाल गोल्छा के नाम से सम्बोधित करता हूँ।"

--आचार्यश्री तुलसी



कर्मवीरज्यूलाई वहाँको ७५ औं जन्म महोत्सवको (प्लेटिनम समारोह) उपलक्ष्यमा गोल्छा अर्गनाइजेशनका निर्माताको रूपमा सम्मानित गर्न विश्व प्रसिद्ध होलेण्डको फिलिप्स कम्पनीद्वारा निर्माण गरी पठाइएको विशिष्ट उपहारको चित्र

विषयानुक्रम

१.	भूमिका	- सरदार भीमबहादुर पाण्डे	१
२.	श्रद्धा सुमन समर्पण	- हंसराज गोल्छा	३
३.	दुई शब्द	- नारदप्रसाद ओझा	५
४.	प्रकाशनको हेतु	- हुलासचन्द गोल्छा	७
५.	कर्मवीरदेखि धर्मवीरसम्म	- हुलासचन्द गोल्छा	१०
६.	उल्लेख्य घटनाक्रम		१९
७.	कर्मवीरको अन्तिम यात्रा	- हंसराज गोल्छा	२३

परिशिष्ट - १
(कर्मवीर श्री रामलाल गोल्छाप्रति चिरशान्ति कामना) १०५

परिशिष्ट - २

(लेखकको विषयमा श्रद्धार्पित रचना) १३७

(१) गुरू चरणमा शोक विसर्जन १३९
(२) गुरू चरणमा पारिवारिक शोक विसर्जन प्रसंगमा हुलासचन्द गोल्छाका दुई शब्द १४०
(३) शोक विसर्जनमा गीति सुमन - हुलासचन्द गोल्छा १४४
(४) हंसराज गोल्छा - नारदप्रसाद ओझा १४६

भूमिका

सरदार भीमबहादुर पाण्डे

हंसराज गोल्छा लिखित "कर्मवीरको अन्तिम-यात्रा" सहर्ष पढें। पुस्तकले श्री रामलाल गोल्छाजी संग विभिन्न अवस्थामा भएको मेरो बस उठ सम्झायो ।

श्री रघुपति जूट मिल लि. को संयुक्त म्यानेजिंग एजेण्ट हुने भनी कुनै छट्टू साथी भनाउंदाले रामलालजीबाट रू. ६ लाखको चेक फुत्काएर आफ्नो नाममा मात्र उद्योग परिषदमा म्यानेजिंग एजेन्सी दर्ता गराएको विवाद उद्योग परिषदमा उठेको बेला म सो परिषदको हाकिम भएं। यो २००६ सालको कुरा हो। त्यसबेला सो अड्डाका तालुकवाला थिए मे. ज. विजय शम्सेर ज. ब. रा.।

एक जनाको पैसा लगाएर अर्को मानिस मात्र कसरी रघुपति जूट मिल लि. को म्यानेजिंग एजेण्ट बन्यो भन्ने कुरा बुझ्न श्री रामलाल गोल्छा, उद्योग परिषदमा बोलाइए। बिना भरपाई किन त्यत्रो रकम ? २००४।५ सालमा रू. ६ लाखको किम्मत आजकलको झण्डै रू. ३.६ करोड बराबर हुन्छ। अरूलाई दिएको भनी उद्योग परिषदमा श्री रामलालजीलाई सोधिंदा "विश्वास गरें" भन्ने जवाफ दिए। बुझिंदा रामलाल आंटिला र अरूको भर पत्यार गर्ने व्यक्ति ठहरिए र अड्डाले सो रू. ६ लाख उनकै ठहऱ्यायो। यो थियो श्री रामलाल गोल्छा संगको मेरो सर्व प्रथम भेट मुलाकात। उनको आंट र अरूलाई विश्वास गर्ने स्वभावदेखि त्यसबेला प्रभावित म पछि सम्म प्रभावित रहें।

सन् १९६७ मा हलेण्ड पुगेर श्री रामलाल शाही दूतावासमा मलाई भेट्न बोनमा आउंदा उनको मुखबाट डफ मोटरको कोल्याबरेशनमा नेपालमा एक भव्य मोटरकार फ्याक्ट्री (जडान) खोल्ने सुनिएको थियो । त्यस सम्बन्धी योजनै बोकेर फर्केका थिए उनी। अझ केही वर्ष नेपालमा त्यस किसिमको उद्योग खोल्न सम्भव छैन भनी उनलाई पत्यार पर्ने गरी सम्झाउनलाई निकै बेर लाग्यो । यो थियो रामलालजीको नेपालको चांडो विकास गर्ने प्रवल इच्छाको झलक । आफनो मनले खाएको कुरा गर्न तम्सने

बानी उद्यमीहरूको सही लक्षण हो ।

आफना परम पूज्य गुरू आचार्यश्री तुलसीलाई भारतमा भेट्न जाने-आउने क्रममा श्री रामलालजी मलाई दिल्लीको शाही दूतावासमा एक छिन भए पनि भेट्न बिराउंदैनथे। तुलसीजी दिल्लीमा छंदा भेट्न आएका रामलालजीले करै गरेर मलाई आफुसंगै गुरूजीको दर्शनार्थ लगे। उनको आफ्ना गुरूप्रतिको भक्ति-भावको झलक त्यस दिन त्यो गुरू-चेलाको भेटमा देखें। पैसा कमाउनु पर्दछ र त्यसलाई सकभर धर्म-कार्यमा पनि लगाउनु पर्दछ भन्ने आफ्ना गुरूको महामन्त्रमा श्री रामलालजीको पूर्ण विश्वास थियो।

संयोगले २०४० सालको मार्गमा, कलकत्ताको बेलव्यू नर्सिंग होममा रामलालजी संग मेरो भेट भयो। त्यस भेटमा उनले आफ्नाो मनमा लागेको कुरा मलाई भन्न खोजे तर बोल्न सकेनन् घांटीमा कफ जमेकोले। वाक्य फुटेको भए उनी मलाई अवश्य पनि नेपालको चांडो आर्थिक विकास गर्नुपर्ने आवश्यकता दर्शाउंथे कारण जहिले जहाँ भेटे पनि नेपालको चांडो आर्थिक विकास गरी त्यसलाई अरू विकसित देशको हाराहारीमा पुऱ्याउने उनको कुरा हुन्थ्यो । यो थियो रामलालजीको परम-इच्छा ।

आफ्नै पराक्रमले सानो तहबाट उठी निकै माथि पुगी नेपालको आर्थिक विकास गर्न खोजेका सीमित नेपाली उद्यमी मध्ये श्री रामलाल गोल्छा एक हुन्। त्यस्ता सपूतलाई नेपालले सितिमिति बिर्सने छैन भन्ने मेरो अटल धारणा छ।

आफुमाथि शासन अनि अनुशासन

अनुशासन र स्वतन्त्रता-यी दुबै सापेक्ष शब्द हुन्

-युगप्रधान आचार्यश्री तुलसी

श्रद्धा-सुमन समर्पण

सम्बत् २०४० साल मार्ग २५ गते पूज्य बुवाज्यूको स्वर्गारोहण भएको हुनाले ५ औं वार्षिकीको अवसरमा कर्मवीरको अन्तिम यात्रा नामक यो पुस्तक, श्रद्धा-सुमन-स्वरूप, पूज्य बुवाज्यूको पवित्र-स्मृतिमा सादर समर्पण गर्न पाउंदा अवर्णनीय प्रसन्नता लागेको छ ।

प्रातः स्मरणीय पूज्य बुवाज्यू स्वर्गीय रामलाल गोल्छा सेवा, साधना, उद्योग, शिक्षा जस्ता विभिन्न क्षेत्रमा कैयौं प्रतिष्ठानहरूका सहयोगी र संस्थापक पनि हुनु हुन्थ्यो ।

पूज्य बुवाज्यूको असामयिक निधनमा राष्ट्रनायक **श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार** एवं **श्री ५ वडामहारानी सरकार** बाट निगाहा भएको समवेदना सन्देशबाट हामीलाई ठूलो धैर्य प्राप्त भएकोमा मौसुफ सरकारको पाउमा सभक्ति कृतज्ञता चढाउन चाहन्छु ।

स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाहदेव तथा **राष्ट्रनायक श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट** पूज्य बुवाज्यूका धार्मिक, सामाजिक, व्यावसायिक र औद्योगिक आदि सेवा भावनाको कदर स्वरुप उहांलाई विभूषित समेत गरी बक्सेको थियो । धर्मगुरूको आशीर्वादका साथै देशका अनेकौं व्यक्तित्व र संस्थाहरूबाट उहांले प्रेरणा र साधुवाद पाउनु भएको थियो ।

नेपालमा औद्योगीकरण निम्ति आफूलाई समर्पित गर्ने पूज्य बुवाज्यूको परिकल्पनालाई साकार पार्न निजको स्वर्गारोहण भएको पांच वर्ष भित्रै निम्नलिखित ५ उद्योगहरू स्थापना गरी कर्मवीरको श्रीचरणमा ५ पुष्पको रूपमा श्रद्धा स्वरूप समर्पित छन् ।

- हिमाली पाईपको प्रा. लि., सिमरा (गल्भनाइज पाइप, च्यानल, एंगल, पोल आदि उत्पादन)
- सूर्य पल्सेज इण्डस्ट्रिज, नेपालगंज (दाल उत्पादन)
- हुलास वायर इण्डस्ट्रिज प्रा. लि., टंकी सिनुवारी, मोरंग (गल्भनाइज र अन्य वायर समेतको उत्पादन)
- महेन्द्र मेटल फोल्ड प्रा. लि., टंकी सिनुवारी, मोरंग (किल्ला, कांटा, बार्बड, वायर, पेच, रूफिंग नेल आदि उत्पादन)

- हितेश जीपर इण्डस्ट्रिज प्रा. लि., टंकी सिनुवारी (जिप फास्नर उत्पादन)

सधैं नेपाललाई एसियाको मुकुटमणि संझने र यस देशलाई स्विट्जरल्याण्ड र जापान जस्तो विकसित बनाउनु पर्दछ भन्ने कल्पना गर्ने पूज्य बुवाज्यूको विषयमा यस पुस्तकले सूर्यलाई दियो देखाएको जस्तै झीनो र सानु प्रकाश मात्रै पार्न सकेको छ ।

पूज्य बुवाज्यूको स्वर्गवासबाट समवेदित हजारौं महानुभावहरू प्रति आभारी छु । प्रेषित समवेदनाहरू मध्येबाट केही यसमा समावेश भएका छन्। सबैको संदेश छाप्न नसकेकोमा क्षमा प्रार्थी छु ।

यस पुस्तकलाई प्रस्तुत गर्न बडो परिश्रम र लगनशील भै सहयोग गर्ने श्री नारद ओझालाई हृदय देखि धन्यवाद दिन्छु ।

भाइ हुलासको अथक परिश्रम र सहयोग चिरस्मरणीय छ, साथै चि, भानिज ज्ञानचन्द दूगडको सहयोग पनि कम महत्वको छैन, अन्य सहयोगीहरू प्रति पनि आभार ज्ञापन गर्दछु ।

- हंसराज गोल्छा

विराटनगर
१९ नोभेम्बर १९८८
४ मार्ग २०४५ साल

निराशा जीवनको सबभन्दा ठूलो समस्या हो र आत्म-विश्वास सबभन्दा ठूलो शक्ति हो ।

सबभन्दा ठूलो भूल हो भूललाई भूल न मान्नू ।

- युगप्रधान आचार्यश्री तुलसी

दुइ शव्द

कर्मवीरको अन्तिम-यात्रा नामक यस पुस्तकलाई प्रस्तुत गर्ने र दुई शव्द लेख्ने अभिभारा मैले पाएको छु। यसका मूल लेखक पुस्तकका मूल नायक स्वर्गीय रामलाल गोल्छाका जेष्ठ सुपुत्र श्री हंसराज गोल्छाज्यू हुनु हुन्छ तथापि म बाट परिष्कृत यस पुस्तकले स्वर्गीय रामलालज्यूका धर्म, कर्म, व्यापार, उद्योग, उद्यम, शिक्षा, सेवा, परोपकार, दान, साधना, राष्ट्र-प्रेम आदि अनेक विषयमा संक्षिप्त रूपले भए पनि प्रकाश पार्नेछ भन्ने मैले ठानेको छु।

प्रस्तुतीकरणको क्रममा लामो समय लागे पनि गोल्छा प्रतिष्ठानका संस्थापक श्री रामलाल गोल्छा विषयक अनेकौं यस्ता बहुमूल्य सामग्री हेर्न र पढने मैले मौका पाएं, त्यसबाट मलाई यस पुस्तकको माध्यमबाट मूल चरित्रको बारेमा लेख्न पाएकोमा खुसी लागेको हो । तर रामलालज्यूका बारेमा नयां नयां र प्रसंशनीय सामग्रीले मलाई प्रभावित पारेको थियो र उहांको सान्निध्य र सामीप्यबाट मैले समाज सापेक्ष धेरै कुरा दोहन गर्नु पर्ने थियो, दुःख र व्यथा छ ! पार्थिव रूपले रामलालजी उपलब्ध हुनु भएन ।

हाम्रो समाजमा पनि आफ्नै पुरूषार्थले अनागतलाई प्रभाव पार्ने अनेकौ प्रतिभा विद्यमान छन् । त्यस्ता मध्ये पुस्तकका नायक पनि एउटा पात्र थिए जसले सामान्य स्थितिलाई असामान्य धरातलमा उभ्याउन संकल्प, श्रम, निष्ठा र निरन्तरता लगाएका थिए। असत्वाट सत् तिर, मृत्युबाट अमरता तिर र अज्ञानबाट ज्ञानको मार्गमा लैजाने तपोभूत साधकझै श्री रामलाल गोल्छा पार्थिव रूपले अहिले यस धरामा छैनन् तर उनले विस्तार गरेको वंशवृक्ष, उनले स्थापना गरेका सेवा र ज्ञान संस्थानहरू, उनले जग हालेर गएका व्यावसायिक र औद्योगिक अवदानहरू र उनले छोडेर गएका धर्म, साधना र आर्थिक कीर्तिमानहरू हाम्रा सामु विद्यमान छन् ।

यस प्रकार स्वर्गीय रामलाल गोल्छा अपार्थिव तर यशोजीवनमा हामीसंग निरन्तर देखिन्छन् ।

श्री रामलाल गोल्छा र उहांका सन्ततिहरूसंग मेरो सामान्य परिचय र आतमीय सम्पर्क बर्षौं देखि नै रहि आएको थियो । यस सामीप्य र सम्पर्कबाट म पनि प्रभावित

थिएं । यसो हुंदा यस पुस्तकको प्रणयन कार्यमा मैले सहयोग गर्न पाउनुलाई अदृष्टको आदेश नै हो कि भन्ने मैले ठानें र यति कोर्दा पनि मलाई सन्तोषको अनुभूति भै राखेको छ ।

यस पुस्तक सम्बन्धी कार्यमा ठूलो योगदान मूल लेखक हंसराज गोल्छाज्यू कै छ । यस अतिरिक्त अन्य कतिपय हातहरू पनि यसमा परोक्षरूपले रहेका छन् । उहांहरू प्रति कृतज्ञता व्यक्त गर्दै म निवेदन गर्दछु कि यसलाई अझ प्रखर र निक्खर बनाउन मैले सकेको छैन । स्व. रामलालज्यूका जेष्ठ सुपुत्र रामलालज्यूकै अनवरत सान्निध्य, सामीप्य र निरन्तरताका प्रत्यक्ष द्रष्टा, भोक्ता र ज्ञाता हंसराज बाबुकै सामु यो प्रस्तुतीकरण गर्ने कार्य गर्नु परेको र उहांको भाषा, सरलता र सहज ग्राह्यतालाई नै अनुवाद निम्ति अनुवर्तन गर्नु परेको हुनाले म त निमित्त मात्रै रहन पुगेको छु । तथापि यस्तो सामग्री र यस्ता अन्य कृतित्वलाई पनि समाजको सामु राखि दिने कामले देश, काल र समाज तीनैलाई प्रेरणा दिन्छ भन्ने मैले मानेको छु ।

अणुव्रत अनुशास्ता युगप्रधान आचार्यश्री तुलसीबाट प्राप्त सम्बोधनलाई यथावत् दिएर पुस्तकको उपादेयता प्रति ध्यान राखेको छु। यसर्थ पनि आचार्यश्री तुलसी प्रति श्रद्धा प्रकट गर्दछु।

नारद प्रसाद ओझा

जीवन नदीको प्रवाह जस्तो हो ।
बाँध जस्तै त्यसलाई नियंत्रित गरेर उपयोगी बनाउन सकिन्छ ।

मानसिक प्रसन्नताले बाँच्नु नै जीवनको सार्थकता हो ।

-युग प्रधान आचार्य श्री तुलसी

प्रकाशनको हेतु

वि. सं. २०१४ सालमा हामीले "गोल्छा-ज्ञान-मन्दिर" नामक संस्था बिराटनगरमा स्थापना गरेका थियौं । हाम्रो पूज्य बुवाज्यूकै निरन्तर प्रेरणाले नै सो स्थापना भएको हो। यस पुस्तकका नायक हाम्रा पूज्य पिताज्यू केही ज्ञानमूलक र आचार संगत कार्यहरूको संचालन गर्न अग्रसर गर्नु हुन्थ्यो । उहां भन्नु हुन्थ्यो - हामीले यस पवित्र माटोमा केही शिक्षा, परोपकार र अर्थतन्त्रको आधार बनाउने काम गऱ्यौं तर त्यो संगै ज्ञान, अनुशासन, धर्म र चारित्रिक उत्थानका काम भएनन् भने विकास र निर्माणका कामहरू मात्र सदा सास्वत रहन सक्तैनन् ।

उहांकै अध्यक्षतामा गोल्छा-ज्ञान-मन्दिरको स्थापना भएपछि हामीले ज्ञान-मन्दिरको क्रियाकलापलाई धार्मिक समन्वय ल्याउन परिचर्चा, पुस्तकालय-व्यवस्था, ज्ञान साहित्यको प्रकाशन र समाजमा आचार र अनुशासन कायम रहोस् भनेर अणुव्रतका प्रवृत्तिहरू चलाउने श्रृंखलाहरू शुरू गऱ्यौं ।

औद्योगिक, व्यावसायिक र सेवामूलक गोल्छा प्रतिष्ठानले व्यस्ततावश - ज्ञान मन्दिर प्रकाशन संस्थाको हेतुभूत सबै काम गर्न अपेक्षा गरिए अनुरूप भ्याएको छैन तथापि ज्ञानसभा, विचार-गोष्ठी, राष्ट्रिय महत्वका परिशीलन विषयक यथावकाश क्रिया-कलाप गर्नुका अतिरिक्त केही ज्ञान साहित्यको प्रकाशन पनि गरेको छ।

यता आएर सन् १९८३को दिसम्बर ११ तारिख अर्थात २०४० साल मार्ग २५ गतेका दिन बुवाज्यूको स्वर्गारोहण भयो । त्यसपछि पूज्य दाजु हंसराज गोल्छा (जो यस पुस्तकको मुद्रण शुरू हुन लागेकै दिन २०४५ साल मार्ग ५ गते स्वर्गारोहण हुनु भयो) ले हतार हतारमा अन्तिम यात्रा कर्मवीरकी नाम राखेर पुस्तक प्रकाशन गर्नु भयो र यसमा पनि केही तिनै सामग्री र केही बुवाज्यू विषयक अन्य सामग्री समावेश गरेर यस पुस्तकलाई प्रस्तुत गर्नु भएको थियो।

पूज्य दाजुले यस पुस्तकलाई कलेवर दिंदा भन्नु भएको थियो - हाम्राबुवाज्यूको स्मृतिमा हामीले पारिवारिक रूपमा जति नै दान धर्म गरे पनि त्यो परिवार सापेक्ष कर्म मात्र हुनेछ । यस तपोभूमिको प्रतापले एउटा सामान्य स्थितिबाट आरम्भ गरेर एक

सम्पन्न स्थितिमा पुऱ्याउन जे जति योगदान दिन सफल हुनु भएर आफूलाई परिवारको घेरा भन्दा माथि राष्ट्रकै एउटा अंगको रूपमा आत्मार्पित गर्न सफल बुवाज्यूका विषयमा सबैका निम्ति हामी किन माध्यम नहुने भनेर दाजु हंसराज गोल्छाज्यूले आशय राख्नु भयो - तब यस प्रतिष्ठानले यो पुस्तक प्रकाशन मात्र होइन गोल्छा-ज्ञान-मन्दिरलाई माध्यम बनाएर अन्य ग्रन्थ पनि प्रकाशन गर्नु उचित ठान्यो । त्यस सन्दर्भमा यो पुस्तक "त्वदीयं वस्तु तुभ्यमेव समर्पणं" को रूपमा प्रस्तुत गरिएको छ ।

बुवाज्यूले जति काम गर्नु भयो र यस पवित्र धरतीले उहांलाई जसरी आफ्नै सम्झेर माया ममता दियो, त्यसका लागि गोल्छा प्रतिष्ठान चिर कृतज्ञ छ । उहांले जे जति छोडेर जानु भयो - त्यो सबै यो देशको सम्पत्ति हो । हामी त केवल सञ्चालनका माध्यम मात्र हौं । बुवाज्यूको जीवनमा यस्ता पनि प्रसंग आए जबकि उहांको निपुणता र कार्यदक्षतालाई बाहिरी मूलुकमा पनि उपयोग गराउन अनेक परिचितहरू घच्चच्याई रहन्थे, तर बुवाज्यूको सुरूदेखि अन्त सम्म एउटै अडान थियो - जुन पुण्य भूमिले मलाई सबै थोक दिएकोछ त्यस भूमिलाई छोडेर म कहीं पनि बहकिन र लगानी गर्न चाहन्न । यहां सम्म कि आफु सिकिस्त बिरामी हुंदा पनि उहां बाहिर उपचार गराउन समेत जान चाहनु हुन्नथ्यो । त्यस्तो अवस्थामा बुवाज्यूको मानसलाई चोट परे पनि हामीले बाहिर उपचार गर्न लानु परेको थियो ।

कुन कुरामा हामीलाई पूर्वाग्रह कथन जस्तो लाग्दैन भने बुवाज्यू समष्टिमूलक व्यक्ति हुनु हुन्थ्यो ।

विकास भन्नाले भौतिक र आध्यात्मिक विकासलाई मान्नु पर्दछ, दुवै प्रकारका विकासमा अतीतका पुरूषहरूको श्रम, निरन्तरता र निष्ठा रहेकै हुन्छ । वर्तमानलाई सफल बनाउन पनि अतीतका केही गल्ती र केही सफलताजन्य अनुभवले वर्तमान पुस्तालाई सघाएको हुन्छ । निवृत्तिमूलक आध्यात्मिक विकासमा पनि अनेक सन्त, महन्त, साधु, साध्वी, ज्ञानीहरू र दार्शनिकहरूले गोरेटो तयार गरी दिएका छन् । प्रवृत्तिमूलक विकास भनेर आज भौतिक विकासका लागि संस्कार, प्रभाव, विज्ञान र तकनिक प्रति हामी भरपर्दै गएकाछौं, ती संग ज्ञान, दर्शन, सामाजिक र समन्वयमूलक संस्कृतिको तालमेल राख्न सकिएन भने व्यक्ति, व्यष्टि र समष्टि जीवन प्रवाह एकांगी हुन्छ । हुन पनि इतिहास साक्ष्य छ - कतिपय मूलुकमा तकनिकी विकास भएर पनि आध्यात्मिक सामञ्जस्य नरहंदा एउटा भीषण ज्वारभाटा आएको छ, त्यसरी नै आध्यात्मिक वैभव सम्पन्न मात्रै भएर वैज्ञानिक र तकनिकी सामञ्जस्य कायम नभएका कतिपयहरूले एकलकाँटे अस्तित्व राख्नु परेको छ । एतदर्थ विकासका लागि आध्यात्मिक र भौतिक विशेषताहरूको सामञ्जस्य हुनै पर्दछ । गोल्छा ज्ञान-मन्दिर प्रकाशनले ज्ञान विषयक र जीवनीमूलक पुस्तक प्रकाशनको लक्ष्य यसै कारण राखेको भए पनि मौजुदा स्थितिमा त्यसको विस्तार गर्न सकेको छैन । पुस्तक प्रकाशन मात्र आफैमा साध्य होइन, प्रकाशन गरेर त्यसै थन्क्याउनु पर्ने वाध्यता नहटे सम्म परिणाम प्राप्त नहुने हुनाले पहिले त यसतर्फ रूचि जगाउनु पर्ने भएको छ ।

नेपालमा पनि उद्यमी, त्यागी, समर्पित, ज्ञानी, महर्षि, दार्शनिक, चिन्तक, राजनीतिज्ञ र अर्थविद व्यक्तिहरू छन् । हामी आफै भित्रका तिनलाई आफै अध्ययन, मनन र सम्मान गर्न पछि परि राखेका छौं, कदाचित तिनीहरू अन्य भाषाबाट अनुवादित भएर आए मात्र तिनीहरूका गरिमाले हामीलाई अभिभूत पार्दछ ।

हामी आफूलाई र आफू भित्रकालाई चिनौं, तिनको सम्मान गर्न सिकौं भन्ने प्रेरणाले "निमित्त मात्र" बनाएर प्रस्तुत गरिएको यस पुस्तकले बुवाज्यूको कर्म-क्षेत्र देखि धर्म-क्षेत्र सम्मको तर संक्षिप्त यात्रालाई यसै पुस्तकमा अन्यत्र समेटेको छु ।

लाभा-लाभे सुहे दुक्खे
जीविए मरणे तहा
समो निन्दा पसंन्सासु
तहा माणावमाणओ -

हुलासचन्द गोल्छा

जरा मरण वेगेण बुज्झमाणाण पाणिणो
धम्मा दीनो मइट्ठा य गई सरणमुत्तमं
भगवान महावीर

(अर्थ)

बुढेसकाल र मुत्युको धारामा बगिरहेका प्राणीहरूको लागि
धर्मनै द्वीप, धर्म नै प्रतिष्ठा, धर्म नै गति र धर्म नै उत्तम शरण हो

कर्मवीर देखि धर्मवीर सम्म

- हुलासचन्द गोल्छा

उदय

ईस्वी सन्को उन्नाइसौं र बीसौं शताब्दीको संधिकालमा भनौं या बीसौं शताब्दीको उषा कालमा- सन् १८९८ को शरद् ऋतुको प्रारम्भ अर्थात विक्रम संवत् १९५५ को मार्गशीर्ष शुक्ल द्वितीयाका दिन मेरा हजुरबुवा श्री तनसुखदास गोल्छाज्यूको घरमा हजुरमुमा चौथांज्यूको कुक्षिबाट ७ ओटी छोरीहरू पछि माता-पिताको जीवनको उत्तरार्धमा आठौं तथा एक मात्र पुत्र-रत्नको रूपमा "कर्मवीर" श्री रामलाल गोल्छाज्यूको रूणेचा तीर्थका नाथ बाबा रामदेवज्यूको वरदान स्वरूप पूर्वी बंगालको रंगपुर जिल्लाको बेलका नबाबगंज गाउंमा जन्म भयो ।

पूजनीय हजुरबुवाको साधारण कारोबार थियो, एक्लो कार्यकर्ता हुनुहुन्थ्यो । व्यापारको स्थिति न्यून थियो र यसै बीच १५ वर्षको सानै "कर्मवीर" लाई यस विशाल संसारमा आफ्नो पुरूषार्थको परिचय दिनका लागि तथा असंख्य कठिनाईहरूसंग जुझ्नको लागि टुहुरै छाडेर बाजे तनसुखदासज्यू परलोक हुनु भयो । करीब १६ वर्षको अल्पायुमा चुरूका श्री तोलाराम डागाज्यूकी सुपुत्री धापीदेवीज्यूसंग उहांको विवाह सम्पन्न भयो। पहिले नोकरी गर्नुभयो, तर उहांको उद्यमशील र महत्वाकांक्षी मानस त्यसमा कहां रमाउनु! बंगाललाई छाडेर बिहार सोनापुर मा आफ्नै एकजना भिनाजु संग साझामा पाट तथा गल्लाको कारोवार गर्नुभयो जसबाट पनि केही उपलब्धि नभए पछि फारवेशगंज (बिहार) मा आई बिस्तार-बिस्तारै उहांले आफ्नो स्वतन्त्र कारोवार स्थापित गर्नु भयो र आशातीत सफलता मिल्यो । जब पूज्य पिताजी २५ वर्षको हुनुहुन्थ्यो त्यतिबेला पूजनीय हजुरमुमा पनि परमधाम प्रस्थान गर्नुभयो । अब त अर्थोपार्जनका साथसाथै परिवार पालनको पनि सम्पूर्ण भार कर्मवीरको कलिलो कांधमा आई पऱ्यो ।

उद्यमशीलता

युवावस्था देखि नै उहांले नेपाललाई आफ्नो कर्मभूमि बनाउनु भयो र त्यसलाई खून-पसिनाले सिंचेर अपार प्रेम छर्नु भयो । व्यवसायको दृष्टिले सन् १९२१ को आसपासमा उहांले नेपालमा प्रथम प्रवेश गर्नुभयो । मोरंग जिल्लाको दीवानगंज नामक गाउंमा पहिलो कारोवार प्रारंभ गर्नु भयो । पछि मोरंग कै एउटा सानो गाउं उहांलाई भविष्यको दृष्टिले धेरै सम्भाव्यता भएको लाग्यो - त्यो थियो विराटनगर । विराटनगर भर्खरै कहलिएको एउटा गाउं थियो जसले गोग्राहा, पोखरिया, मधुमल्ला, नेपालगंज आदि गाउंहरूको समूहलाई जनाउंथ्यो । सदरमुकाम रंगेलीमै थियो या भर्खर विराटनगरमा सरेको थियो । गाउं गाउं र रेल्वे स्टेशनका बीच भयानक जंगल भएर जंगली जनावर र औलो आदि रोगको बिगबिगी थियो । भनिन्छ, त्यसताका सबभन्दा नजिकको रेल्वे स्टेशन १३ माइल टाढा फारबिसगंजमा थियो । सीमावर्ती गाउं जोगवनी सम्म रेल्वे लाईन भर्खर बनेको थियो । यही विराटनगर यिनै कर्मवीरको योगदानको फलस्वरूप नेपालको प्रथम औद्योगिक केन्द्र बन्यो र आज पनि देशको सबभन्दा बृहत् औद्योगिक केन्द्र रहेको छ । सन् १९३६ को कुरा हो, नेपालमा सर्वप्रथम तथा श्रमिक संख्याको दृष्टिले आज पनि नेपालको सबभन्दा ठूलो उद्योग "विराटनगर जूट मिल्स लि." को स्थापना उहांकै दूरदर्शिता र अथक श्रमको फल हो । यो काम त्यस्तो समयमा गरिएको थियो जतिबेला त्यहां उद्योगको लागि आवश्यक कुनै पूर्वाधार मौजूद थिएनन् । न बैंक थियो, न बिजुली, न सडकहरू, न टेलिफोन । यहां सम्म कि नेपालमा कम्पनी कानून पनि थिएन, जुन त्यस उद्योगको स्थापनार्थ नै बनाइयो । देशको दोश्रो ठूलो उद्योग श्री रघुपति जूट मिल्स लि. को स्थापना पनि उहांकै देन हो । जूट (सनपाट) को व्यापारमा उहांले धेरै ठूलो ख्याति अर्जित गर्नु भयो । कति विशिष्ट तरिकाबाट कारोवार गर्नुभयो भने मानिसहरूले उहांलाई "जूट किंग" भन्न थाले र सारा जूट विश्वमा यही ख्याति फैलियो । जूटको विषयमा उहां संग परामर्श लिनका लागि विदेशबाट पनि मानिसहरू आउंथे । नेपालबाट सर्वप्रथम विदेशहरूमा जूटको निर्यात भयो र त्यसको शुभारम्भ पनि कर्मवीर द्वारा नै भयो ।

"कसैको नक्कल नगर्नु" उहाँको आदर्श थियो र यसै आदर्शलाई उहांले जीवनमा ढाल्नु भयो । हमेसा नयां कुराको सुरूवात गर्नु उहांको बानी थियो। देशको पहिलो उद्योग र पहिलो निर्यात व्यापारको स्थापना त उहांले गर्नु नै भयो, नेपाली बैंकमा सर्वप्रथम निर्यातको प्रतीत पत्र पनि उहांले खोलाउनु भयो । जूट प्रेस, सेलर प्रणालीको पूर्ण स्वचालित राईस मिल्स, स्टेनलेस स्टील भांडाकुडाको कारखाना, शीट गैलभनाइजिंग उद्योग आदि उद्योगहरूको देशमा सर्वप्रथम स्थापनाको श्रेय उहांलाई नै जान्छ । यसका अतिरिक्त, स्टील फर्निचर उद्योग, अनेकौं राईस मिलहरू र दाल मिलहरूको स्थापना पनि गर्नुभयो ! पाइप बनाउने साथै गैल्भनाइजिंग गर्ने स्टीलको तार बनाउने साथै गैल्भनाइजिंग गर्ने, सम्पूर्ण पार्टपूर्जा समेत यहीं बनाइने, जिप फास्टनर उद्योग र टेलिभिजन एसेम्वल गर्ने, पेच किल्ला, किला कांटा, कांडेतार आदि बनाउने उद्योगहरू संचालित भैसकेका छन् र अन्य अरू उद्योग स्थापनार्थ प्रकृया चालू छ ।

संगठन

व्यापारिक क्षेत्रमा प्राईभेट लिमिटेड कम्पनीहरूको गठन गर्नमा सर्वप्रथम रहनु भएको कर्मवीर, औद्योगिक, व्यापारिक र कल्याणकारी सेवा प्रतिष्ठानहरूको पहिलो व्यवस्थित समूह गोल्छा अर्गनाइजेशन (प्रतिष्ठान) को पनि संस्थापक भएर राष्ट्र मै परिचित मात्रै हुनु भएन अपितु उहांले नै सर्वप्रथम त्यस्तो संयुक्त लगानी (कोलोबोरेसन) को सफल प्रवर्त्तन गर्नु भयो जसमा स्वदेशी र विदेशीको समान सहभागिता र समान लगानी रहेको छ।

आज कोलोबोरेसनका अनेकौं कामहरू चलि सकेका छन् तर कर्मवीरले त्यसको सर्वप्रथम सुरूवात गरेर के प्रमाणित गरि दिनु भयो भने उद्यमीले शिक्षा लिएर मात्र होइन विकसित ज्ञानेन्द्रियको बलबाट पनि मानक उदाहरणयोग्य र वैशिष्ट्यका उद्यमहरूको स्थापना गर्न सक्छ।

समाज सेवा

गोल्छा अर्गनाइजेशनको प्रतीक चिन्हमा उद्योग, व्यापार र सेवा तीनोटै कुरा अंकित छन् । जन सेवाको क्षेत्रमा विभिन्न शैक्षणिक, स्वास्थ्य सम्बन्धी, धार्मिक, सामाजिक, साहित्यिक आदि कार्यहरूमा उहांले मुक्त हस्तले दान दिइ नै रहनु भयो । कति विद्यालय, महाविद्यालय, अस्पताल, सार्वजनिक सेवार्थ प्रतिष्ठान आदि सयौंको संख्यामा उहांको दानशीलताबाट लाभान्वित भए । गोल्छा-ज्ञान-मन्दिर, रामलालजी धापीदेवी गोल्छा चैरिटी ट्रष्ट तथा रामलाल गोल्छा नेत्र-चिकित्सालयको स्थापना यस समूह अर्न्तगत नै संचालित छन् । जैन धर्मका ग्रन्थहरूको प्रकाशन र धार्मिक अनुष्ठान एवं आयोजनाहरूमा ठूलो दान उहांले दिनु भयो ।

विचारधारा

धर्ममा दृढ विश्वास थियो, किंतु उहांको श्रद्धा अन्धो थिएन । उहां सुधारवादी हुनुहुन्थ्यो। कट्टरता र रुढीवादको हिमायती कहिले पनि रहनु भएन । उन्नाइसौं शताव्दीमा जन्मिनु भयो, शिक्षाको अभाव थियो - तर पनि विचारहरूमा आधुनिकता कस्तो थियो भने उहां विद्वानहरू भन्दा पनि कैयौं कदम अगाडि रहनु हुन्थ्यो । छुवाछूत, सामाजिक कुरुढीहरू र आडम्वरको उहां डटेर मुकाबला गर्नुहुन्थ्यो । दहेज प्रथालाई प्रश्रय दिनु हुन्नथ्यो । धर्माचरण तथा धार्मिक मान्यताहरूको विषयहरूमा पनि उहांका धेरै उन्मुक्त तर सन्तुलित विचारधारा रहन्थे । अनेकौं साधु-सन्त तथा स्वयं गुरूदेव आचार्यश्री तुलसीले पनि उहांको सुस्पष्ट विचारधारा प्रति समय समयमा अनुकूल प्रतिकृया व्यक्त गर्नु भएको छ ।

G5606



वि. स. २००८ सालमा राष्ट्रपिता स्व. श्री ५ त्रिभुवनबाट विराटनगर मा कलेज को शिलान्यास गरिबक्संदा। तत्कालीन युवराजाधिराज श्री ५ महेन्द्र उपस्थित होइबक्सन्छ। शिक्षाप्रेमी कर्मवीर ज्यू चित्रमा बायाँपट्टि उभिनु भएको छ।







कर्मवीरद्वारा देवकोटा स्मारक निर्माण।

महेन्द्र मोरङ्ग क्याम्पसमा निर्मित रामलाल गोल्छा छात्रावासमा टाँसिएको शिलालेख।

प्रामाणिकता

कारोवारमा अणुव्रत अनुरूप प्रामाणिकतालाई उहांले सधै प्रमुखता दिनु भयो । आफ्नो अधीन काम गर्नेहरूलाई सदा उहां राज्य निषिद्ध तथा लोकापवाद-जनक कार्य कदापि नगर्न उपदेश तथा निर्देशन दिइरहनु हुन्थ्यो र जसको अद्यापि पालन भैरहेको छ । यही कारणले हो कि आज सम्म यस अर्गनाइजेशनको कहिले पनि कुनै घोटाला र अनियमित व्यापारमा नाम आएन र सबै पक्षबाट यसलाई राम्रो दृष्टिबाट हेरिदैछ।

सेवा

अर्काको सेवा गर्नमा तथा अतिथि सत्कारमा उहांलाई बडो आनन्द आउंथ्यो । सेवा गर्नु उहांको सोख थियो तर अरूबाट सेवा लिन उहां कहिल्यै चाहनु हुन्नथ्यो। सदा यही प्रार्थना गर्नु हुन्थ्यो कि भगवन मलाई कहिले पनि सेवा लिन बाध्य हुनु नपरोस् र लाग्दछ, यही कारण थियो कि सेवा लिने स्थिति आयो त शरीरै छाडेर जानु भयो ।

देशभक्ति र राजभक्ति

देशभक्ति र राजभक्ति उहांमा अविच्छिन्न रूपमा रह्यो । नेपालको राजसंस्थाको तीन पिढींको स्नेह भाजन बन्नुमा पनि यही कारण थियो।स्वर्गीय राष्ट्रपिता **श्री ५ त्रिभुवन**का उहां कृपापात्र हुनुहुन्थ्यो भने स्वर्गीय **श्री ५ महेन्द्र सरकार** उहांलाई असीम स्नेहपूर्ण अनुकम्पा राखि बक्सिन्थ्यो । उहांलाई हेर्ने वितिकै सरकारको चित्त प्रसन्न हुन्थ्यो र उहां जहिले पनि दर्शन भेटको समय माग्नु हुन्थ्यो । सरकारबाट कृपापूर्वक समय प्रदान गरिबक्सिन्थ्यो । सरकारबाट मौसुफको जीवनको अन्तिम वर्षमा उहांलाई "प्रबल गोरखा दक्षिण बाहु" को मान-पदवीले विभूषित गरिबक्सेको थियो । राष्ट्रनायक **श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार**बाट पनि उहां माथि विशेष अनुकम्पा राखिबक्सियो । श्री ५ युवराजाधिराज होइबक्सिंदा सरकारबाट दुइ चोटि स्वयं गोल्छा अर्गनाइजेशन अर्न्तगतका कारखानाहरू निरीक्षण गरिबक्सियो र राज्यारोहण पछि पनि कैयौं पटक सरकारबाट दर्शन-भेट प्रदान गरिबक्सियो । पूज्य पिताजीको जीवनको अन्तिम वर्षमा सरकारबाट उहांलाई सुप्रसिद्ध प्रबल गोरखा दक्षिण बाहु (प्रथम श्रेणी) को अत्युच्च मान-पदवीले विभूषित गरिबक्सियो ।

भ्रमण

उहां सदा भ्रमणशील हुनुहुन्थ्यो । भ्रमणद्वारा उहांले अपरिमित ज्ञान आर्जित गर्नु भयो तथा वृहत् सम्पर्क कायम गर्नु भयो । उहांले विश्वका अनेकौं महत्वपूर्ण देशहरूको कैयौं चोटि भ्रमण गर्नुभयो जसमध्ये रूस, अमेरिका, क्यानाडा, ब्रिटेन, जर्मनी, फ्रान्स, स्पेन, बेल्जीयम, हलैण्ड, ग्रीस, इटली, पोल्याण्ड, चेकोस्लोभाकिया, इजिप्ट, इरान,

पाकिस्तान, बंगलादेश, थाइलैण्ड, हङकङ, जापान प्रमुख छन्। भाषागत समस्याको वास्तै नगरी एक पटक त उहांले एक्लै तेहरान र लन्दनको यात्रा गरी व्यापार समेत गर्नुभयो नेपाल र भारतका टाढा टाढाका ठाउँ र प्रदेशहरू पनि उहांले भ्रमण गर्नुभयो। सारा विश्वमा उहांले यस्तो व्यापारिक ख्याति अर्जित गर्नु भयो कि ठूल-ठूला बहुदेशीय कम्पनीहरू उहांलाई औद्योगिक ऋृण दिनका लागि लालायित रहन्थे । यसको ज्वलन्त उदाहरण उसबेला हेर्न पाइयो जब हाम्रो एउटा कारखानालाई करीब १२ लाख डलरको ऋृण विना कुनै ग्यारेण्टी एउटा जापानी कम्पनीले प्रदान गऱ्यो ।

भाषा

यद्यपि स्कूली शिक्षा उहांले विशेष प्राप्त गर्नु भएन तथापि आफ्नो बाल्यकालमा बंगला भाषाका साथै बंगला लिपिमा उहांको राम्रो दक्खल थियो । नेपाली, हिन्दी, राजस्थानी, गुजराती आदि भाषाहरू बोल्न र देवनागरी, ओडिया तथा अंग्रेजी लिपि लेख्न सक्षम हुनुहुन्थ्यो । अंग्रेजी भाषामा कुरा गर्न उहांलाई आउंदैनथ्यो तर आवश्यकीय अनेक शव्दहरूको संग्रह उहांको मस्तिष्कमा थियो जसबाट तथा संकेतहरूको बलले विदेशीहरू सित वार्तालाप गर्नमा समर्थ हुनुहुन्थ्यो ।

सोख

उहांको रहन सहन अत्यन्त सादा थियो । त्यसका साथै उहांको सोखिीनपना पनि प्रसिद्ध थियो । युवावस्थामा पौडिनु, घोडचढी, साइकल हांक्नु उहांका सोख थिए भने ढल्कंदो उमेरमा खानु र ख्वाउनु, सुगन्धित द्रव्यहरूको प्रयोग गर्नु, ठटाएर हांस्नु, विनोदपूर्ण वार्तालाप गर्नु आदि साधारण स्वभाव थिए । गुलाबको फूल उहांलाई अति नै मन पर्दथ्यो जसलाई उहांले अक्सर धारण गर्नु हुन्थ्यो । साधारण जस्तो स्थितिमा (वि. सं. २००० अगावै) पनि उहां मोटरकार राख्नु हुन्थ्यो । विराटनगरमा सम्भवतः पहिलो कार उहांले नै मगाउनु भएको थियो । पुरानो चीजहरूसँग उहांको सदैव प्रेम रहन्थ्यो। एकचोटि कुनै दरबारबाट पुरानो सजावटका बहुमूल्य सामग्री सस्तो मोलमा कति किन्नु भयो भने घरमा राख्ने स्थान नै भएन । उहाँ दान पनि दिनु हुन्थ्यो । भन्नु हुन्थ्यो "राम्रो काममा खर्च गर्नाले धन घट्दैन" । घर बनाउनु पर्दा खर्चको हिसाब गर्नु हुन्नथ्यो । खरीदारीमा उहांको सबभन्दा ठूलो सोख थियो । व्यापारार्थ होस या घरेलु प्रयोगको लागि वस्तुहरू किन्न थाल्नु हुन्थ्यो त दिल खोलेर नै किन्नु हुन्थ्यो । उहांको अर्को ठूलो सोख थियो निर्धन असहायहरूलाई मदत गर्नु । यद्यपि अकर्मण्य व्यक्तिलाई उहां मन पराउनु हुन्नथियो तर असहाय व्यक्तिको दुःख भने तुरन्त बांड्नु हुन्थ्यो । जन्मको ७५ औं वर्ष पूरा भएको समारोह देखि नियमित रूपमै हरेक साल उहांको जन्मदिनमा सैयौं गरीबहरूलाई भोजन गराइन्थ्यो तन्ना लुगा, कम्बल आदि दिइन्थ्यो । आफनो हातले बांडदा उहांलाई आत्मसंतोष मिल्दथ्यो । स्वर्गारोहण पछि उहांको सूटकेसबाट एउटा इच्छा पत्र भेटियो जसमा लाखौंको दान दिनका लागि निर्देशित सूचि थियो । ज्योतिषको सोखलाई उहांले आवश्यकताको रुप दिनु भएको थियो ।

शुभ साइत हेर्न उहां कति दक्ष हुनुहुन्थ्यो भने ठूल-ठूला पण्डितहरूले उहांलाई तगडा मान्नु पर्दथ्यो। धेरै वर्षसम्म होमियोपैथिक तथा वायोकेमिक औषधिहरू पनि रोगीहरूलाई दिएर कष्ट मुक्त गराउंदा उहांलाई बडो सन्तोषानुभूति हुन्थ्यो ।

स्वास्थ्य

किशोरावस्थामा उहांको जीवनमाथि धेरै प्रकारका खतरा आइ परे । एकचोटि सिकिस्त बिरामी पनि हुनु भएको थियो । तर युवावस्थादेखि उहांको शरीर स्वस्थ रह्यो। ६ फिट भन्दा अग्लाई र हृष्ट-पुष्ट शरीरले गर्दा उहांको व्यक्तित्व बडो आकर्षित देखिएको थियो । आवाज पनि बडो उच्च र ओजस्वी थियो जसलाई इनकार्नु सजिलो थिएन । स्थूल-काय रहेपनि उहां रक्तचाप, मधुमेह, पेटको रोग, हृदय रोग, गठिया-वात आदि (जुन धनीहरूका आम रोग छन्), तिनदेखि उहां सर्वथा मुक्त हुनुहुन्थ्यो । हो, वृद्धावस्थामा उहांलाई घुंडाको व्यथाले धेरै सताउन लागेको थियो । केही साना-तिना अन्य कायिक कष्ट पनि आइ परे । ८२ वर्षको उमेरमा अचानक उहांको स्मरण शक्ति विलुप्त प्राय भएको थियो । सबै चिन्तित थिए तर एउटा साधारण औषधिले चमत्कार गर्‍यो र पूर्ववत हुनु भयो । दिवंगत हुनुभन्दा २ महिना पहिले अचानक बिना धक्काले उहांको हात टुट्यो त्यतिबेला थाहा भयो कि उहांलाई मल्टीपुल माइलोमा अर्थात हड्डीको क्यान्सर भएको रहेछ । यसै रोगको उपचारको सन्दर्भमा बैंककका डाक्टरहरूले केही अत्युपचार गरे र त्यही निरन्तर कमजोरीको कारण बनी शरीर शान्त गर्ने कारण बन्यो ।

धर्म

जैन धर्ममा उहांको अगाध श्रद्धा थियो । अणुव्रत अनुशास्ता युगप्रधान आचार्यश्री तुलसीको उहां अनन्य भक्त रहनु भयो । धर्मशासनको सेवामा र धर्म ग्रन्थहरूको प्रकाशनमा उहांले तन, मन, धनले योगदान दिनु भयो । नेपालमा अणुव्रतको प्रचार-प्रसारमा उहांको सर्वाधिक योगदान रह्यो । धर्मलाई उहांले केवल विचार सम्म मै सीमित राख्नु भएन बरू त्यसलाई आफ्नो जीवनमा सही रूपमा उतार्नु भयो । असद्व्यवहार, झूठ, कपट, ईर्ष्या, माया र मोहदेखि उहां सदा बच्नु हुन्थ्यो । शील, करूणा, गरिबहरू प्रति दया उहांका नैसर्गिक गुण थिए । क्रोध अति आउंथ्यो, तर २।४ मिनेट मै शान्त हुनुहुन्थ्य । सानो उमेरमै लिनु भएका सम्पूर्ण व्रत नियमहरूको उहांले आजीवन निर्वाह गर्नुभयो । ४५ वर्षको उमेरमा पत्नी-वियोग हुंदा सामाजिक दबाबमा परे पनि उहांले पुनः विवाह गर्नु भएन र ४० वर्षको ब्रम्हचर्य साधनाले उहांको जीवनलाई ज्योतिर्मय बनाइ दियो । आजीवन धन वैभव प्रति अनासक्त रहनुका साथै ऐश्वर्यको उपभोग देखि बचि नै रहनु भयो । रहन-सहन अत्यन्त सरल थियो । आवश्यकतादेखि अधिक वस्त्र आदि केही पनि आफ्नो लागि राख्नु हुन्नथ्यो । यस्तो अपरिग्रही जीवन थियो उहांको । लाभ-हानिमा असामान्य सहिष्णुता थियो । भयंकर अग्निकांडमा करौडौंको सम्पत्ति स्वाहा भएकोमा कति पनि विचलित न भै धीर-वीर

बनिरहनु भयो । जप-तप आस्थापूर्वक आचरित गर्नु हुन्थ्यो । महीनामा २।३ चोटि उपवास सामान्यतया गर्नु हुन्थ्यो । नियमित सामायिक (जैन विधिको दैनिक साधना) तथा स्वाध्यायलाई उहांले बिरामी अवस्थामा पनि छोडनु भएन, बरु बढाउनु भयो । सायं प्रतिक्रमण (जैन विधिको स्वयंको आलोचना) को क्रम पनि जोडनु भयो । अन्तिम दिनहरुमा असह्य वेदनाका क्षणमा पनि असीम सहिष्णुताको परिचय दिनु हुंदै प्रशान्त मुद्रामा ओठ र औंलाहरूमा नमस्कार महामन्त्रको जप निरन्तर चलाइ रहनु हुन्थ्यो। यस्ता समताधारी धर्मवीरले अन्तमा ७ मिनेटको संलेखना संथारा (जैन विधिमा मृत्यु पूर्वको अनशन) गरेर पण्डित निधन प्राप्त गर्नु भयो । यस प्रकार उहां कर्मवीर देखि धर्मवीर बन्नु भयो र परमाराध्य गुरुदेव आचार्यश्री तुलसीले उहांलाई मरणोपरान्त "शासन भक्त" को सम्बोधनले अलंकृत गर्नु भयो ।

अस्तु

ई सन् १९८३ दिसम्बर ११ तारिखका दिन ११ बजेर ११ मिनेटमा कलकत्ताको बेलव्यू नर्सिग होममा उपचार हुंदाहुंदै दिवंगत हुनु भयो । उहांको पार्थिव शरीरलाई कर्मभूमि विराटनगर (नेपाल) मा ल्याएर दाह-संस्कार दिनांक १२ दिसेम्बरका दिन सम्पन्न गरियो । दाह संस्कार पूर्व प्रातःकाल हजारौं धनी-गरिब, बालवृद्ध, असंस्कृत-सुसंस्कृत नर-नारीहरूले उहांको अन्तिम दर्शन गरेर भाव विभोर श्रद्धाञ्जली अर्पित गरे । शवयात्रामा पनि हजारौं व्यक्तिहरू सम्मिलित थिए । यो थियो, उहांको कृतित्वको सम्मान! यो थियो, उहांको आवंटित स्नेहको पुनर्दान !

> जस्ले आफ्नो अज्ञानता जान्दछ ।
> उही नै सबभन्दा ठूलो ज्ञानी हुन्छ ।
>
> एकलाई विजित गरेमा सबै विजित हुन्छन् ।
> त्यो एक हो आफ्नो आत्मा ।
> -युग प्रधान आचार्य श्री तुलसी

उल्लेख्य घटनाक्रम

गोल्छा अर्गनाइजेशन (नेपाल) का संस्थापक एवं जीवन पर्यन्त सक्रिय अध्यक्ष श्री रामलाल गोल्छाज्यूको जीवनका उल्लेख्य घटनाक्रम

	ई. सन्
* स्व़ तनसुखदास गोल्छाज्यू र श्रीमती चौथांजीको आठौं सन्तान, एकमात्र पुत्ररत्नको रूपमा जन्म--	१८९८
* चुरु (राजस्थान) निवासी स्व. तोलाराम डागाज्यूकी सुपुत्री कुमारी धापीदेवी सित शुभ विवाह--	१९१४
* नेपालमा बसोबास--	१९२१
* उहांबाट गोल्छा अर्गनाइजेशनको बीजरूप प्रतिष्ठान हंसराज हनुमानमल (हाल हंसराज हुलासचन्द एण्ड कं. प्रा. लि.) को स्थापना--	१९३१
* उहांको अथक परिश्रमबाट नेपालको पहिलो उद्योग बिराटनगर जूट मिल्स लि. (जुन श्रम बलको दृष्टिले हालसम्म पनि नेपालको सबभन्दा ठूलो उद्योग मानिन्छ) को स्थापना--	१९३६
* पत्नी वियोग--	१९४३
* उहांको महत्वपूर्ण हिस्सेदारीबाट पहिलो उद्योगको स्थापना (श्री रघुपति जूट मिल्स लि.)--	१९४६
* उहांबाट शुभारम्भ भएको नेपालको कच्चा जूटको पहिलो समुद्रपार निकासी--	१९४७
* स्व. श्री ५ त्रिभूवनका बाहुलीबाट उहांद्वारा प्रस्तावित कलेजको असीम कृपापूर्वक शिलान्यास गरिबक्सी अनुगृहित गरिबक्सेको--	१९५१
* उहांबाट नेपालको पहिलो जूट प्रेसको संचालन--	१९५९

* समुद्रपारका मुलुकमा सर्वप्रथम पक्का बेल्समा नेपालको कच्चा जूट निकासी-- १९५९
* नेपाल बैकमा पहिलो पल्ट निर्यातको लागि प्रतीत पत्र खोल्ने व्यवस्था उहांबाट भएको-- १९५९
* नेपालको पहिलो स्वचालित सेलर टाइप चामल कारखानाको स्थापना गर्नु भएको-- १९६०
* संसारका विभिन्न मुलुकहरूसंग व्यापार विविधिकरण गर्ने उहांको सुविचारलाई श्री ५ को सरकारले स्वीकार गऱ्यो र उहांकै अथक प्रयासले गर्दा निकासी आकर्षणहरू (बोनस प्रणाली) को व्यवस्था भएको-- १९६२
* उहांले संसारका विभिन्न देशको परिश्रमपूर्वक पहिलो भ्रमण गर्नु भै नेपालको जूट र जूटका तैयारी मालहरूको निकासी प्रवर्द्धनमा महत्वपूर्ण योगदान गर्नु भएको-- १९६३
* उहांले नेपालको प्रथम स्टेनलेस स्टील भांडा वर्तनको कारखानाको स्थापना गर्नु भयो । तत्कालीन माननीय उद्योग मन्त्री श्री वेदानन्द झाबाट सो को समुद्घाटन भएको-- १९६३
* उहांले विदेशी मुलुकसंग नेपालको प्रथम आधुनिक वार्टर व्यापार प्रणालीको शुभारम्भ गर्नु भएको-- १९६५
* **श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार** (तत्कालीन श्री ५ युवराजाधिराज) बाट गोल्छा अर्गनाइजेशनका विभिन्न उद्योगहरूको कृपापूर्ण भ्रमण गरी अनुगृहित गरिबक्सेको-------------------------------- १९६५
* **श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार** (तत्कालीन श्री ५ युवराजाधिराज) बाट संयुक्त अधिराज्य बेलायतका दि ड्यूक अफ एडनवर्ग (प्रिन्स फिलिप) का साथमा हुलास मेटल

क्राफ्टस प्रा. लि. को कृपापूर्ण
भ्रमण गरिबक्सी अनुगृहित गरिबक्सेको---------------------------------- १९६५

* महेन्द्र मोरंग क्याम्पसको लागि
सर्वप्रथम निजी खर्चबाट पूरै छात्रावास
निर्माण गराई "श्री रामलाल गोल्छा
छात्रावास" को तत्कालीन सम्माननीय
प्रधानमन्त्री श्री सूर्यबहादुर थापाबाट
समुद्घाटन गराउने सुअवसर प्राप्त------------------------------------- १९६७

* **स्व. श्री ५ महेन्द्रबाट** कोशी अंचल
अस्पताल अन्तर्गत श्री रामलाल गोल्छाबाट
निर्मित सर्जिकल ब्लकको कृपापूर्ण
समुद्घाटन गरी अनुगृहित
गरिबक्सेको--- १९७०

* **स्व. श्री ५ महेन्द्रबाट** असीम निगाहपूर्वक
प्रबल गोरखा दक्षिणबाहुको मानपदवीले
विभूषित-- १९७१

* **श्री ५ मुमा बडामहारानी** रत्न राज्य लक्ष्मी
देवी शाह सरकार (तत्कालीन श्री ५
बडामहारानी) का बाहुलीबाट सिफल
काठमाडौंको बाल व्यवसायी केन्द्रको
रामलाल गोल्छा भवनको कृपापूर्ण
समुद्घाटन गरिबक्सी अनुगृहित
गरिबक्सेको--- १९७१

* श्री हनुमान इण्डष्ट्रीज, विराटनगरमा
भीषण आगलागी भै करोडौं रुपैयाको
विशाल क्षति भयो तर यसले उहांलाइ
कतिपनि विचलित पार्न सकेन बरू यसलाई
सहजतापूर्वक सहन गर्नु भयो--- १९७६

* उहांबाट रामलाल गोल्छा नेत्र
चिकित्सालयको शिलान्यास-- १९८१

* **श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी
देवी शाह** सरकारबाट सिफल, काठमाडौंमा
श्री रामलाल गोल्छा विद्यालय भवनमा
उहांबाट नवनिर्मित थप तल्लाको
कक्षाहरूको कृपापूर्ण निरीक्षण भ्रमण
गरिबक्सी अनुगृहित गरिबक्सेको-------------------------------------- १९८१

* **श्री ५ महाराजाधिराज वीरेन्द्र वीर
विक्रम शाहदेव** सरकारको संभ्रान्त

सान्निध्यमा श्री ५ ः बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारका
बाहुलीबाट विराटनगरमा रू. १५ लाखको
लागतबाट बनाइएको रामलाल गोल्छा
नेत्र चिकित्सालयको कृपापूर्ण
समुद्घाटनद्वारा अनुगृहित
गरिबक्सेको-- १९८३

* **श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव** सरकारबाट असीम
निगाहपूर्वक
सुप्रसिद्ध प्रबल गोरखा दक्षिण बाहु (प्रथम)
को मानपदवीबाटविभूषित--------------------------------------- १९८३

* उहांले पहिलो चोटि नेपालको गैर
सरकारी क्षेत्र र विदेशी गैर सरकारी
क्षेत्र बीच संयुक्त लगानीको शुभारम्भ
गर्नु भयो र नेपालमा पहिलो पल्ट
विदेशी बहुदेशीय प्रतिष्ठानबाट कुनै
सरकारी वा बैंकिंग सुरक्षण बिना नै
झण्डै १२ लाख डलरको ऋृण लामो समय
सम्मको लागि प्राप्त गर्नु भएको------------------------------------- १९८३

* उहांले गोल्छा अर्गनाइजेशनको प्रथम
ठूलो उद्योग एवं नेपालको प्रथम शीट
ग्याल्भनाइजिंग तथा कर्कट पाता
बनाउने उद्योगको १९८२मा शिलान्यास
गर्नु भै संचालन गर्नु भएको--------------------------------------- १९८३

* उहांलाई अक्टोवरमा मल्टीपुल माइलोमा
नामको रोगले ग्रसित गर्‍यो र यसैको
परिणतिले दिसेम्बरमा दिवंगत हुनु
भएको-- १९८३

* उहांका आध्यात्मिक गुरुदेव अणुव्रत
अनुशास्ता युगप्रधान आचार्यश्री तुलसीबाट
उहां मरणोपरान्त "शासन-भक्त" को उच्च
सम्मानले विभूषित हुनु भएको ।

कर्मवीर
को
अन्तिम-यात्रा

महान् आत्माको अन्तिम धर्म-यात्रा

मनुष्य यथार्थमा एउटा यात्री नै हो जस्तो लाग्दछ । गर्भ देखि मनुष्यले यात्रा प्रारम्भ गर्दछ । यस सिलसिलामा मनुष्यको जन्म देखि देहान्तसम्मका यात्राहरू बर्णन गर्न सकिन्छन् ।

धर्मशास्त्रका अनुसार देहान्त पछि पनि अर्को यात्रा सुरू हुन्छ, तर त्यस अव्यक्तलाई मानिसले व्याख्या गर्न जानेको छैन, थाहा पाएको छैन, किन भने देहान्त पछि पनि यात्रा हुन्छ भने त्यो मानवीय सीमा भन्दा माथि हुन्छ ।

२०३९ साल चैत्र ५ गते मैले पूज्य बुवाज्यूसँग धर्मयात्रा प्रारम्भ गरेको थिएं, त्यो यात्रा अन्ततोगत्वा अन्तिम यात्रा हुनेछ भन्ने मैले कल्पना नै गरेको थिइन । यसो त मैले पूज्य बुवाज्यूसँग विभिन्न प्रयोजनका लागि कैयौं यात्रा गरेको थिएं ।

युगप्रधान पूज्य गुरूदेव आचार्यश्री तुलसीको दर्शन सेवाका लागि हामीले अहमदाबाद जाने संकल्प गरेका थियौं ।

अतएव सपरिवार हामीले माथिको मितिमा काठमाडौंबाट अहमदाबादका लागि यात्रा प्रारम्भ गऱ्यौं ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेव सरकारबाट बुवाज्यूलाई सुप्रसिद्ध प्रवल गोरखादक्षिण-बाहु (प्रथम) मान पदवीको निगाह बक्स भएपछि बुवाज्यूको पहिलो गुरू दर्शनको मौका थियो यो ।

हामी दुःख-सुखका हरेक अवसरमा अरिहन्त भगवान्को उपासना र पूज्य गुरूदेवसँग सम्बोधन, शिक्षा र उपदेश लिने गर्दछौं ।

यही रीति अनुसार गुरूदेवको दर्शन सेवाको यस अवसरबाट बुवाज्यू अत्यन्त प्रफुल्ल देखिनु हुन्थ्यो । श्रावक (गृहस्थ शिष्य) बुवाज्यूले श्री ५ बाट मान-पदवी प्राप्त गर्नु भएकोमा पूज्य गुरूवरले प्रसन्नता व्यक्त गर्दै आफ्नो मंगल प्रवचनमा यसरी आशीर्वाद दिनु भयो ।

"हामी कहाँ व्यक्तिहरूको मूल्यांकन गर्ने पनि प्रचलन छ। व्यक्तिहरूको मूल्यांकनको अर्थ के हो भने आर्थिक दृष्टिले सम्पन्न होस् वा आर्थिक दृष्टिले एकदम विपन्न होस्, तर गुणले सम्पन्न व्यक्तिको मूल्यांकन हुन्छ। अर्थको

दृष्टिले होइन, गुणको दृष्टिले व्यक्तिको मूल्यांकन हुनु पर्दछ। आनन्द श्रावक* गुण सम्पन्न थिए, अर्थ सम्पन्न पनि थिए। यसै दृष्टिबाट हो नेपाल निवासी श्रावक रामलाल गोल्छाज्यू आज हाम्रो सामु उपस्थित हुनु हुन्छ। यहाँले चौरासी पार गरि सक्नु भएको छ। चौरासीलाई नाघि सक्नु भएको छ। अब उहाँलाई चौरासीमा किन आउनु पर्ला ?

''हो। वास्तवमा उहाँले आफ्नो जीवनमा उदाहरण प्रस्तुत गर्नु भएको छ। जुन समय, उहाँ नेपाल जानु भएको थियो कति कष्टप्रद अवस्थामा जानु भएको थियो, कुन् स्थितिमा जानु भएको थियो, तर आज उहाँ नेपाल अधिराज्यमा उच्चतम उद्यमी मानिनु भएको छ। यो उल्लेख गराइको तात्पर्य के हो भने जन-साधारणले यसको उदाहरण लेओस् कि प्रयत्न गरेमा साधारण व्यक्तिको जीवन कहाँ देखि कहाँसम्म पुग्दोरहेछ । आर्थिक दृष्टिले सम्पन्न हुनु कुनै ठूलो कुरो होइन। नेपाल नरेशबाट ''सुप्रसिद्ध प्रबल गोरखा दक्षिण बाहु'' (प्रथम) को सम्मानपूर्ण मान-पदवी उहाँलाई बक्स भएको छ। सामाजिक दृष्टिले सबैको लागि यो गौरवको कुरो हो किन भने प्रारम्भ देखि लिएर अहिलेसम्म उहाँले धर्म प्रति आफ्नो समर्पण बराबर राख्नु भएको छ। आफ्नो परिवारलाई पनि ''धर्मका सम्मुख होऊ -कल्याण हुनेछ- धर्मबाट विमुख हुँदा कदापि कल्याण हुने छैन'' भन्ने उहाँ शिक्षा दिने गर्नु हुन्छ। उहाँ श्रद्धाका विशिष्ट धनी हुनुहुन्छ। यसै श्रद्धाको कारणबाट नै अहिलेसम्म बाँच्नु भएको छ, हिंडडुल गरी रहनु भएको छ। ठूलो शक्ति छ श्रद्धामा। म के चाहन्छु भने समाजमा यस्ता व्यक्तिहरूलाई राज्यबाट उचित सम्मान प्राप्त हुनु हरेक दृष्टिबाट गौरवको कुरो हो। अझ बढी गौरवको कुरो के छ भने यस मंचमा, जसलाई कुनै पुरस्कार प्राप्त भएको छ, आज यहाँका मानिसहरूले, खास गरी अणुव्रत समितिका कार्यकर्ताहरूले-उहाँको आकलन गरे। व्यक्तिहरूको आकलन गरिने कुरा समाजको लागि एउटा राम्रो पद्धति हो।

''म के चाहन्छु भने रामलालज्यूका परिवारमा जति पनि साना-ठूला सदस्यहरू छन् तिनीहरू सबैले यिनको अनुकरण गरून् र धर्म एवं धर्म-संघ प्रति आफ्नो समर्पण र योगदान बरोबर राखी रहून्। यहाँ बसी राखेका यिनका यी जेठा छोरा हंसराज यति संकोचशील छन् कि उठनै चाहंदैनन्। सम्पूर्ण काम यिनले नै सम्हाली राखेका छन्। अर्का छोरा हुलास छन्। उनी पनि विभिन्न काममा संलग्न छन्। दुवै छोराहरू राम्रा छन् तथा धर्म प्रति निष्ठावान् छन्।

*आनन्द श्रावक जैन धर्मका अन्तिम तीर्थं कर भगवान महावीरका प्रमुख श्रावक (गृहस्थ शिष्य) हुनु हुन्थ्यो।

यस प्रकार यो आजको कार्यक्रम सम्पन्न हुन्छ।''

प्रारम्भमा त्यस कार्यक्रमको संयोजन गर्दै मुनि श्री सुखलालजीले भन्नु भयोः-

''नेपालमा पनि हाम्रो अणुव्रतको कार्यक्रम चलि रहेको छ। त्यहाँ हाम्रा धेरै श्रावकहरू छन् । तिनीहरू गुरूदृष्टिलाई बुझ्दछन्, त्यहाँको शासन र राज्यसत्ता प्रति पनि तिनीहरूको ठूलो आस्था र श्रद्धा छ। म सम्झन्छु हाम्रो धर्म-संघको लागि पनि यो गौरवको कुरो हो। यस्ता मानिसहरू पनि छन्, जसले धर्म-संघको गौरवको साथ-साथै समाज र शासन सत्ताबाट पनि बेला-बेलामा ठूलो सम्मान प्राप्त गरी रहेकै छन् । तपाईहरूले हेरी रहनु भएको नै छ कि नेपाली टोपी लगाएका हाम्रा एकजना श्रावक रामलाल गोल्छाज्यू यहाँ उपस्थित हुनुहुन्छ र उहाँले पनि अणुव्रतको दृष्टिबाट प्रशस्त काम गर्नु भएको छ। हामीलाई के कुराको प्रसन्नता छ भने विदेशमा अणुव्रतको प्रचारको दृष्टिले नेपाल एउटा पहिलो क्षेत्र हो र यस दिशामा रामलालजीले नै शुभारंभ गर्नु भयो।''

यसै गरी अखिल भारतीय अणुव्रत समितिका महामन्त्री शुभकरण सुराणाले भन्नु भयोः-

''आज ज्यादै हर्षको विषय के छ भने अहमदाबादको यस पण्डालमा आचार्यश्रीको सान्निध्यमा हाम्रा समाजका वरिष्ठ श्रावक रामलाल गोल्छाज्यू र उहाँको परिवारका बारेमा केही कुरा तपाई समक्ष प्रस्तुत गर्ने अवसर पाएको छु। अणुव्रत समितिको कामले नेपाल जाँदा गोल्छाज्यूका प्रवृत्तिहरूलाई नजिकबाट देखेर मनमा सारै खुशीको लहर चलेको थियो। आचार्यश्रीको दर्शनको अवसरमा मेवाडमा पनि मैले यसको उल्लेख गरेको थिएं। आज उहाँ स्वयं उपस्थित हुनुहन्छ र यस प्रकारका श्रावक हाम्रा समाजका लागि गौरवका वस्तु हुन्। हाम्रो समाज व्यवसायी समाज हो। त्यस व्यवसायी समाजबाट गोल्छाज्यूले नेपालमा जुन औद्योगिक प्रगति गर्नु भएको छ, जुन प्रकारले नेपालमा भिज्नु भएको छ त्यसले गर्दा त्यहाँ गएर हेरेको खण्डमा उहाँ प्रति आदरको भावना स्वतः पैदा हुन्छ। उहाँले नेपालमा आफ्नो क्रिया-कलापबाट जन-जनलाई आफुतिर आकर्षित गर्नमा ठूलो सफलता र कीर्ति प्राप्त गर्नु भएको छ।''

अखिल भारतीय अणुव्रत समितिका अध्यक्ष श्री गिरीश भगवत प्रसादले उहाँको अभिनन्दन गर्दै भन्नु भयोः

''सेठ रामलालजीमा अनेक विलक्षणगुणहरू छन्। त्यसको लागि उहाँ साधुवादको पात्र हुनुहुन्छ, अभिनन्दनको पात्र हुनुहुन्छ, तसर्थ उहाँको यो अभिनन्दन गरिएको छ। उहाँले केही काम, समाज र संघका लागि गरि दिनु भएकोले

मात्र उहाँको मूल्यांकन भइरहेको छ भन्ने कुरो होइन, अपितु यो उहाँको व्यक्तित्वको मूल्यांकन हो भनी सम्झनु पर्दछ र त्यसै भावनाले मं उहाँको अभिनन्दन गर्दैछु। तपाईहरू सबैको तर्फबाट, तेरापंथी परिवारको तर्फबाट, सम्पूर्ण तेरापंथ श्रावक समाजको तर्फबाट, म उहाँको अभिनन्दन गर्नुका साथै बधाई पनि दिन्छु। अखिल भारतीय अणुव्रत समिति, उहाँको स्वागत गर्दछ। उहाँ अखिल भारतीय अणुव्रत समितिमा धेरै समय देखि ज्यादै सहयोगी रहनु भएको छ। उहाँका सुपुत्र अखिल भारतीय अणुव्रत समितिको न्यासका स्थायी न्यासी हुनुहुन्छ। उहाँले अ. भा. अणुव्रत समितिको लागि धेरै काम गर्नु भएको थियो। आज पनि उहाँ नेपालमा अणुव्रत क्लव, अणुव्रत समितिहरू आदि स्थापित गरी तिनमा सक्रिय सहयोगी रहनु भएको छ। काठमाडौंमा उहाँले "गोल्छा ज्ञान-मन्दिर" निर्माण गर्नु भएकोछ, जुन मैले स्वयं देखेको छु। मैले देखेको छु, त्यहाँ राम्रा कार्यहरू चलिरहेका छन्।

हाल का अणुव्रत इन्टरनेशनलका अध्यक्ष वरिष्ठ श्रावक श्री शुभकरण दस्साणीले पनि उहाँको अभिनन्दन गर्नु भयो।

आफ्नो अभिनन्दनको प्रत्युत्तरमा बुवाज्यूले प्रत्युत्पन्न निवेदन गर्नु भयोः-

"जय होस्, आचार्य गुरु प्रवर ! यहाँलाई प्रणाम गर्दछु, बिन्ती गर्दछु, नमस्कार गर्दछु। यहाँ अति उच्च विचारक हुनुहुन्छ, अलौकिक शक्तिवान हुनुहुन्छ। तपाईको शक्तिको कुनै सीमा छैन। यहाँ त कुनै महानपुरुष, अवतार पुरुष हुनुहुन्छ- साधारण मानिसले यहाँले गरे जस्ता महान कार्यहरू गर्न सक्दैन। तपाईको अलौकिक शक्तिको कुनै सीमा छैन। म जब यहाँको दर्शन गर्दछु, यहाँलाई देख्दछु तव मेरा रौं-रौं पुलकित भै शरीर हर्षले अत्यन्त गद्‌गद् हुन्छ। धेरै वर्ष अघिको कुरा हो' छापुरमा आचार्यश्री को दर्शन गर्दा मसंग एक जना मेरा ख्याति-प्राप्त नेपाली मित्र आउनु भएको थियो । उहाँले आचार्यश्रीलाई देखे पछि तत्कालै मलाई सोध्नु भयो- तपाईले के देख्नु भयो गुरुजीमा? मैले भने- "गुरुजी त महापुरुष हुनुहुन्छ"। उहाँले भन्नु भयो-"तपाईलाई थाहा छैन, उहाँका आँखाहरू माथि तिर छन्, दुवै आँखाको दृष्टिपटल पनि माथि तिर छ । उहाँ दिव्यदृष्टि सम्पन्न हुनु हुन्छ। तपाईलाई थाहा भएन' उहाँ ठूला योगी, तपस्वी र महान् ब्रह्मचारी एवं अवतारी पुरुष हुनुहुन्छ" । वास्तवमा मेरा मित्रले भनेका कुरा मलाई अक्षरशः सत्य लाग्यो । आज संसारमा आचार्यश्रीको जुन सुनाम छ, त्यसको कुनै तुलना हुन सक्तैन । आचार्यश्री अलौकिक शक्तिका धनी हुनुहुन्छ । साधारण मानिसले यस्ता कार्यहरू गर्न सक्तैन। जस्तै आचार्यश्री दिउँसो १२ बजेको टंटलापुर घाममा नांगै खुट्टाले विभिन्न स्थानहरूमा विचरण गर्नु हुन्छ- हामीहरू नांगै खुट्टाले अलिकति पनि हिड्यौं भने पैताला पोल्दछन्। तर यस्ता महापुरुषलाई त्यसको कुनै

आचार्य श्री तुलसीको सान्निध्यमा उपदेश श्रवणमा ध्यानमग्न पिता, पुत्र र पौत्र।
आशनारूढ आचार्य श्री तल फर्शमा स्व.रामलाल गोल्छा, पुत्र स्व.हंसराज गोल्छा, बीचमा पौत्र दिनेश गोल्छा

सम्माननीय भू.पू.प्रधानमन्त्री श्री मातृकाप्रसाद कोइराला र श्री नयनराज पाण्डेसित वार्तामा निमग्न कर्मवीरज्यू ।

वास्ता हुंदैन । कुन शक्ति हो । सबै आश्चर्यचकित छन् । कुनै जिज्ञासु व्यक्तिले आचार्यश्री संग सम्पर्क गर्‍यो भने उसको तत्कालै जिज्ञासा शान्त हुन्छ । अर्कोतिर साध्वी प्रमुखाज्यू प्रकाण्ड विदुषी हुनुको साथै सम्पूर्ण सेवा व्यवस्था गरि रहनु भएको छ। त्यसैले गर्दा तेरापंथको कीर्ति र सुयश आज संसार भरि फिंजी रहेको छ। हिजो यस मंचबाट के असाधारण कुरा देखियो भने तीस चालीस हजार दर्शनार्थीहरूको वृहत् उपस्थितिमा गुरुदेवको पूरा भाषणको क्रममा एकजना पनि उठेनन्। सबैले दत्तचित्त सुने। अहमदाबाद जस्तो महानगरमा आचार्यश्रीको यति ठूलो स्वागत र सम्मान देखेर आश्चर्य लाग्यो । यस्तो सुस्वागत साधारण मानिसको हुँदैन। यो त भगवान् महावीर स्वामीको जस्तो समवसरण हो । उहाँमा एउटा अलौकिक शक्ति छ । उहाँ असाधारण महापुरुष हुनुहुन्छ । यस्तो कुनै साधारण मानिस हुन सक्तैन । हामीले चिन्न सकेका छैनौं। उहाँको शक्तिको कुनै चिनारी छैन, उहाँलाई कसैले चिन्दैन, देखेर मात्र के भनिरहन्छ भने "आचार्य श्री हुन्, आचार्य श्री हुन्" । यी आचार्यश्री के हुन् ? आचार्यश्रीलाई तिनले मात्र बुझ्न सक्दछन् जसमा अन्तर्ज्ञान शक्ति छ । हामी आचार्यश्री संग के विंनम्रतापूर्वक प्रार्थना गर्दछौं भने- प्रभो! एक पटक नेपाल पाल्नु होस्। यहाँ नेपाल पाल्नु भएमा हाम्रो मनोरथ पूर्ण हुने थियो । मलाई हाम्रो देशमा यो बुढेसकालमा गुरुदेवको दर्शनको हार्दिक अभिलाषा छ। भगवन, एक पटक नेपाल आई दिनु पर्‍यो। यहाँ नेपाल पाल्नु भएमा जन-जनमा पवित्रता आउनेछ, नेपालमा धर्मको प्रसिद्धि बढ्नेछ। मलाई आफ्नो जीवनकालमा पूज्य गुरुदेवको गुणगान हाम्रो देशमा भएको हेर्ने सारै इच्छा छ। आचार्यश्री नेपाल पाल्नु भएमा अन्य अनभिज्ञहरूमा पनि धार्मिक जागरण आउने थियो। आचार्यश्री सबै ठाउँमा जानु भयो तर पूर्व उतराखण्डमा अहिलेसम्म पाल्नु भएन। नेपाल पाल्नु भएमा विदेशको यात्रा पनि भइ हाल्ने छ र उत्तराखण्ड सबै सिद्ध हुनेछ। भगवन् ! नेपाल पाल्नु होस्, नेपाल पाल्नु होस् भगवन्!"

अहमदाबादमा बुवाले विभिन्न धार्मिक एवम् सामाजिक संस्थाहरूलाई मुक्त-हस्तले दान दिनु भयो । धार्मिक र सामाजिक उद्देश्यले आएका कसैलाई पनि रित्तो हात फर्काउनु भएन। पूज्य बुवाज्यूले यस्ता परोपकारी कार्यहरू गरेर अत्यन्त प्रसन्नता व्यक्त गर्नु भयो।

रूणेचा (राजस्थान) का बाबा रामदेवको* पनि उहाँ अनन्य भक्त हुनुहुन्थ्यो । मेरो हजुरबा की ७ ओटी छोरी मात्रै थिइन् तर छोरो भने एउटै पनि थिएन। त्यस

*श्री रामदेव बाबा झण्डै ५०० वर्ष अघि अवतार लिनु भएका हिन्दू मुसलमान सबैको उपासनाका पात्र र प्रसिद्ध पीर हुनुहुन्छ। उहाँको जीवनकालदेखि अद्यावधिसम्म हुंदै आएका चमत्कारहरूका नीति कथाहरू सर्वत्र प्रचलित छन् ।

कारण पुत्र प्राप्तिको लागि उहाँले बाबा रामदेवजीको अनन्य सेवा र भक्ति गर्नु भएको थियो। भनिन्छ बाबाकै कृपाबाट वृद्धावस्थामा तेजस्वी सन्तानको रूपमा एउटा पुत्र-रत्नको प्राप्ति भयो, जसको नामकरण पनि बाबा कै नाम अनुसार "रामलाल" गरियो। वाल्यकालमा नै माता-पिताको स्वर्गवास भएपछि पनि रामलालज्यू आफ्नै कर्मठ क्रियाकलापले गर्दा प्रभावशाली व्यक्तित्वको धनी बन्नु भयो।

मैले आफ्नो हजुर बुवा, हजुरआमा या मामा घरको हजुर आमा, हजुर बा कसैलाई पनि देखेको थिइन किन भने बुवाज्यू केटा-केटी अवस्था देखिनै मातृ-पितृ सुखका साथै ससुरालीको सुखबाट समेत वंचित हुनुहुन्थ्यो । तीन ओटी फुफु बाहेक मामली र घर तर्फका कुनै व्यक्तिलाई पनि देखेको मलाई सम्झना छैन अथवा मेरो जन्म हुनुभन्दा धेरै अघि नै मामलीका सबै व्यक्तिहरूको स्वर्गारोहण भइ सकेको थियो। यत्रो ठूलो वियोग-बिछोड हुँदा पनि बुवा अलिकति पनि विचलित हुनु भएन र आफ्नो कर्तव्य पथमा दृढता संग बढी नै रहनु भयो। सम्भवतः यो चमत्कार पनि बाबा रामदेवको आशीर्वादको नै प्रतिफल थियो।

उहाँको मनमा यसै मौकामा बाबा रामदेवको दर्शन गर्ने भावना जागृत भयो। हामीले अहमदाबादबाट जोधपुर रेल द्वारा जानु पर्‍यो । घुंडाको असह्य पीडाको कारणले यात्रामा यता अंदाजी २ वर्षदेखि बुवा ह्वील चेयरको प्रयोग गर्नु हुन्थ्यो र प्लेनमा संगै लिएर जानु हुन्थ्यो, तर यस पालि म गुरुदेवको पवित्र दर्शन गर्न जाँदैछु आफै शक्ति आउँछ भन्ने भावनाले ह्वील चेयर साथ लान कुनै हालतमा पनि मान्नु भएन । अहमदाबादसम्म कुनै तरिकाले प्लेनबाट सकुशल पुग्यौं। अहमदाबादको अति नै लामो स्टेशनको याद अझै पनि मेरो मनमा ताजा छ। घुंडामा भयंकर पीडाको कारणले हिंड्न असमर्थ भए तापनि जोड्-तोड् लगाएर हिड्ने प्रयास गरी धेरै कठिनाई सहेर अहमदाबादको लामो प्लेटफर्ममा हिंड्दै गयौं। अथक प्रयत्न पछि बल्लतल्ल ह्वील चेयर पाइयो । बुवाज्यू अदम्य साहस साथ चालु ट्रेनमा चढ्न सफल हुनु भयो। यसरी अहमदाबाद देखि जोधपुरसम्म रेलमा हामी बल्लतल्ल आई पुग्यौं।

जोधपुरमा महासतियांजी राज हुनुहुन्थ्यो । सबभन्दा पहिले पिताजीले उहाँको दर्शन गर्नु भयो । त्यसपछि केवलराजजी सिंघी कहाँ जानु भयो। त्यहाँ उहाँका अन्य मित्रहरू पनि उपस्थित थिए, उनीहरूलाई भेटेर पिताज्यू ज्यादै प्रसन्न हुनु भयो। बुवाज्यूले केवलराजज्यू संग एकै थालमा खाना खाँदा आत्मीयताको झलक देखिन्थ्यो।

हामी जोधपुर बिहानै पुगेका थियौं । यी सबै काम गर्दा दिउँसोको ११ बज्यो। राजस्थानको दिउँसोको भयंकर गर्मीमा हामीहरू त्यहाँबाट कारमा हिंड्यौं । बाटोमा ओसिया भन्ने गाउँमा ओसिया माताको पूजा अर्चना र दर्शन गर्‍यौं । त्यहाँ दुई घंटा जति बसे पछि ३ बजेको उत्तप्त घामको कुनै पर्वा नगरी पुनः प्रस्थान गरी साँझ पख

रूणेचा पुग्यौं । बाबा रामदेवज्यूको दर्शन गरेर राति फलोदीमा बस्यौं । अर्को दिन बिहान त्यहाँबाट प्रस्थान गरी दिउँसो १ बजे बीकानेर पुग्यौं । त्यहाँको गर्मीले ज्यादै सताए तापनि बुवाज्यूले सधैर्य सहन गर्नु भयो। बीकानेरको होटेल टूरिस्ट लजमा हामी २ घंटा जति बस्यौं। साँझ ४ बजे हिंडेर बाटोमा तोलियासर भन्ने गाउँमा भैरव बाबाको दर्शन गर्दै राति ९ बजे रतनगढ पुग्यौं ।

केही वर्ष देखि उहाँको मनमा के भावना जागेको थियो भने पैतृक स्थानमा पनि संझनाको लागि केही धार्मिक र सामाजिक कार्य गर्नु पर्छ । यस विचारबाट उहाँले अघि देखिनै एउटा जग्गा किनी राख्नु भएको थियो, तर त्यहाँ केही बनाउने मौका मिलेको थिएन । यस पटक रतनगढ आउनु हुँदा त्यस जमिनको नक्सा बनाउन लगाई त्यसमा समाजिक कार्यको लागि गोल्छा ज्ञान-मन्दिर अन्तर्गत "तुलसी-अमृत-केन्द्र" भन्ने एउटा भवन बनाउने योजना बनाइयो । त्यस पछि हामी कारमा नै दिल्लीतिर प्रस्थान गर्‍यौं। हामी दिउँसो साढे एघार बजेतिर चुरू पुग्यौं ।

भयानक गर्मीले हामी त्रस्त थियौं । बाटोमा पर्ने भाञ्जे ज्वाई डा. सूरजमल सूरानाको बगैचामा रूख मुनि दुई घंटा सम्मको विश्रामले गर्दा केही आराम महसूस भयो र त्यहाँ खाना पनि खायौं । बाटोमा परेको राजगढमा वृद्ध विद्वान् मुनिश्री छत्रमलज्यू आदि मुनिश्रीहरूको दर्शन गर्‍यौं । त्यहाँ के थाहा भयो भने मुनिश्री स्वर्गीय मन्त्री, महामुनिश्री मगनलाल ज्यूको जीवन चरित्र ग्रन्थ लेख्दै हुनु हुन्छ । पूज्य बुवाज्यू राजस्थान जानु हुँदा मंत्री मुनिश्रीको घण्टौं सेवा गर्ने गर्नु हुन्थ्यो । उहाँ एक महान् त्यागी तपस्वी सिद्ध पुरुष हुनुहुन्थ्यो । उहाँले आचार्यश्री तुलसी र उनका पूर्ववर्ती ३ आचार्यहरूको गरी अटूट र अविच्छिन्न रूपले ४ आचार्यहरूको अमूल्य सेवा गर्नु भएको थियो । कुनै बखतमा मंत्री मुनिको मुखबाट कुनै शब्द निस्कियो भने त्यो शब्द लाई बुवा अकाट्य मान्नु हुन्थ्यो । किन भने उहाँको मुखबाट अचानक निक्लिएका शब्दहरू निरर्थक जाँदैन थिए । उहाँलाई धर्मको साथ-साथै आफ्नो सुख दुःख तथा व्यापारिक कुराहरू पनि सुनाउने गर्नु हुन्थ्यो किन भने उहाँसंग बुवाज्यूको धार्मिकता सँगै आत्मीयता पनि थियो । यस्ता महापुरुषको जीवन चरित्र प्रकाशित गर्ने एक्कासी सुअवसर पाइने भएकोमा पूज्य बुवाज्यूले आफूलाई धन्य सम्झनु भयो । राति करीब १० बजे हामी दिल्ली पुग्यौं । त्यस उमेरमा पनि बाटोको थकाइ र असह्य गर्मीको कुनै पर्वा नै नगरी राति नै त्यहाँ मुनिश्री राकेश कुमारज्यूको दर्शन गर्‍यौं । दोश्रो दिन विहानै को प्लेनबाट कलकत्ता आई त्यहाँ आफ्ना धेरै इष्ट मित्रहरूसंग भेट्यौं। बुवाज्यू लगभग दुई वर्ष पछि कलकत्ता आउनु भएको थियो । त्यहाँ केही दिन बसेर पुनः काठमाडौं फर्के पछि हाम्रो यो धर्म यात्रा सु-सम्पन्न भयो।

त्यस बेलाको विराटनगर

उहाँमा एउटै लगन रहन्थ्यो- काम गर्ने, उद्योग तथा व्यापार गर्ने । व्यापारका लागि सुख, दुःख, रात-दिन केही पनि संझनु हुन्नथ्यो । म सम्झिरहेछु चार दशक अघिको विराटनगर । जब कि विराटनगरबाट जोगबनीसम्म जानलाई पैदल, घोडा या बैलगाडा बाहेक अन्य कुनै साधन थिएन । वर्षाको मौसममा असाध्य हिलो र बाटोमा ठूला ठूला खाल्डा हुन्थे । मानिसलाई रातको अँध्यारोमा लालटिन या टर्च लिएर हिंड्न पनि खतरा पूर्ण थियो । वर्षायाममा माटो यति चिप्लो हुन्थ्यो कि एक दुई चोटि न लडीकन त बजारबाट घर फर्किनु संभवै थिएन । नांगो खुट्टाका औंलाहरू हिलोमा गाडेर हिंड्नु पर्दथ्यो। लामखुट्टे र औलोको प्रकोप। नपिउने स्वच्छ पानी। न विजुली। बजारमा हाती डुब्न सक्ने ठूल-ठूला खाल्डा थिए । बडो विकट स्थिति थियो । वर्षाको मौसममा जोगिबनीसम्म ४ माइल टाढाको बाटो मात्रै पनि सम्पनी गाडी (बैलगाडामा काठको डव्वा बनाएको गाडी) बाट रात भरि हिंडेर विहान ६ बजे जोगबनी पुगी रेल पकडिनु पर्थ्यो । यदा-कदा उत्रेर पनि हिंड्नु पर्दथ्यो। बुवाज्यू राति १० बजे जोगबनी स्टेशनमा ओर्लिई रातभर लगाएर सम्पनी गाडीबाट विराटनगर आई पुग्नु हुन्थ्यो । महीनामा १०/१२ चोटि आउनु जानु पर्दथ्यो किन भने माल बेच्ने, पैसा ल्याउने काम त्यहीं गर्नुपर्थ्यो। ब्यांक समेत पनि यहाँ न हुनाले भारतमै आश्रित हुनु पर्दथ्यो । भारतीय रूपियाँको चलन थियो, जसलाई कम्पनी रूपियाँ भनिन्थ्यो । पूर्णिया तथा कटिहारमा बैंक थिए । कटिहारमा मिलहरूलाई पाट बेचेर बैंकबाट रूपियाँ ल्याउनु पर्दथ्यो । कष्ट देखि कहिले पनि हतोत्साही नहुने र ठूलो जोखिम सहने किसिमको एउटा जिउँदो व्यक्ति हुनुहुन्थ्यो बुवाज्यू। रू. ६/-, ७/- प्रति मन पाट तथा २/३ रू. मन धानको भाउ त्यस बेला थियो । उहाँ अधिकांश नगद रूपियाँ बोरामा भरेर ल्याउनु हुन्थ्यो । गद्दीमा एक सेरको ढक हुन्थ्यो त्यसमा बजाएर रूपियाँ दिनु लिनु हुन्थ्यो । "ठस" आवाज गर्ने रूपियाँलाई खोटो सम्झिइन्थ्यो।

हेर्दा हेर्दै जमाना कहाँ देखि कहाँ पुग्यो । विराटनगर मात्र होइन, नेपाल देशै कहाँबाट कहाँ पुगि सक्यो। पछि बैंक पनि खुले। पक्की सडकहरू बने। हवाई मैदानको विकास भयो। बिजुली मात्र के आएको थियो पंखा, आकाशवाणी, फोन फेरि अन्तर्राष्ट्रिय टेलिफोन, माईक्रोवेभ, टेलेक्स र भू-संचार उपग्रह प्रणाली, एयर कन्डीसन, टेप रिकार्डर, भीडियो आदि पूरा आधुनिक एवं इलेक्ट्रोनिक युग नै आयो । कम्प्युटर्स आयो ।

हेर्दा हेर्दै ४० वर्ष भित्र देश कहाँ देखि कहाँ सम्म पुग्यो । बडो तीव्र गतिले विकास भयो। अब त त्यस बेलाका कुराहरू खालि सपना सरह भए।

संसारको विकास संग-संगै नेपालको विकास पनि द्रुत गतिबाट भयो । संसारको प्रत्येक देशले अब के जान्न थाले भने नेपाल एउटा सुन्दर हिमाली देश हो र नेपाल सम्पूर्ण विश्वमा एकमात्र हिन्दू-राष्ट्र हो ।

नारिकेल समाकाराः दृश्यन्ते हि सुहृज्जनाः
अन्ये बदरिकाकाराः बहिरेव मनोहराः

सज्जनहरू नरिवल जस्तो बाहिर चाहिं साह्रा
तर भित्र जति गुदी खायो उति मीठा हुन्छन्
दुर्जनहरू बाहिर कमलो तर भित्र चाहिं साह्रो
बयर जस्ता हुन्छन् ।

-हितोपदेश

बुवाज्यूको बसाइ

अहिले गोल्छा निवास रहेको ठाउँ र ४ बिघा जगाको परखाल भित्रका भवन, गोदाम, मन्दिर र गौशालाहरू त्यसबेला बनाउने कल्पना सम्म गर्नु संभव थिएन । त्यसबेला बनेको गद्दी-घर, हालसम्म शुभ लक्षणको घर भनेर यथावत् राखिएको छ। सो ठाउँबाहेक अरू क्षेत्र त्यसबेला घोर जंगल थियो । दिउँसै गाई वस्तुलाई बाघले आहार बनाउने त के कुरा बाघको दुर्दान्त कवलमा मानिसहरू पनि परेका थिए। घोर जंगल, करीब मूल्यहीनमोल र आजको बिराटनगरको कल्पनासम्म गर्न नसकिने बेलामा बुवाज्यूले जग्गा किन्नु भयो र व्यापार प्रवर्द्धनका साथै भवनहरू बनाउन थालनु भयो ।

यस काममा तत्कालीन बडाहाकीम कर्नेल शिवप्रताप थापाको अमूल्य सल्लाह र मित्रको सल्लाहलाई कहिल्यै नकाट्ने बुवाज्यूको व्यवहारलाई आजको परिप्रेक्ष्यमा यश दिनु पर्दछ।

हालको गोल्छा निवास भन्दा पूर्व स्वर्गीय मीनराज पाण्डेज्यूको तलावाल काठको घरमा गोल्छा परिवार बस्ने गर्दथ्यो र यहाँ नै म देखि भाइ हुलाससम्मका व्यक्तिको जन्म भएको हो ।

कठोर परिश्रम गर्ने र त्यसबेला व्यापारमा मात्र सीमित बुवाज्यूले जग्गा किन्नु र यति धेरै घर बनाउनका पछिको हेतु विराटनगरको भविष्य प्रति उहाँमा ठूलो विश्वास हुनु नै हो। उहाँ जहिले र जहाँ जाँदा पनि आजको विराटनगरले भोलि गएर आश्चर्यजनक उन्नति गर्ने कुरा गरिरहनु हुन्थ्यो।

दरिद्रान् भर कौन्तेय मा प्रयच्छेश्वरे धनं

गरिबलाई दान देऊ धनीलाई दिने काम छैन।

-आर्ष वचन

आकर्षक अनुहार

रंग गहुं गोरो र स्थूल शरीर! लम्बाई ६ फीट २ इंच, अग्लो कद! यसरी जस्तोसुकै भीडमा पनि टाढैबाट नै बुवाज्यूको उपस्थिति दृष्टिगोचर हुन्थ्यो। उन्नत ललाट, लोतिएका लामा लामा कान र आँखि भौं सहितका ठूला-ठूला आकर्षक आँखा! उहाँसँग आँखा मिलाएर कुरा गर्न कसैको पनि सहसा आँट हुंदैनथ्यो। मानिसहरूमा एक प्रकारको डर रही रहन्थ्यो तर उहाँ भने बडो दयालु, मीठो वचन बोल्ने तथा सबैसंग हाँसेर कुरा गर्ने व्यक्ति हुनुहुन्थ्यो। आवाज कति बुलन्द थियो भने उहाँको उपस्थिति कहिल्यै पनि लुक्न सक्दैनथ्यो र टाढाबाट नै मानिसहरूलाई उहाँको उपस्थितिको आभास हुन्थ्यो। उहाँको आँखामा एउटा विचित्र प्रकारको तेज थियो, अनुहार र मुखको बनौट आभायुक्त र आकर्षक थियो। शरीरको वजन ९५ किलो देखि ११० सम्म रहन्थ्यो। गोडाहरूका औंला, हातका औंला साधारण मानिस भन्दा लामा र ठूला थिए। कम्प्युटर झैं मस्तिष्क र अद्वितीय स्मरणशक्तियुक्त हुनुहुन्थ्यो। उहाँ सुरु सुरुमा निरन्तर स्वयं निर्मित पगडी बाध्नु हुन्थ्यो तर पछि पगडीको सट्टा सधैं नेपाली टोपी लाउने गर्नु हुन्थ्यो । नेपाली टोपी प्रतिको प्रेम त कस्तो थियो भने विदेशमा जाँदा समेत नेपाली टोपी, सुरुवाल र कालो सेरवानी नै लगाउनु हुन्थ्यो। यस्तो पहिरनमा बुवाज्यू विशेष आकर्षक देखिनु हुन्थ्यो।

दुई मने मान्छे र एकमने गाई काम लाग्दैन
उखान।

आज मैले गर्नु पर्ने के के काम गरें र के बाँकी छ ?
यस अनुप्रेक्षाले नै व्यक्तिलाई जागरूक बनाउँछ ।
-युगप्रधान आचार्यश्री तुलसी

कार्यक्षमता

त्यसबेला बुवाज्यू आफै पाट (जूट्) किन्नु हुन्थ्यो र जोखनु हुन्थ्यो। दागपट्टी गर्नुका साथै भुक्तानी दिनु हुन्थ्यो। सम्पूर्ण हिसाब औलामा गनेर मुखजवानी नै दाम जोड्नु उहाँका लागि सामान्य कुरो थियो। अथवा यसो भनौं उहाँको मुखनै क्यालकुलेटर तथा दिमाग चाहिं कम्प्यूटर भन्दा कम थिएन। साँझमा बसेर सबै हिसाब एकै चोटि लेख्नु हुन्थ्यो। मुनीम, पोद्दार दागपट्टीवाला, क्याशियर, एकाउन्टेन्टको सम्पूर्ण कार्य स्वयं गर्नुका साथै म्यानेजरको काम पनि स्वयंनै गर्नु हुन्थ्यो। तर पछि गएर एक जना हुकूमाराम चौधरी नामक कर्मठ र इमान्दार कर्मचारी सहयोगी पाउनु भयो। त्यसका अतिरिक्त अर्को गाउँको मिलमा गएर पाट बेच्नु तथा रूपियाँ पनि आफैं ल्याउनु हुन्थ्यो। आज भोलि त्यति नै काममा करीब १५ जना व्यक्ति लाग्दछन् त्यो पनि त्यसवेला बुवाज्यूले गरे झैं त्यति सुचारू ढंगवाट गर्न सकिदैन किन भने हिजो आज कामको घंटा हुन्छ, मिनेटको हिसाब हुन्छ। त्यस वेला उहाँ विहान ५ बजे देखि सुरु गरेर राति १० बजेसम्म काम गरी नै रहनु हुन्थ्यो। काम गर्दा गर्दै खानपान हुन्थ्यो। बसेर खाने र आराम गर्ने उहाँलाई फुर्सतै थिएन।

उहाँ कुनै पनि कामलाई सानो ठान्नु हुन्नथ्यो र सानो काम उहाँ स्वयं आफ्नो हातले गर्ने र बजारबाट साग-सब्जीसम्म पनि स्वयं ल्याउँदा आनन्द महसूस गर्नु हुन्थ्यो। मलाई संझना छ उहाँ आंपको मौसममा गद्दीको एक छेउमा बसेर आँप धुन एक बाल्टी भरिनै पानी मगाई राख्नु हुन्थ्यो। हामीलाई बोलाउनु हुन्थ्यो। बिजु आँप मात्र पाइने गरेकाले विभिन्न प्रकारका बिजु आँप किनेर हामीलाई बडो प्रेम संग चखाउंदै खुवाउनु हुन्थ्यो।

अनुकूल वेदनीयं सुखम्
प्रतिकूल वेदनीयं दुःखम्

जुनकुरा अनुकूल लाग्दछ, त्यो सुख हो
प्रतिकूल लाग्ने कुरो दुःख हो ।

- धर्मसार

सफलताको रहस्य

मानिस हेर्दा सबै एकै प्रकारका हुन्छन् तर व्यक्तिको सही पहिचान तब हुन्छ, जब उसमाथि अनेक विपत्तिहरू आउँछन्। त्यस्ता विपत्तिका घडीमा कतिपय व्यक्ति आत्तिएर जीवन पथबाट चिप्लेर खसेका छन् भने कतिले विपत्तिमा नआत्तिएर बरु त्यसलाई दैवी परीक्षाको रूपमा अंगीकार गर्दै पूर्व निष्ठालाई कायम राखेका छन्।

बुवाज्यूको स्वर्गारोहणको करीब ४० वर्ष पहिले नै मेरी पूजनीय माता धापी देवीज्यू बि. सं. २००१ माघ कृष्ण दशमीको दिन स्वर्गवासी हुनु भएको थियो। दाम्पत्य जीवनबाटनै गृहस्थीको प्रारम्भ हुन्छ। दम्पती मध्येका कुनै एकको वियोगमा अर्को एकले झेल्नु पर्ने विपत्ति, गृहस्थीको दुःसह्य विपत्ति हो। त्यस बखत कति जनाले अर्को विवाह गराउने अनेक प्रयत्न गरे। किसिम किसिमका प्रलोभन दिए तर उहाँले त्यसलाई प्रष्ट रूपमा नकार्दै भन्नु भयो "मेरो कर्ममा पत्नी-सुख भएको भए त उनी मलाई छोडेर किन जान्थिन्।" बुवाज्यूको जीवनको पूर्वार्द्ध उमेरमा अर्थात् ४५ वर्षको उमेरमा मेरी माताज्यूको निधन, बुवाज्यूका लागि असहनीय घटना थियो।

एकातिर सन्तानको हेरचाह, स्याहार-सुसार गर्नु थियो भने अर्को तिर आफ्नो त्याग, दान, धर्म, व्रत र आचरणहरूलाई यथावत् पालन गरेर व्यापारमा पनि निरन्तर लगनशील रहनु पर्ने बहुमुखी जिम्मेवारी बुवाज्यूमा आइ लागेको थियो।

उक्त जिम्मेदारी, अत्यन्त व्यस्त-स्थिति र एकलोपनले कति कष्ट भयो होला ! बुवाज्यूले हरेक कष्टलाई धैर्यपूर्वक सहन गर्नु भयो परन्तु दोश्रो विवाह चाहिं गर्नु भएन। आदरणीय बुवाज्यूको यस दृढ धारणालाई पूज्य भिनाजु श्री सूरजमल दूगड्ज्यूले (श्री ज्ञानचन्दका बुवाज्यू) पुनर्विवाह नगर्ने प्रेरणा र बल पुऱ्याई रहनु भयो। महान् कार्यमा कसैको प्रेरणा हुन्छ। राम्रो सल्लाह समयमा दिने र अंगीकार गर्ने दुवै थरी बिरलै हुन्छन्। तपस्वीको महान् जिन्दगी जिउने यस कार्यमा भिनाज्यूले दिनु भएको प्रेरक सहयोगको संझना अझ ताजा छ। तपस्वी जीवनको यस सुरुआतमा उहाँको लक्ष्य थियो केवल काम, काम र काम। भगवान् कृष्णले प्रदान एवं प्रेरित गर्नु भएको आदर्श 'कर्मण्येवाधिकारस्ते माफलेषु कदाचन' उहाँ आफ्नो जिन्दगीमा अक्षरशः उतार्ने प्रयास गर्नु हुन्थ्यो। जसरी जसरी कदमहरू अगाडि बढाउनु भयो त्यसरी त्यसरी नै आफैं आफैं सफलताका बाटाहरू खुल्दै गए।

हुने बिरुवाको चिल्लो पात

"हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको फुस्रा पात" को उखानलाई चरितार्थ गर्ने उहाँ चिल्लो पात हुनुहुन्थ्यो।

पूज्य बुवाज्यू सानु उमेरमा मातृ-पितृ रहित भएर पनि कसैसंग न डराउने, खुशामद भन्ने कुरा पटक्कै मन नपराउने तर आत्मनिर्भर हुने उपाय अवलम्बन गर्न भने कलिलै उमेर देखिनै प्रयासरत हुनुहुन्थ्यो।

उहाँले त्यसबेलाको पूर्व बंगाल स्थित सुन्दर कुन्दर गाउँमा १२ वर्षको कलिलो उमेरमा एकलै कारोबार सुरु गर्नु भएको थियो। बुवाज्यूले स्कूल अथवा घरैमा मास्टर राखी हिन्दी, अंग्रेजी आदि भाषाको अध्ययन गर्नु भएन तर सर-संगत र स्वतन्त्र अध्ययनको प्रभावले गर्दा आफैं-आफ र अरूको लेखपढ हेरेर नै हिन्दी, बंगाली, गुजराती, राजस्थानी भाषामा बोल्ने ज्ञान हासिल गर्नुका साथै साहित्य पढ्नु हुन्थ्यो र अंग्रेजीमा पनि येन-केन प्रकारेण काम चलाउनु हुन्थ्यो।

जापानी, इरानी, रसियाली, जर्मन, वा फ्रान्सेली जस्ता कुनै पनि व्यापारी संग उनीहरूकै भाषामा बोल्न बुवा असक्षम भएपनि बिना हिचकिचाहट हात र मुखको हाउ-भाउबाट र टुक्रा टाक्री अंग्रेजी शब्दबाट भन्न खोजेको कुरा बुझाउन सक्नु हुन्थ्यो र आफ्नो व्यापारको कुरामा उनीहरूलाई चित्त बुझाएर काम गर्न सक्षम हुनुहुन्थ्यो।

ती विदेशी व्यापारी संग व्यापार सम्बन्धमा कुराकानी गर्नु पर्दा बुवाज्यू प्रायः हामीहरू उपस्थित भएपनि आफ्नो कुरा आफैंले भन्न रूचाउनु हुन्थ्यो। बुवाज्यूको आत्म विश्वास साथ व्यापारमा सफलता हासिल गरेको कला देखेर सबै छक्क पर्दथे।

बाहिरबाट आएका व्यापारीहरूसंग कुरा गर्दै बुवाज्यू भन्नु हुन्थ्यो "हामी तपाईहरूलाई राम्रो र स्तरीय सामान पठाउँनेछौं। राम्रो माल पठाएर तपाईहरूलाई खुसी पार्नेछौं।" हाउ-भाउ र उच्चारणबाट आगन्तुक व्यापारीहरूलाई चित्त बुझाई उचित मोलमा व्यापारिक सौदा सम्पन्न गर्न बुवाज्यू सफल हुनु हुन्थ्यो।

यस प्रकार बुवाज्यूमा रहेको अटल आत्म-विश्वास, कुशल व्यवसायज्ञानको अघि किताब मात्र पढेर व्यापारमा सिपालु हुन चाहने व्यक्तिहरू नगण्य सिद्ध भएका उदाहरणहरू थुप्रै छन्।

सम्झना भित्रका केही क्षण

संयुक्त राज्य अमेरिकामा १६ मई १९८२ का दिन सम्पन्न मेरो मुटुको "बाईपास" शल्य चिकित्साको १७ महीना पछि पुनः म चेक-अप गराउन अमेरिका गएको थिएं। लोमालिन्डाबाट काठमाडौं फोनमा कुरा गर्दा पूज्य बुवाज्यूको बायाँ हाथ फ्रेक्चर भएको थाहा पाएँ। त्यसमा "ह्यूमरस" (हाडको दुई टुक्रा) भएछ। चिन्ता मान्नु पर्ने कुरा छैन, प्लास्टर गरि सकेको छ केही बढी समय लाग्छ, तर ठीक भइहाल्नेछ भनेर फोनमा भाइ हुलासले बताए। लोमालिन्डा क्यालिफोर्नियाको त्यस्तो ठाउँमा छ जहाँ एउटा विशाल मेडिकल युनिभर्सिटी अस्पताल छ। त्यहाँबाट हजारौं डाक्टर तैयार भई निस्कन्छन् र विभिन्न प्रकारका शल्य चिकित्साका साथै वर्षमा पन्ध्र सये भन्दा बढी हृदयको बाइ-पास शल्यक्रिया हुन्छ । ती मध्ये ९९.५ प्रतिशत सफल नै हुन्छन्। त्यहीं मैले आफ्नो मुटुको शल्य चिकित्सा गराएको थिएं। आश्चर्य लाग्दो कुरो के छ भने आजको अत्याधुनिक युग र मांसाहारी जगतमा पनि अमेरिकाको यो विश्व विद्यालय परिसर पूरै निरामिष छ। रक्सी मासुको त के कुरो, चुरोटको साथ-साथै चिया कफी समेत त्यहाँ चल्दैन। चियाको बानी भएका मानिसलाई आयुर्वैदिक प्रकारको चिया दिइन्छ। कोकाकोला पनि दिइंदैन किन भने कोकाकोला र चियामा कैफिन नामको नशालु वस्तु हुन्छ, जुन स्वास्थ्यको लागि हानिकारक हुन्छ। अस्पतालमा रहेको भोजनालय (क्याफ्टेरिया) पूर्णतः शाकाहारी छ। दिउँसो प्रायः सबै डाक्टर त्यहीं खान्छन्। हृदय रोग विशेषज्ञ डा. सुख मेहता (राजस्थानी जैन तेरापंथी) भारतीय डाक्टर हुन्। कारडीयो केथेराइजेशन उनी नै गर्दछन्। त्यस् पछि अमेरिकन डाक्टरले शल्यक्रिया गर्दछन्।

एक पटक एक जना अमेरिकाली डाक्टरले हामीहरूलाई खाने निम्तो दिए। मैले आफू शाकाहारी भएको अनुरोध गरें। उनले भने "म र मेरो परिवार समेत शुद्ध शाकाहारी छ, हामी कहाँ एक चोटि खाएर त हेर्नोस।" अस्पतालको कैफ्टेरियामा कैयौं प्रकारको व्यंजन बनाइन्छ जस मध्ये केही त सामिष जस्तो लाग्दछ एवं नाम पनि त्यसको सामिष जस्तै राखिएको हुन्छ। तर तिनलाई पकाउनमा खास गरी सोयाबीनको प्रयोग गरिन्छ। मांसाहारीले खाँदा त्यहाँको खाना रूचाउँछन् तथापि हामी पूर्वीय शाकाहारीहरूलाई त्यसको रूप-रंग तथा स्वाद र गन्धको कारणले अरूचिकर अनुभव हुन्छ। तर त्यस दिन अमेरिकाली डाक्टर साहेबको घरमा पूर्णरूपले नयाँ तरिकाबाट बनाइएको शाकाहारी खाना खाएर हामी संतुष्ट भयौं।

हामी लगभग ४ दिन पछि न्यूयोर्क पुग्यौं। त्यहाँ श्री हीराचन्द्र कोचरजीको विशेष आग्रहमा उहाँकै घरमा बस्यौं। त्यहाँ हामीलाई सम्मान एवं प्रेम संग राखियो। त्यहाँबाट एक जना मित्रलाई हलैण्ड फोन गरे पछि उनले भने तपाईंले आफ्नो बुवाको स्वास्थ्यको बारेमा खबर पाउनु भयो? मैले भने हो, थाहा पाएको छु। उनी पनि बुवाको फ्रैक्चर भएको हात बारे बताउँदै छन् मैले सोचें । उनले भने" म हिजै मात्र नेपालबाट उहाँसंग भेटेर यहाँ आइपुगें। उहाँको हातमा ठूलो फ्रैक्चर भएको थियो, तर अहिले भर्खरै बैंककबाट उहाँको हातको सफल अप्रेशन भएको टेलेक्स प्राप्त भएको छ। चिन्ता गर्नु पर्दैन। एक चोटि त मुटु ढक्क फुल्यो। तुरुन्तै बैंकक फोन गर्दा भाइ हुलासले बताए "नेपालका डाक्टरले बैंकक लैजाने सल्लाह दिए अनुसार तुरून्तै बैंकक आउनु परेकोले हतारमा तपाईलाई सूचना दिन सकिन तर अप्रेसन सफल भै बुवाज्यू स्वस्थ हुनुहुन्छ चिन्ता मान्नु पर्ने कुरो छैन " । हातमा स्टेनलेस स्टीलको छड् राखेर ९ ओटा स्क्रु लगाइएको छ भन्ने समाचार सुन्दा मैले तुरून्त त्यहाँ, आउने इच्छा प्रकट गरें। तर भाइ हुलासले भने "त्यस्तो केही खास कुरो छैन, म र श्री लोकमान्य सपरिवार यहीं छौं। केटा-केटी र दुई नोकर पनि संगै छन्। सबै सुविधा छ। केही दिन मै हामी नेपाल फर्किने छौं"।

म आश्वस्त भै युरोपको यात्रा सम्पन्न गरेर करीब २० दिन पछि काठमाडौं आई पुगें। त्यति बेलासम्म पनि सबै जना बैंकक मै थिए। बेला-बेलामा विदेशबाट बुवासंग फोनमा कुरा हुंदा उहाँ सबभन्दा पहिले मलाई नै सोध्नु हुन्थ्यो तिमीहरूको स्वास्थ्य कस्तो छ? "तिमीहरूले कुनै प्रकारको चिन्ता नगर्नू, काम पूरा गरेर नै आउनू" आदि । बि.सं.२०४० को दीपावलीको पहिलो दिन हामी काठमाडौं पुगे पछि बैंककको समितिवेज अस्पतालमा फोनमा कुरा भयो। बुवाले सर्वप्रथम हाम्रो स्वास्थ्यको बारेमा नै सोध्नु भयो। यताबाट फेरि हामीले सोधे पछि आफ्नो स्वास्थ्य ठीक भएका कुराको साथै अर्को कुरा पनि के भन्नु भयो भने "तिमीहरूले मुसुरो दाल त बेचेका छैनौ होला? दाल निर्यातको लागि अब न बेच्नू, दालको बजार भाउ धेरै बढ्ने छ।" बडो आश्चर्य भयो कि अस्पतालमा २०/२५ दिन देखि उहाँ उपचार गरि रहनु भएको छ तर कसरी उहाँलाई दालको बजार भाउको जानकारी भयो? मैले विराटनगर आई दिवाकरबाट जानकारी प्राप्त गर्दा दाल बराबर बिक्री भैरहेको रहेछ। यता धेरै दाल बेचिएको पनि थियो। किन भने यस वर्ष ५० हजार टन मुसुरोको दाल विदेशबाट भारतमा आयात भई रहेकोले भाउ बढ्ने कुनै सम्भावना थिएन। भर्खरै दुई जहाज पुगेका र अरु पुग्नेवाला छन्। अतः दाल रोक्नु बुद्धिमत्ता नदेखिएकोले दाल बेच्दै गयौं। तर हेर्दा हेर्दै भाउ अप्रत्याशित रुपमा बढ्न थाल्यो र केही दिन मै २००/- रू. प्रति बोराको आश्चर्यजनक वृद्धि भयो। यो हो उहाँको व्यापारिक सूझबूझको एक झलक। यस्तै अनेक भविष्यवाणीहरू उहाँका सत्य हुन्थे। हामीहरूले यदि अक्षरशः उहाँको आज्ञा पालन गर्न सकेका भए

आज यस प्रतिष्ठानको स्वरूप नै अर्को हुन्थ्यो। यद्यपि हामीलाई उहाँको आज्ञाको उल्लंघन गर्ने हिम्मत हुंदैनथ्यो तर पनि हामीलाई न जँचेको काम नगर्ने प्रयासमा हामी रहन्थ्यौं। उहाँलाई जब यो कुरा थाहा हुन्थ्यो, उहाँ मौन बस्नु हुन्थ्यो। त्यतिवेला उहाँ समयलाई पर्खिनु हुन्थ्यो। जब उहाँको भविष्यवाणी सत्य प्रमाणित हुन्थ्यो तब अडिग भएर भन्नु हुन्थ्यो कि "मैले के भनेको थिएं? फलाना व्यक्तिहरूले मेरो कुरो मानेर यति फाइदा उठाए। अन्य व्यक्तिहरूले विश्वास गरि हाल्छन् तर तिमी छोराहरूलाई मैले भनेकामा विश्वासै हुंदैन । पछि हामीलाई पश्चात्ताप हुन्थ्यो।

जागरह । णरा णिच्चं जागरमाणस्स बड्ढते बुद्धि
जो सुवति न सो सुवितो, जो जगति सो सयां सुहितो
- निशीथ भाष्य

मानिस, सँधै जाग, जागृत मानिसको बुद्धि सँधै बढ्छ
जो सुति रहन्छ, त्यो सुखी हुँदैन, जो जाग्दछ त्यो संधै सुखी हुन्छ

अर्थहीन महत्वाकांक्षा पतनको सोझो बाटो हो ।

पाप गर्नु पाप हो, तर पापलाई पाप न मान्नु महापाप हो ।

भावना भन्दा कर्तव्य र कर्तव्य भन्दा विवेक ठूलो हुन्छ ।

-युग प्रधान आचार्यश्री तुलसी

प्रबल मनोबली

बुवाज्यूको बिरामीमा मैले बेलायतबाट उहाँ संग बैंककमा कुरा गर्दा जति चोटि त्यहाँ आउने इच्छा व्यक्त गरें त्यति नै पटक उहाँले मलाई रोक्नु भयो"म निको भएर छिटै काठमाडौं फर्किदैछु, तिमीहरू कसैले पनि आउनु पर्दैन"। डाक्टरले उहाँलाई मलटीपुल माइलोमा (एक प्रकारको क्यान्सर) को रोगी भने। यसबाट हाडहरू कमजोर भई सकेका थिए, त्यसको लागि रेडियो थिरेपी र केमो थिरेपीको इलाज त्यहाँ भई रहेको थियो। पूज्य बुवाज्यू १८ नवम्बर १९८३ शुक्रवार का दिन बैंककबाट सकुशल काठमाडौं फिर्ता आउनु भयो। हामीहरू काठमाडौं विमानस्थलमा एम्बुलेन्स लिएर गएका थियौं र स्वास्थ्यको स्थिति अनुसार प्लेनबाट स्ट्रेचरमा सुताएर घरसम्म ल्यायौं। उहाँ त्यस्तो कमजोरी अवस्थामा पनि पूर्ण मनोवली हुनुहुन्थ्यो। स्ट्रेचरमा ल्याएकोमा उहाँ बाटोमा हामीहरू सित धेरै रिसाउनु भयो, उहाँको अन्तःस्करणमा पीडा भयो र भन्नु भयो "मलाई घरसम्म किन एम्बुलेन्समा ल्याइयो, मोटरमा किन ल्याइएन ?"

त्यहाँबाट आए पछि बुवाज्यू विस्तारै, "वाकर" (अल्मुनियमको फ्रेम) को सहायताले आफ्नो कोठामा घुमफिर गर्नु हुन्थ्यो यद्यपि कमजोरी भने धेरै नै थियो। ९ दिन भित्रै तारिख २६ नवम्बरका दिन एकाएक त्यही हात पुनः फ्रैक्चर भयो। यसपटक भर्टिकल क्रेक भएको थियो। एकातिर स्क्रुबाट हटेर हात भाँचिएको थियो, अपार वेदना थियो भने अर्को तिर डाक्टरहरू अब दोश्रो पटक अप्रेशन हुन सक्दैन भन्दथे। त्यसै दिन देखि उहाँ ओछ्यान पर्नु भयो। ज्वरो आयो र शरीर पूरै कमजोर भयो। यहाँका डाक्टरको भनाइ अनुसार हाडको यस कमजोरीको मुख्य कारण थियो बैंककका डाक्टरले दिएको दवाई "प्रेडनीसोलोन" को बढी मात्रा। त्यसलाई एकाएक बन्द पनि गर्नु हुँदैनथ्यो। नेपाल आउनासाथ औषधिको त्यस मात्रालाई डाक्टरहरूले घटाउँदै गए। तर पनि बढी मात्रा औषधिको प्रयोगले पेटमा रक्तश्रावक अल्सर भयो। उहाँको शरीरलाई यति कमजोर तुल्यायो कि पुनः तंग्रिन सक्नु भएन र उहाँलाई ज्वरोले ठ्याम्मै छोडेन। डाक्टर सुन्दरमणिले अब उहाँलाई यहाँ राखियो र किडनी फेल् भयो भने हामी केही गर्न सक्ने छैनौं तुरून्तै कतै बाहिर लैजानुहोस् भन्नु भयो। त्यसै दिन साँझमा डा. श्याम बहादुर पाण्डे आउनु भयो र मुटुको अवस्था हेरेर भन्नु भयो कहीं पनि लैजाँदा खतरा हुन सक्छ, त्यस कारण उहाँलाई यहीं राख्नु पर्दछ, किडनीको कुनै खतरा छैन। दुवै चिकित्सकहरूको मत-भिन्नता भए पनि समय नष्ट नगरी सबभन्दा नजिकको उपचार

केन्द्र, कलकत्ता लैजाने विचार गर्‍यौं। बुवाज्यूँलाई बाहिर लै जाने कुरा कसरी भन्ने, किनकि उहाँ कहीं पनि जान तैयार हुनुहुन्नथ्यो। डा. सुन्दरमणिले भने यो काम म माथि छोड्नुस्। त्यस पछि उहाँलाई निद्राको दुई गोली दिइयो। त्यसबाट उहाँलाई कस्तो निद्रा लाग्यो भने कुन् बेला खाटबाट उठाएर स्ट्रेचरमा राखियो, हवाईमार्ग द्वारा कलकत्ताको बेलभ्यू नर्सिग होममा पुर्‍याइयो त्यो समेत उहाँलाई थाहा हुन सकेन। हवाई यात्राको दौरान नर्स र डाक्टरहरूले ग्लुकोज चालू राख्नुका साथै सुई पनि दिई रहेका थिए। त्यो समत पनि थाहा पाउनु भएन। इमरजेन्सीमा सम्पूर्ण काम भए। बाहिर लैजाने निर्णय भएको २ घंटा भित्रै हामी प्रस्थान गर्‍यौं। कलकत्ताबाट पनि तुरून्त टेलेक्समा सम्पूर्ण कुरा भयो। त्यहाँ पनि आफन्तहरू र हृदय विशेषज्ञ डा. पी.आर. शाह एम्बुलेन्स लिएर एयरपोर्ट पुगिसकेका रहेछन्। काठमाडौंबाट साथमा भाइ हुलास, लोकमान्य, दिनेश तथा उनकी आमा, डाक्टर, नर्स तीन जना नोकर, उषा, अभिशेकहरू पनि कलकत्ता उहाँका साथमा गएका थिए। यसरी बुवाज्यूलाई लिई ५ दिसम्बर सोमबार दिउँसो ५ बजे हामी कलकत्ता पुगेका थियौं।

चिकित्सक सबै तयार हुनाले औषधी उपचारमा ढिलो भएन। अर्को दिन बुवाज्यूलाई केही होस आयो तैपनि कलकत्ता आई पुगेको कुरो थाहा भएन। विस्तारै कलकत्ता आएको कुरा हामीले भन्यौं तर बुवाज्यू कलकत्ता आएकोमा अलिकति पनि खुसी देखिनु भएन। बरू केही खिन्न नै देखिनु हुन्थ्यो। तर पनि उहाँ मौन नै रहनु भयो। हामीलाई केही पनि दोष दिनु भएन। हामी खुसी भयौं। पछि नेपालबाट चि, ज्ञान, दिवाकर आदि पनि आए र अन्तमा लगभग सारा परिवारको नै त्यहाँ उपस्थिति भयो ।

धर्मको आचरणमा प्रवृन्त गराउने बुद्धि श्रेय हो,
जुन् बुद्धिले कर्म वन्धनमा मानिसलाई पार्दछ, त्यो बुद्धि हेय हो ।

विचारका अनुवन्ध

व्यापार प्रति लगाव

कलकत्ता जानुभन्दा एक दिन पहिले काठमाडौंमा श्री तोलाराम दुगड्ज्यू भेट्न आउनु भयो। त्यस अवस्थामा पनि आफ्नो बिरामी तिर केही ध्यान नदिई व्यापार सम्वन्धमा नै उहाँसंग विभिन्न कुरा गर्नु भयो। उहाँलाई व्यापारिक कुराबाट निकै सन्तोष प्राप्त हुन्थ्यो। अन्त समयसम्म व्यापारको बारेमा नै सोधी रहनुहुन्थ्यो। ८५ वर्षको उमेरमा पनि उहाँको दिमागले पूरा काम गरि रहेको थियो। उहाँका सल्लाहहरू सबै ठीक हुन्थे।

उहाँ कारोबार-व्यापारको पूरा ध्यान राख्नु हुन्थ्यो। हामी उहाँको स्वास्थ्यमा ध्यान दिएर यता ३-४ वर्षदेखि कारोबारमा कम संलग्न गराउने प्रयासमा थियौं र उहाँलाई खास खास कुराहरू मात्रै भन्थ्यौं। धेरै कुरा गरेर दिक्दार गर्न चाहदैनथ्यौं। तर जति कुराहरू लुकाएर पनि लुक्दैनथे। उहाँलाई सबै थाहा भै हाल्थ्यो। किन भने सानो होस् या ठूलो, कुनै पनि कर्मचारीसंग उहाँ व्यापारिक कुराहरू सोधी रहनु हुन्थ्यो। कहिले कर्मचारी र कहिले परिवारको सदस्यबाट थाह भै हाल्थ्यो। यस् प्रकार कारोबारका सबै सूचनाहरू उहाँको औंलाहरूका पोरामा रहन्थे। व्यापारलाई पनि उहाँ धर्म झैं आचरण गर्नु हुन्थ्यो।

> **तिमी कार्यको लागि जुन उपयुक्त क्षणको प्रतीक्षा गर्दछौ, त्यो क्षण अहिले नै हो।**
> **- युगप्रधान आचार्यश्री तुलसी**

सहन-शक्ति र कर्मठता

पूज्य बुवाज्यू माथि कैयौं दुर्घटनाहरू घटित भए, तथापि दुर्घटनाबाट कहिल्यै विचलित हुनु भएन। सं. १९९० साल ताका बुवाज्यूले पटुवाको कारबारमा एक जना व्यापारीलाई फारबिसगंज रेल्वे स्टेशनमा भुक्तानी दिनु भयो र पछि रूपियाँ जाँच्दा भूलले रू.१००/- बढी गएको रहेछ। त्यति बेला रेल छुटी सकेको थियो। सिगनल निर रेल पुग्दा आफ्नो शरीरको कुनै वास्ता नगरी एक्कासी हाम फाल्नु भयो र सारै चोट पटक लाग्यो र आखिर रूपियाँ लिने मान्छेले बढी रूपियाँ लिएको छैन भनेर फिर्ता पनि दिएन।

एक पटक देहातमा घोडाबाट लड्नु भयो, र अर्को चोटि नदीमा उहाँ माथि पाटा सहित डुंगा नै पल्टियो।

एक चोटि तिजारत कोठीको (स्व. मीनराज पाण्डेको घर जहाँ सुरू सुरूमा हामी बस्दथ्यौं।) क़ाठको दुइतल्ले घरको भऱ्याङमा एउटा काठको घोप्टे थियो- राति शौचालय जानको लागि उठ्नु भएछ । भऱ्याङको घोप्टे बुवाज्यूले देखनु भएन छ र एकै चोटि भऱ्याङबाट खसेर झर्नु हुँदा धेरै चोट लाग्यो।

एक चोटि केटाकेटीमा हामी सबै भांइ बहिनीहरू माथि भयंकर औलो र बिफरको प्रकोप भयो ती मध्ये मुख्यतः म नै धेरै बिरामी थिएं । भयंकर बिफरको प्रकोपको साथ-साथै कनपारो एवं गर्धनमा धेरै फोका निस्केका थिए। जसको अपरेशन भयो। त्यतिबेला ती घाउ भित्र दिनहुँ कपडा हालेर सफा पार्नु पर्थ्यो। आमा तथा बुवाज्यू पनि बिरामी हुनु भएको थियो। यहाँ अस्पतालको नाममा कुनै औषधी पसल पनि थिएन भने डाक्टर कहाँबाट पाउने? हामीलाई कटिहार लगेर औषधी गराइयो, तर त्यहाँ मेरो सानो भाइ हनुमानको मृत्यु भयो। यसै प्रकार हाम्री सब भन्दा ठूली दिदी लक्ष्मीबाई, ठूलो दाजु इन्द्रचन, सानी बहिनी सोहनीको पनि विभिन्न प्रसंगहरूमा अकाल मृत्यु भयो। तै पनि उहाँ बिराटनगरबाट विमुख हुनु भएन र किंचित् पनि विचलित न भै आफ्नो लक्ष्य तिर पाइलाहरू बढाउँदै जानु भयो। मलाई संझना छ, त्यस बखत मलेरिया हुंदा प्राणदा नामक तीतो औषधीनै प्रसिद्ध थियो, जुन असर्फीराम रामजीरामको पसलमा पाइन्थ्यो। त्यसको पनि प्रभाव कम हुन लागे पछि एउटा एडवार्डस् टानिक नामक अतिनै तीतो औषधी बुधहाट स्थित बंगालीको पसलबाट ल्याउने गर्नु हुन्थ्यो। त्यो तीतो औषधी आँखा चिम्लेर बडो मुश्किलले म पिउँथें। औषधी पिई सकी तीतो घटाउन चिनी खान्थें तर बुवाज्यू भने कुनै गुलियो बस्तु बिना नै बडो सजिलै संग त्यस्तो तीतो औषधी पनि पिउनु हुन्थ्यो।

धैर्य र अनासक्ति

आसन्न विपत्तिका समयमा पनि उहाँमा अपूर्व धैर्य-शक्ति देखिन्थ्यो। सन्दर्भ हो, एक चोटि हाम्रो जूट प्रेस भयंकर अग्निकाण्डमा पर्‍यो । त्यस अग्निकाण्डमा करीब २-३ करोडको धनमाल एकै चोटि क्षति भएको थियो। त्यस बेला नेपाल र भारतबाट गरेर १७ ओटा दमकलहरू आगो निभाउनमा व्यस्त थिए। कति दमकलहरूले त लगभग १ महीनासम्म काम गरी नै रहे। अग्निकाण्ड हुंदा बुवाज्यूले काठमाडौंबाट फोनमा मलाई ओजपूर्ण शब्दमा भन्नु भयो "तिमी चिन्तित त छैनौं? जुन कुरा हुनु छ त्यो त हुन्छ नै कुनै प्रकारको चिन्ता न लिनू। के संझुला भने हामीले त्यति कमाएका रहेनछौं"। मैले कहिले यहाँ पाल्नु हुन्छ भनी सोध्दा बुवाज्यूले भन्नु भयो भवितव्यको अगाडि कसैको जोड चल्दैन म आएर के गर्ने ? बुझ्ने कुरा हो, एकातिर करोडौंको सम्पत्ति हुर् हुर् बलिरहेको थियो भने अर्कोतिर त्यस प्रकारको धैर्य र अनासक्तिको भावना बुवाज्यूमा परिलक्ष्यित हुन्थ्यो।

यस सन्दर्भमा आचार्यश्री तुलसीबाट भएको सम्बोधन यस प्रकार छः-

"श्रावक रामलालजी गोल्छा का पत्र मिला। अग्निकाण्ड के बारे में उससे जानकारी मिली। जलती हुई द्वारिका और कृष्ण का भी पत्र में उल्लेख था। इससे ही अग्निकाण्ड की विभीषिका का बोध हो जाता है। इस भीषण स्थिति में भी हमारे श्रावक रामलालजी तथा परिवार के अन्य सदस्यों ने बहुत ही धैर्य एवं हिम्मत रक्खी, यह जानकर मुझे बहुत प्रसन्नता हुई। व्यक्ति की समय-समय पर कसौटी होती रहती है, किन्तु जीवन में उतार-चढाव आते रहते है। सुख-दुःख का सिलसिला चलता रहता है। किन्तु वीर पुरुष वे होते है, जो हर स्थिति में, अपने को सम रखते हैं। रामलाल जी ने इस अवसर पर बड़ा धैर्य रखा है, इसे मै श्रावकोचित कार्य मानता हूं। परिवार के सभी सदस्यों को इस अवसर पर किंचित् मात्र भी दुःख नहीं करना चाहिए। ऐसे अवसर पर तो साहस ही काम आता है।

इस अवसर पर रामलालजी को अपनी पुरानी स्थिति भी याद करनी चाहिए। वे कहां से कहां पहुचे हैं सब कुछ अपने बलबूते पर अर्जित किया है। फिर चिंता क्यों करें ? भगवान् महावीर ने कहा है कि इस संसार में अलितापलिता तो लगा ही रहता है। समय बदलता रहता है। आवश्यकता

श्री हनुमान इण्डस्ट्रिज विराटनगरमा आगलागी हुँदाको हृदयविदारक चित्र २०३४ चैत्र १७ गते

श्री हनुमान इण्डस्ट्रिज विराटनगरमा अग्निकाण्ड हुँदाको, अर्को 'हृदय विदारक दृश्य २०३४ साल १७ चैत्र

कर्मवीर श्री रामलाल गोल्छा परिवार सहित भगवान् पशुपति नाथको दर्शनबाट फर्किंदै

साथमा बायाँबाट मित्र श्री चन्दनमल हिरावत, नाती श्री पन्नालाल कोठारी, बुहारी श्रीमती पुखराजदेवी गोल्छा

इस बात की है कि हर स्थिति में अपने को मजबूत बनाये रखना चाहिए।

संसार में ऐसे करोडों व्यक्ति हैं, जिन्हें रात-दिन मेहनत करने पर भी एक समय की रोटी मुश्किल से मिल पाती हैं। अग्निकाण्ड में, सैकडों गरीबों की झोपड़ियां भी स्वहा हो गई हैं। आखिर उन पर क्या बीतती होगी। उनकी स्थिति को देखकर भी हमारे मन में संतोष के भाव उत्पन्न हो सकते हैं।

मै इस अवसर पर श्रावक रामलालजी तथा परिवार के सभी सदस्यों से यही कहना चाहता हूं कि "वे पूरा-पूरा धैर्य और उत्साह की भावना रखें। मनोबल को ऊँचा रखने से सभी कार्य सफल होंगे।"

सुजानगढ आचार्य तुलसी
१५ अप्रिल १९७६

वास्तवमा उहाँ अनासक्त हुनुहुन्थ्यो। धन सित उहाँलाई मोह थिएन। नाफा-नोक्सान सम्बन्धमा समद्रष्टा हुनुहुन्थ्यो। नाफा हुंदा खुशी मनाउने र नोक्सान हुंदा दुःख मान्ने उहाँको स्वभाव थिएन। संधै समभाव राखनु हुन्थ्यो।

उहाँमा कतिसम्म साहस थियो भने आफुले किनेको माल सामानमा जति नै मन्दी आई घाटा लागे पनि उहाँ हतारिएर माल सामान बेचनु हुन्नन्थ्यो। तर आश्चर्य के भने त्यही मालको कालान्तरमा राम्रो मोल पाइन्थ्यो। यस प्रकार घाटामा कहिल्यै न आत्तिने र नाफामा कहिल्यै नमात्तिने पिताज्यूको स्वभाव हेर्दा सबै छक्क पर्दथे।

अज्ञानं खलु कष्टं, क्रोधादिभ्योपि सर्व पापेभ्यः
अर्थ हितमहितं वा, न बेत्ति येनावृतो लोकः

विचारका अनुवन्ध
मुनि नथमल

क्रोध, अभिमान, अर्कालाई ठग्ने बानी भन्दा पनि
ठूलो पाप हो अज्ञान ।

अर्ती उपदेश

उहाँ जहिले पनि मलाई भन्नु हुन्थ्यो "तिम्रो नाम हंसराज भए अनुकूल तिमीले हांसेर कुरा गर्ने बानी बसाल्नु पर्दछ । हांस्नु एउटा कला हो, मानिस संग हांसेर कुरा गर्न सिकेको खण्डमा नै तिम्रा सबै कामहरू सजिलै सित हुनेछन् । म संग सबै किन खुसी रहन्छन्, म कसैलाई केही दिने गर्छु र ? तर हांसेर कुरा गर्दछु । तिमीले हांसेर कुरा गर्न सिक्यौ भने चौगुना सफलता पाउने छौ"।

उहाँ के भन्नु हुन्थ्यो भने जब म केटाकेटी थिएं त्यतिवेला एउटा व्यापारी, फर्मको गद्दीमा मानिसहरू आउने जाने गर्दथे । त्यस ठूलो व्यावसायिक फर्मको मुनीमजीमा के विशेषता थियो भने, उहाँका मातहतका अन्य आफिसहरूबाट मानिस र मुनीमहरू बराबर आउने जाने गर्दथे, व्यापारिक काम काजका कुनै कुरा न सोधी आउने वित्तिकै मुनीमजी भन्थे "जाऊ भान्सामा खाना खाएर आऊ त्यसपछि व्यापारिक कुरा गरौंला ।" यसले गर्दा टाढा टाढाबाट आउने मानिसहरूमा उहाँ प्रति धेरै श्रद्धा एवं सम्मानको भावना बढथ्यो किन कि उनीहरू सोच्दथे कि मुनीमजी हाम्रो कति ख्याल राख्नु हुन्छ । उनीहरू प्रफुल्लित भएर झन् फुर्तीका साथ दुगुना उत्साहले काम गर्थे "यस प्रकार तिमी पनि गर्न सिक" भन्नु हुन्थ्यो । यस्तै नै व्यावहारिक कुशलता उहाँले आफ्नो जीवनमा प्रतिविम्बित गर्नु भएको थियो ।

उहाँ भन्नु हुन्थ्यो "तिमी कम से कम नियमित रूपवाट प्रतिदिन केही न केही गरीब गुरूवा र असहायहरूलाई बांड्ने गर" । तर मलाई प्रतिदिन बांडन सम्झना नै रहदैन थियो । त्यस पछि उहाँले त्यही काम लोकमान्यकी आमालाई जिम्मा लगाउनु भयो तर पनि उहाँको इच्छानुसार प्रतिदिनको हिसावले हुन सकेन । जब कुनै दिन कुरा चल्दथ्यो त्यति बेला उहाँ हामीलाई त्यस बारे औंल्याउनु हुन्थ्यो ।

> जहाँ जीवन छ त्यहाँ समस्याहरू आइ नै रहन्छन् ।
> समस्या विनाको जीवन कर्तृत्वशुन्य हुन्छ ।
> -अमृत पुरूष आचार्य श्री तुलसी

गोल्छा अर्गनाइजेशनको स्वण-जयन्ती समारोहका अर्गनाइजेशनका संस्थापक अध्यक्ष रामलाल गोल्छाज्यू र साथमा उहांका प्रिय मित्र जुद्धवहादुर श्रेष्ठ ज्यू



विनोद प्रिय कर्मवीरज्यू छोरा हंसराज, नातिनी कान्ता र पनाती तुसील संग मुक्त हास्य को मुद्रामा ।



गुरुदेव आचार्यश्री तुलसीको समवसरण, अहमदावादमा कर्मवीर रामलाल गोल्छाज्यूको सार्वजनिक अभिनन्दन हुंदा।

कर्मवीरज्यूको ८१औं जन्म दिनमा राष्ट्रिय पंचायतका सम्माननीय अध्यक्ष रामहरि शर्माज्यू द्वारा शुभेच्छा ज्ञापन। श्री जुद्धबहादुर श्रेष्ठ एवं सम्मानीय सरदार भीमबहादुर पाण्डेज्यू बस्नु भएको छ।

कर्मवीरको अशीति पूर्तिको उपलक्ष्यमा ब्रिटिश राजनयिक मिस्टर स्पेन द्वारा बधाई ज्ञापन। वायावाटः श्री रामहरि शर्मा, डा. तुलसी गिरी, श्री किर्तिनिधि बिष्ट, उपरथी श्री भृपालमान सिंह कार्की लगायत सम्माननीयज्यूहरू बस्नु भएको छ। श्री हंसराज गोल्छा स्वागतमा उभिनु भएको छ।



नेपालको ऐतिहासिक जनमत संग्रहमा मतदान गर्दै श्री रामलाल गोल्छा ज्यू

राष्ट्रिय भावना

आफ्नो राष्ट्रिय भावना प्रति सदा जागरूक रहने पूज्य बुवाज्यूले ८३ वर्षको उमेरमा असक्त रहदां रहंदै पनि कर्तव्य सम्झी राष्ट्रिय जनमत-संग्रहको मतदान केन्द्रमा गै आफनो मतको प्रयोग गर्नु भयो।

केही शुभ चिन्तकहरू सल्लाह दिन्थे सेठजी, केही लगानी तपाईले भारतमा पनि गर्नु पऱ्यो । फलाना काममा धेरै फाइदा छ । एउटै देशको भरोसामा मात्र बसेर पनि त हुँदैन । यस्ता कुराहरू सुनेर बुवाज्यूको मनमा धेरै पीर पर्दथ्यो र खिन्नताको स्वरमा भन्नु हुन्थ्यो-कृपया यस्तो कुरा म संग नगर्नु होला । तपाई नै विचार गर्नु होस, म नेपाल आएको बेला मसंग के थियो ? यसै माटाको देन हो जसले मलाई कहां देखि कहां सम्म पुऱ्याइदियो । आफ्नो मातृभूमि प्रतिकूल हिंडने सल्लाह उचित होइन । यहांको धन यहीं नै रह्यो भने, मलाई कुनै दुःख हुने छैन । जब सम्म मेरा हात खुट्टा चलि रहनेछन्, म भोकै त रहने छैन । मलाई नेपालमा नै काम गर्न र यहांको धन यहीं राख्नमा नै संतुष्टि छ । आगन्तुकहरू उहाँको राष्ट्रिय भावनाको कुरा सुनेर निरुत्तर हुन्थे । बुवाज्यूको कट्टर देश प्रेम र अटूट राजभक्ति एक आदर्श मिसाल थियो। राजाको सबारी विराटनगरमा हुंदा उहांको मनमा उत्साह र प्रफुल्लताकोतीव्र लहर दौडिन्थ्यो।

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन।
मा कर्मफलहेतुर्भू मा ते सङ्गोस्त्वकर्मणि।।
-श्री मद् भगवद् गीता

(अर्थ)

कर्म गर्ने तिम्रो अधिकार छ, फलको इच्छा राख्ने होइन
फल प्राप्तिको लागि प्रयास न गर, अकर्मण्य भै बस्ने पनि होइन

सामाजिक क्रान्तिका अग्रणी

उहाँ सामाजिक सुधारमा संधै अग्रणी रहनु हुनुहुन्थ्यो । कुरीतिहरूलाई हटाउन चाहनु हुन्थ्यो । मारवाडी महिलाहरूमा उसबेला पर्दा राख्ने कठोर प्रथा थियो, त्यसको दुर्गुणहरूको बारेमा संधै चर्चा गर्नु हुन्थ्यो । एक पटक कानपुरबाट फर्केर आउंदा भन्नु भयो-फलानाको घरमा मलाई भोजनमा निम्त्याउंदा निजको साथै उनकी धर्मपत्नी र छोरा-बुहारी र छोरीहरू सबै ले एउटै डाइनिंग टेबुलमा बसी भोजन गरे। घुम्टो नभएको हुनाले त्यस परिवारका सदस्यहरू निकै प्रगतिशील भएको र आपसी प्रेमभाव राम्रो भएको समेत कुराको बडो रोचक ढंगले व्याख्या गर्नु भयो । हाम्रो परिवारमा उहां कै सत्प्रेरणाबाट यस दिशामा सुधार हुन थाल्यो । वि. सं. २०११ सालको एउटा घटनाको स्मरण हुन्छ । विराटनगरमा अखिल नेपाल मारवाडी सम्मेलन भएको थियो। समाज सुधारक श्री तोलाराम दुगडज्यूले त्यस अवसरमा सम्मेलनको भावनाको प्रायोगिक रूप प्रस्तुत गर्न अग्रसरता देखाई आफनो घरमा त्यसको प्रयोग गर्नु हुंदा बुवाज्यूले उहांको अदम्य साहसको हार्दिक प्रशंसा गर्दै उहांको प्रयोग सफल बनाउन ठोस सहयोग गर्नु भयो ।

व्यक्तित्व-निर्माण

पूज्य बुवाज्यूको सत्संग र निर्देशनमा अनेकौं व्यक्तिले सामान्य तहबाट आफ्नो व्यक्तित्व निर्माण गर्न सकेका थुप्रै उदाहरण छन् । उहांको सत्संग शिक्षा र निर्देशनको अनुशरण गरेर कतिपय व्यक्तिले सामान्य तहबाट व्यवसाय प्रारंभ गरेर संभ्रान्त तहमापुगेका अनेक घटनाहरू मध्ये गोल्छा प्रतिष्ठानका हरेक सदस्यलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

मैले सामान्य शिक्षाको बाबजूद व्यवसायमा र उद्योग क्षेत्रमा काम गर्न सक्ने क्षमता बुवाज्यूकै सान्निध्यबाटनै पाएको हुं । भाइ हुलास लाई पनि बुवाज्यूकै सफल निर्देशनबाट एक इमान्दार, सक्षम र लगनशील उद्यमीको रूपमा परिचय प्राप्त भएको हो। यसरीनै ज्ञानचन्द दुगडको सफलतामा पनि बुवाज्यूकै प्रमुख भूमिका रहेकोछ ।



भू.पू.प्र.मं. श्री कीर्तिनीधि विष्ट र राजसभाका तत्कालीन सभापतिन वृ.ज. भूपाल मान सिंह कार्कीज्यूका साथ रामलाल गोल्छाज्यू ।

तत्कालीन उद्योग मन्त्री श्री विजय प्रकाश थेवे, मन्त्री सुशीला थापा, स्व. रामलाल गोल्छा, सम्माननीय राजसभा सदस्य स्व.विमला मास्के, सम्माननीय राजसभा स्थायी सदस्य कविवर सिध्दिचरण श्रेष्ठ।

८३ औं जन्मदिनमा राजसभा स्थायी समितिका अध्यक्ष वृ. ज. भूपालमानसिंह ज्यू द्वारा बधाई। चित्रमा बायां भू. पू. प्रधानमन्त्री डा. तुलसी गिरीज्य तथा दायां भू. पू. प्रधान मंत्री कीर्तिनिधि विष्टज्यू हुनुहुन्छ।



गोल्छा ज्ञान-मन्दिर काठमाडौंको सभाकक्षमा महावीर महोत्सवको अवसरमा तत्कालीन प्र.मं.डा.तुलसी गिरी सम्बोधन गर्नुहुँदै।

उहाँका मान्यताहरू

शरीर र आत्मा दुई फरक चीज हुन्। आत्मा शक्ति हो भने शरीर नश्वर हो। भगवान भित्र नै छन् । मानिस कसैको कुभलो गर्दछ भने त्यसको खराव फल उसले अवश्य पाउने छ । राम्रो गर्छ र भलाई गर्छ भने त्यसको फल पनि राम्रै पाउने छ। मरे पछि सवै वस्तु यहीं रहने छन् । भलो र कुभलो फल मात्र संगै जाने हो । आफ्नो शरीर जसलाई यति प्रेम गरेर राखिन्छ त्यो पनि आफ्नो होइन-आदि अनेक कुराहरू बुवाज्यू बारम्बार भनी रहनु हुन्थ्यो।

उहाँ भन्नु हुन्थ्यो प्राणी, आत्मा र शरीरको संयोग मात्र हो । आत्मा बाट शरीरमा शक्ति आउंछ । आत्मा शरीर भित्रै छ, शरीर त खोल मात्र हो । आत्मा जब निस्कन्छ खोल काम नलाग्ने हुन्छ । तर मान्छेले नराम्रो काम गर्दा यस्ता कुरा कहिले पनि सोच्दैन । उहाँ भन्नु हुन्थ्यो-हाम्रो भन्ने केही पनि छैन । न शरीर हाम्रो हो न छोरा-छोरी । सब माया हो । मायाबाट मुक्त भएपछि मात्र व्यक्तिले केही गर्न सक्छ । मायाबाट मुक्त साधु मात्रै हुन्छन्। मैले सबैलाई बराबर संझेको छु, छोरा छोरी बुहारी या कुनै अन्य व्यक्ति प्रति मेरो मनमा भेदभाव छैन।

कर्मवीरका अनुभवगत उपदेशहरू

* सदा सबैको भलो चिताऊ ।
* कहिल्यै कसैसंग दुश्मनी नगर ।
* दुश्मनको पनि कुभलो नचिताऊ ।
* सबै संग मीठो व्यवहार गर ।
* कसैलाई ठग्ने कोशिश नगर्नू ।
* पूर्ण लगनले काम गर्नू ।
* सबै संग हांसेर कुरा गर्नू ।
* कसैको चित्त दुखाउनु ठूलो पाप र अपराध हो ।
* आफ्नो भूल न लुकाई सुधार्दै हिंड ।
* कहिल्यै निषिद्ध र अनुचित व्यापार नगर्नू ।
* सत्कार्यको खर्चमा कहिल्यै अभाव हुंदैन ।

महाप्रयाणको प्रयत्न

स्वर्गारोहणको चार दिन अगाडिको कुरा हो। बुवाज्यूले मलाई सोध्नु भयो-आज कुन दिन हो ? आवाज धेरै अस्पष्ट भई सकेको थियो । बडो मुश्किलले मात्र बोलेका कुराहरू बुझिन्थे । मैले भनें- दिन सोध्नु भएको हो कि बुवाले ? उहाँले मुन्टो हल्लांए पछि मैले भने बिहीवार । अर्को कुरा बडो मुश्किलले के बुझियो भने बुवाज्यूले समय सोध्नु भएको रहेछ । मैले ११ बजेको समय बताएं । त्यो सुनेर केही सोच्न थाल्नु भयो, सायद उहाँ आफ्नो महाप्रयाणको शुभ दिनको बारेमा सोच्न लागि रहनु भएको होला, किनभने बि.सं. २०३६ को महावीर जयन्तीको दिनको घटना मलाई राम्ररी याद रहेको छ । ५,१० दिन पहिले नै यहां नभएका सबै परिवारलाई बुवाज्यूले बोलाउनु भएको थियो । त्यो दिन पनि सधै जस्तो बिहानै हामी उहाँको दर्शन गर्न गएका थियौं । त्यस वेला बडो प्रेमले मेरो टाउकोमा हात राखेर मलाई आशीर्वाद दिंदै सदा आनन्द गर्नू, मोज गर्नू, भगवानले तिमीलाई कुनै कष्ट नदिउन् । आज सम्म मैले भनेको र सुनाएको राम्रो नराम्रो कुरालाई माफ गर आदि अनेक वाक्य भन्नु भयो। त्यस पछि नोकरलाई पठाई सबै परिवारलाई बोलाउनु भयो । सबैलाई अनेकानेक आशीर्वाद दिंदै भन्नु भयो "मानिस सधै जीवित रहन सक्दैन, आजको दिन धेरै नै श्रेष्ठ छ म आज जांदैछु कसैले दुःख नगर्नू, न रूनू, मान्छे आउंछ, उसले एक दिन जानै पर्छ" । खान-पान सबै बन्द गर्नुका साथै महाप्रयाणको तैयारी गर्न थाल्नु भयो। उहाँ एउटा बंगला भाषाको पात्रो बराबर हेर्ने गर्नु हुन्थ्यो । त्यस दिन पनि मुहूर्त हेर्नु भयो, अन्तिम तिथि राम्रो देखियो । हामीहरूलाई यात्रा गर्ने बेलामा र शुभ काममा मुहूर्त न देखाई चित्त बुझ्दैनथ्यो । उहाँ यहां नभएको वेलामा कहिले काहीं पंडितलाई साइत देखाउथ्यौं । तर बुवाज्यूलाई आफैले पात्रो नहेरे सम्म पत्यार हुंदैनथ्यो । कति पटक त पंडित लाई बोलाई शास्त्रार्थ गर्नु हुन्थ्यो यो साइत तपाईले कसरी ठहऱ्याउनु भयो ? यसमा यस्तो दोष छ र यो सर्वथा वर्जित छ ।

पंडितहरूले पनि आखिरमा उहांको भनाइ नै मान्नु पर्दथ्यो । यस प्रसंगमा मलाई एक पटकको एउटा महत्वपूर्ण घटना याद आउंछ । मेरो साला कमल सिंह बैगानीको विवाहको लागि भोलिपल्टै जन्ती जानु थियो । दुवै तिरबाट तयारीहरू भै सकेका थिए, पाहुनाहरू आई सकेका थिए । पूज्य बुवाज्यूलाई बोलाउन तार पठाइयो तर जवाव के पाइयो भने यस तारिखमा कुनै लगन बन्दैन धेरै नराम्रो दिन छ । अतः विवाह कसरी गर्दछौ ? बुवाज्यूको तार आए पछि के गर्ने के नगर्ने हामीलाई निर्णय लिन कठिन भयो । सांझ तिर तार आइ पुगे पछि अर्का पंडितलाई साइत देखाउंदा वास्तवमा विवाहको साइत गलत रहेछ । रात भरि सल्लाह मात्रै गरियो । बिहान बरियाती (जन्ती) जानु थियो । धेरै ठूलो समस्या उत्पन्न भयो । अन्तमा

विवाह स्थगित गरी ४ दिन पछिको राम्रो लगनको दिन नै विवाह गर्ने निर्णय गरी तुरून्तै जन्तीजाने ठाउँ भारतको बेलडाँगा भन्ने सहरमा विराटनगरबाट मोटर द्वारा केटी पक्षलाई संपूर्ण खबर पुऱ्याइयो तथा साथमा उहाँहरूलाई भनियो तपाईहरूले यस्तो साइत कसरी निकाली पठाउनु भयो जबकि साइतनै छैन । केटी पक्षमा आएका कैयौं मानिसहरूले चार दिन सम्म त्यहीं बस्नु पऱ्यो। जसलाई ज्यादै जरूरी थियो उनीहरू गएर फर्केर आए । केही त आउनै सकेनन्।

त्यही २०३६ महावीर जयंतीको दिन ४ बजे सांझ सम्म केही पनि भएन । उहाँ अनाहार व्रतमा बस्नु भएको थियो । तव ४ बजे हामी सबै परिवारको उपस्थितिमा पलंगको छेउ भुईमा सबै कपडा खोलेर एउटा लगाई राखेको धोती मात्र राखेर महाप्रयाणको तयारीमा बुवाज्यू ध्यान मग्न हुनु भयो । केही बेर पछि उहाँको गर्धन एकातिर झुक्यो सबै दुःखी भई हेर्दै रहेका थियौं । यसरी हेर्दा अंन्दाजी एक घन्टा बित्यो तब हामीलाई कस्तो लाग्यो भने अब उहाँढल्नु हुनेछ।

अतः मैले सहन सकिन र महाप्रयाणमा वाधा पुऱ्याएं। गर्दनलाई उठाउन मैले पूरा जोर लगाएर प्रयत्न गरें तथापि गर्दन ठाडो पार्न सकिएन।

तब अर्को व्यक्तिको सहयोग लिएर उहांको गर्दनलाई सिधा समातेर राख्यौं। केही बेर पछि उहांको ध्यान टूटयो र भन्न थाल्नु भयो- मर्न बडो मुस्किल हुंदो रहेछ। मृत्यु न आई मर्ने प्रयास गर्दा पनि सकिदो रहेन छ।

हामीले सोध्यौं- आज तपाई किन यस्तो गर्न चाहदै हुनु हुन्छ ? उहां भन्नु थाल्नु भयो "तिमीहरू बुझ्दैनौ, आज अत्यन्त शुभ दिन थियो, यदि म मरि हालेको भए तिमीहरू सबै परिवारको ठूलो भलाइ हुने थियो।

तर हामीहरूले निवेदन गऱ्यौं- हाम्रो भलाइ त तपाई जिउंदो रहंदा मात्रै हुन्छ।

अहिंसा परमो धर्मः
अहिंसा परम धर्म हो

सत्यमेव जयते नानृतं
सत्य डगदैन, झूठो तकदैन

दृष्टिदानी तथा कुशल व्यवस्थापक

केही दिन पछि उहाँले विराटनगरमा आंखाको अस्पताल खोल्ने इच्छा व्यक्त गर्नु भयो । हामीले राम्रो साइत सोध्दा उहाँले पात्रो हेरेर ३ अप्रैल १९८० को साइत बताउनु भयो । तदनुसार हामीहरूले अंचलाधीश आदि अनेक व्यक्तिहरूको उपस्थितिमा उहाँ कै करकमलबाट शिलान्यास गरायौं। उहाँ शिलान्यास गर्न राजी हुनुहुन्नथ्यो । उहांको भनाइ थियो-मलाई आरम्भ-समारम्भ (घर बनाउंदा हुने हिंसा) मा किन लगाउंछौ? कुनै अन्य व्यक्तिलाई लगाओ, तर परिवारको आग्रहलाई उहांले नकार्न सक्नु भएन र तत्कालीन अंचलाधीश शत्रुघ्न प्रसाद सिंह र गण्यमान्य व्यक्तिको उपस्थितिमा पूज्य बुवाज्यूले नेत्र-चिकित्सालयको शिलान्यास गर्नु भयो।

शिलान्यास भएको करीब २ वर्ष पछि **श्री ५ महाराजाधिराज सरकारको** विराटनगर सवारी हुने कार्यक्रम आयो । सवारी हुन २ महीना मात्र बांकी थियो। बुवाज्यूले आदेश दिनु भयो-यस समय भित्र जसरी भए पनि अस्पताल पूरा हुनु पर्दछ। हामीहरूले पूरा सर्वेक्षण गर्दा कम्तीमा पनि ५,६ महीना नभई पूरा नहुने देख्यौं, इन्जिनियर आदि सबैको सल्लाह यस्तै थियो। त्यो कुरा हामीले उहांलाई अनुरोध गऱ्यौं किनकि अहिले केवल ढांचा मात्र तयार छ भित्र बाहिर पूरा पलस्तर, पाइप लाईन, विजुली लाइनको फिटिंग, रंग रोगन तथा भऱ्यांगहरू र चारैतिरको कारनीस आंगन, पर्खाल,गेट, फूल, बगैचा,आदि सबै काम बांकी नै छन् । तब उहांले भन्नु भयो मुस्किल, त छ, असम्भव त छैन ? हामीले फेरि भन्यौं २ महीना भित्र पूरा हुन असम्भव सम्झनुस्। तब उहाँले उत्साह साथ आंट गरेर भन्नु भयो-असम्भव भन्ने शब्द मेरो शव्दकोष मै छैन, तिमीहरू एकदमै निराशावादी छौं । तिमीहरूलाई कुनै काम गर्न जाँगर कसरी आउला? उहाँले तुरून्तै परिवारका सबै सदस्यलाई बोलाई बेग्ला-बेग्लै कामको जिम्मेवारी बाँडी दिनु भयो। कलकत्तामा बसी जुन सुकै आवश्यक सामग्री तुरून्त पठाई दिनु पर्ने मेरो जिम्मा लगाइयो । काठमाडौं बाट पठाउनु पर्ने आवश्यक सामग्री तुरून्त पठाई दिने अभिभारा भाइ हुलासलाई दिंदै भन्नु भयो प्राविधिक रेखदेखका साथ-साथै संपूर्ण काम गराउनु तिम्रो काम हो। नाती महेन्द्रलाई बोलाएर भन्नु भयो "तिम्रो दाजु दिवाकरले भयंकर अग्निकांड भएको ६ महीना भित्रै पूरा अवशेष (मलवा) हटाएर जूट प्रेस तथा राईस मिल दुवै चालू गरेका थिए तथा सम्पूर्ण गोदाम पुनः निर्माण गराएका थिए। उनी पनि पढाई सिध्याएर आएका थिए। तिमी पनि पढाइ सिध्याएर हालै आएका छौ। यो काम २ महीना भित्र सम्पन्न हुनु पर्दछ, यो भन्दा बढी म केही जान्दिन। यस अस्पताललाई अस्पताल संझेर होइन मंदिर संझेर काम गर्नु पर्दछ भनेर संझाउनु भयो। आफ्नो घर भन्दा पनि राम्रो सामग्री यसमा लाग्नु पर्दछ। यसै काममा राजस्थानको कोटाबाट झिकाएका पत्थरहरू र राम्रा मोजायकको काम हुनु पर्दछ, जस्तो पायो त्यस्तो

होइन। "उहाँ वास्तवमा कुशल व्यवस्थापक हुनुहुन्थ्यो" छोरा महेन्द्रले त्यसै दिन देखि रात-दिन एक गरेर काम सुरू गराए। राति १२ बजे सम्म आफैं त्यहीं रहन्थे। काठमाडौं कलकत्ता तथा फारबिसगंजबाट र सबै स्थानबाट सबै प्रकारका मिस्त्रीहरू जम्मा गरियो। करीब १५० मिस्त्री र मजदूर रात-दिन काम गर्दथे। अब खालि घर बनाउने कुरा मात्र पनि होइन अस्पतालका कोठा भित्र चाहिएका सामग्री जस्तै रोगीका लागि शय्या, साइड टेबल तथा कुर्सी , दराजहरू आदिका साथ साथै सुसज्जित अपरेशन थिएटर सबै प्रकारको फर्निचर वा फर्निशिंग सामान पनि समयमा चाहिन्छ। ती सबै चीजहरू बनाएर समयमा सप्लाई गर्ने काम चि. ज्ञानचन्द दुगडको जिम्मामा दिइयो। उनले पनि दिन रात हुलास इन्जिनियरिग वर्क्स नामक फर्निचर उद्योग चलाएर तैयार गराए। अपरेशन टेबल, औजार राख्ने आलमारी आदि जति कुरा यहाँ बन्न सक्दैनथे वा तत्कालै भ्याइदैन थियो ती सबै कलकत्ताबाट किनेर विशेष व्यक्तिहरूका साथ लगाएर मैले पठाउँदै गरें। किन भने त्यहाँ पनि आवश्यकता अनुसारका तयारी रूपमा नपाइने सामान बनाउन लगाउनु पर्‍यो। त्यस माथि त्यहाँ बिजुलीको लोड सेडिंगको समस्याले समयमा सामान पाइएन । धेरै दौड धूप पछि अन्ततः उद्घाटनको दिन सम्ममा बाँकी सबै सामान पुगे। उहाँको दूर-दर्शितावाट नसकिने ठानिएको काम पनि समयमै सम्पन्न भयो। उहाँ स्वयं ८४ वर्षको अस्वस्थ अवस्थामा व्हील चेयरमा बिहान र बेलुका दुवै समय अस्पताल जानु हुन्थ्यो र सबैलाई साहस दिनु हुन्थ्यो। यसै कामको लागि पटक पटक कलकत्ता तथा काठमाडौं आफैं फोन द्वारा निर्देशन दिनु हुन्थ्यो।

जो सहस्सं सहस्साणं, संगामे दुज्जए जिणे
एगं जिणेज्ज अप्पार्ण, एस से परमो जिओ
- भगवान महावीर

दुर्जय संग्राममा जसले हजारौ हजार योद्धाहरूलाई जित्दछ
उस भन्दा पनि ठूलो योद्धा त्यो हो जसले आफ्नो आत्मालाई जित्दछ।

समुद्घाटन समारोह

आखिर त्यो उद्घाटनको दिन पनि आयो, जसको हामी प्रतीक्षामा थियौं। उहाँमा खुशीको कुनै सीमा थिएन। उहाँमा उमंग र उत्साहको कुनै पारावार थिएन।

समुद्घाटन **श्री ५ बडा महारानी सरकारको** बाहुलीबाट हुने निर्णय भयो। तर उहाँले आत्मविश्वास साथ भन्नु भयो त्यस उद्घाटनको शुभ अवसरमा स्वयं **श्री ५ महाराजाधिराज सरकार** पनि अवश्य नै सवारी होई बक्सिने छ। मानिसहरू भन्थे तपाई गल्ती कुरा भनि रहनु भएको छ । जहाँ उद्घाटन साम्राज्ञीबाट हुन्छ त्यहाँ सम्राटको सवारी होला जस्तो लाग्दैन । तर उहाँले के भन्नु भयो भने यो कुरा त समयले नै बताउने छ। यो उहाँको अन्तर-आत्माको अभिव्यक्ति थियो। वास्तवमा **श्री ५ महाराजाधिराज सरकार** स्वयं **श्री ५ बडा महारानी सरकारका** साथ आदर्श विद्यालयको प्रांगण स्थित हेलीपेडबाट पैदल सिधै अस्पताल सवारी होइबक्सियो। सारा मानिसहरू आश्चर्यचकित भए।

श्री ५ बडा महारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको बाहुलीबाट १८ शय्या भएको रामलाल गोल्छा नेत्र चिकित्सालयको समुद्घाटन सम्पन्न हुने बेलामा, उहाँले अन्तरात्मा देखि राजपरिवारको जय-घोष गर्दा अत्यन्त आल्हादित देखिनु हुन्थ्यो। **श्री ५ महाराजाधिराज सरकारबाट** उहाँको आत्मीय निवेदन अनुकम्पा राखी सुनि बक्सियो र यसरी आफ्नो मनको कुरो आफ्ना प्यारा राजालाई सुनाउन पाएकोमा उहाँले आफुलाई धन्य ठान्नु भयो। जुन् बेला **श्री ५ बडा महारानी सरकार**को हजूरमा रू. १,११,१०१।- को थैली भेट गरि रहनु भएको थियो त्यस बेला उहाँमा हर्षको कुनै सीमा थिएन। मौसूफहरूबाट पनि उहाँको मूक भावनालाई वुझी बक्सियो र निर्धारित २० मिनेटको समयको साटो असीम निगाह साथ त्यहाँ ४० मिनेटको समय बक्स भै प्रत्येक कक्ष र उपकरणको रूचिपूर्वक निरीक्षण गरी बक्सियो। शय्या नजर गरी बक्सिदा" यी कहाँ बनेका हुन्" भनी श्री ५ बाट हुकुम हुँदा हामीले हुलास इंजिनियरिंगमा बनेको छ सरकार भनी विन्ती चढायौं।" आदेश मुताबिकका अन्य सामान पनि बनाउन सक्तछौ", कि भनी सोधनी गरी बक्सदा "बनाउन सकिन्छ सरकार" भनी विन्ती चढाउँदा सरकारबाट प्रसन्नता व्यक्त गरि बक्सेको थियो।



रा. गो. नेत्र चिकित्सायलयको समुद्घाटन अघि राष्ट्रनायक श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट संस्थापक कर्मवीरज्यू र वहाँका परिवार सित परिचय प्राप्त गरिबक्संदा

श्री ५ महाराजाधिराजबाट सुशोभन सम्बन्धी जलपान समारोहमा कर्मवीरज्यूले बिन्ती चढाउनु भएको कुरामा हुलासचन्द गोल्छालाई निर्देशन बक्सँदै।

राजकीय सम्मान

राष्ट्रपिता स्व. श्री ५ त्रिभुवन, स्व. श्री ५ महेन्द्र एवं राष्ट्रनायक **श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकार** सहित राजपरिवारका तीनै पुस्ता प्रतिको अनन्य राजभक्तिको फलस्वरूप राजपरिवारबाट पनि उहाँलाई बडो स्नेह बक्स भएका उदाहरण स्मरणीय छन्। सन् १९७१ मा स्व. श्री ५ महेन्द्रबाट अत्यन्त कृपा र असीम निगाह बक्स भएर उहाँलाई प्रबल गोरखा दक्षिण बाहुको मानपदवीको विभूषण बक्सिएको थियो।

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार बाट पनि अत्यन्त निगाह बक्स भई सन् १९८३ वि.सं. २०३९ सालमा उहाँलाई विभिन्न विकास कार्यमा प्रसंशनीय सहयोग गरेको हुँदा प्रबल गोरखा दक्षिण बाहुको मानपदवी लाउनाको अधिकार र सो सम्बन्धी मान मर्यादा औ हक समेत बक्सन योग्य ठहऱ्याई सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु (प्रथम श्रेणी) को अत्युच्च मान पदवी बक्सियो। त्यस बेला बुवाज्यूको गोडामा धेरै पीडाको कारणले टुंडिखेलको मैदान स्थित धेरै अग्लो शाही सैनिक मंचमा बुवाज्यू चढ्न असमर्थ हुने कुरा पहिले नै बिन्ती जाहेर गरी सकिएको थियो, तर तक्मा ग्रहण गर्ने बेलामा व्यवस्थापकहरूले के अनुरोध गरे भने मंच माथि नै पाल्नु भएमा ज्यादा राम्रो हुने छ। उहाँले पीडाको कारणले असमर्थता व्यक्त गर्नु भए पनि तक्मा बक्स हुने समयमा भने अदम्य साहसको परिचय दिनु भयो र त्यस अग्लो मंचको खुडकिला चढेर मौसूफ सरकारका सामु हाजिर हुनुका साथै **राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार** का बाहुलीबाट सुशोभित हुनु भयो।

धार्मिक सम्मान

कर्मनिष्ठ व्यक्ति, कसैले केही सम्मान दिन्छ कि भनेर लोभमा पर्खिंदैन, लोभिंदैन। तर व्यक्तिले गरेको सुकार्यको अन्य व्यक्ति वा संस्थाले मूल्यांकन गर्दछन्, अलंकृत गर्दछन्, किन भने त्यसबाट राम्रो काम प्रति उत्साह, प्रेरणा र प्रोत्साहन प्राप्त हुन्छ। बुवाज्यूले आफ्नो जीवनमा धार्मिक, सामाजिक, शैक्षिक, व्यावसायिक र औद्योगिक क्षेत्रमा जति सेवा गर्नु भयो, त्यसबाट राष्ट्रिय हित, श्रमको सम्मान र मानवीय सेवा नै भएको छ। गुणग्राही नेपाल राष्ट्र नेपाली जनता र अन्य धार्मिक व्यक्तिहरूबाट बुवाज्यूलाई जीवनकालमा र जीवनान्तकालमा पनि विभिन्न सम्मान र सम्बोधन प्राप्त भएका छन्।

बुवाज्यूको धर्म शासनको सेवा तथा धार्मिक भावनाबाट प्रसन्न भएर अणुव्रत अनुशास्ता युगप्रधान आचार्यश्री तुलसीले मरणोपरान्त उहाँलाई "शासन-भक्तको" संबोधनले अलंकृत गर्नु भएको छ।

यसै गरी अर्न्तराष्ट्रिय धर्म-संसद, नयाँ दिल्लीले पनि बुवाज्यूलाई मरणोपरान्त सर्वोच्च स्मृति सम्मान "धर्मचक्र" प्रदान गरेकोछ।

धर्म-चक्रको प्रशस्तिपत्रमा "भारतीय संस्कृति, सनातन मानव धर्मको उल्लेखनीय सेवा गर्नु भएबाट दिवंगत महापुरुष अमर विभूति श्री रामलाल गोल्छा, नेपाललाई सर्वोच्च स्मृति सम्मान 'धर्म-चक्र' " प्रदान गरिएको-कुरा उल्लेखित छ।

समाज सेवी तथा शिक्षा अनुरागी

उहाँ प्रारम्भ देखि नै शिक्षा प्रति प्रगाढ रूचि राख्नु हुन्थ्यो। यो त्यस वेलाको कुरो हो, जुन वेला अधिराज्यमा काठमाडौं बाहेक अन्य कतै पनि महाविद्यालय थिएनन्। त्यस्तो बेलामा विराटनगरमा एउटा कलेज खोल्ने भावना उहाँको मनमा स्वतः जागृत भएको थियो।

गरीव परिवारका प्रतिभाशाली छात्र पढाइबाट बंचित रहन्थे, किनभने त्यति बेला यातायातको सुगम व्यवस्था थिएन. भारत हुँदै बीरगंज, अमलेखगंजको विकट बाटो हिंड्दै काठमाडौं जानु पर्दथ्यो। काठमाडौंको खर्च बेहोर्न पनि गरीब विद्यार्थीहरू असक्षम हुन्थे। बिराटनगरमा पनि एउटा मात्र आदर्श उच्चविद्यालय थियो। शैक्षिक दयनीयता प्रतिको चिन्ता, शिक्षा प्रेम र पूर्वाञ्चलमा कलेज स्थापना हुनै पर्दछ भन्ने भावनाले ओतप्रोत भै आदर्श उच्च विद्यालयको नजिक रहेको आफ्नो १ बिघा जगामा १ लाख रूपियाँ लगाएर कलेजका लागि भवन बनाएर दिने भनी राष्ट्रपिता श्री ५ त्रिभुवन सरकारको जुनाफमा बुवाज्यूले बिन्ती चढाउनु भयो।

मौसूफबाट असीम निगाहसाथ स्वीकृति प्रदान गरी शिलान्यास समेत गरी बक्स्यो। अत्यन्त उत्साहपूर्वक गराएको काम अब अगाडि बढाउनु परेको थियो। बिराटनगरका स्थानीय बुद्धिजीवी, शिक्षा-प्रेमी र केही विशिष्ट व्यक्तिहरूको भावना जागृत हुनु स्वाभाविकै थियो। आपसी छलफल सुरु भयो। शिलान्यास भएको स्थान भविष्यको वृहत् योजना भएमा सानो हुन सक्ने संभावना व्यक्त भई निर्माण योजना स्थगित गराइयो। केही समयको अन्तरालमा कलेज बनाउने बृहत् योजना स्वीकृत भए पछि पूज्य बुवाज्यूलाई बोलाई "तपाईको कलेज बनाउने सपना साकार हुंदैछ- बृहत् योजना पास भएकोले- यहाँ कलेज बनाउनु भएमा स्थान सानो भई त्यति उपयोगी हुंदैन, तसर्थ श्री ५ त्रिभुवनबाट शिलान्यास भएको जगामा आदर्श विद्यालयका निमित्त बहुउद्देश्यीय छात्रावास हामी बनाउँछौं र तपाईबाट रू. एक लाख लगानी गरिने रकमबाट नयाँ योजना अनुसार निर्माण हुने महाविद्यालयको परिसर भित्र छात्रावास बनाई दिनु होस् भन्ने प्रस्ताव दिइयो। विराटनगरका बरिष्ठ बुद्धिजीवीहरुको राय र आग्रहको कदर गर्दै उहाँहरूको भावना अनुरूप निजहरूको योजनाअनुसार नै शिक्षाप्रेमी सरल हृदय बुवाज्यूले उदारतापूर्वक सम्पूर्ण सुविधायुक्त २ तल्ले छात्रावास आफ्नो संकल्पित रकम भन्दा बढी नै खर्च गरी बनाई तत्कालीन प्रधानमन्त्री श्री सूर्यबहादुर थापाबाट उद्घाटन गराइयो।

श्री ५ बडामहारानी सरकारबाट बाल व्यवसायी केन्द्र, प्रा. भवनको विस्तारित भवनको निरीक्षणका अवसरमा
श्री रामलाल गोल्छाबाट मौसूफका बाहुलीमा माल्यार्पण
चित्रमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा परिलक्षित हुनुहुन्छ।

बाल व्यवसायी केन्द्र, काठमाडौं अन्तर्गत रामलाल गोल्छा विद्यालय भवन

रामलाल गोल्छा नेत्र चिकित्सालय भवन, विराटनगर ।

आदर्श बहुउद्देश्यीय विद्यालयको छेउको १ बिघा जमिनमा सरकारी निर्णय बमोजिम बहुउद्देश्यीय विद्यालयका साथै छात्रावास त बनाइयो तर पछि गएर श्री ५ को सरकारको नीति निर्णय र गोल्छा परिवारको लक्ष्य र भावना विपरीत त्यसमा शिक्षा कार्यालय स्थापित भयो।

काठमाडौंको सिफलमा निरीह बालबालिकाहरूको पुनरूत्थान निम्ति बाल-व्यवसायी केन्द्र स्थित बहु-उद्देश्यीय पाठशालाको दुई तल्ले भवनको निर्माण, झापाको खजुरगाछीमा स्कूल भवनको निर्माण, रामगंज (सुन्सरी) मा स्कूल भवनका लागि १ विघा जग्गा प्रदान, विश्वविद्यालयलाई अनुदान, बाल मन्दिरहरूलाई अनुदान, छात्रवृत्तिहरू र पुरस्कारको संचालन, नेपाल तथा भारतका अन्य शिक्षण संस्थाहरूमा अनुदान र अनेक धार्मिक र नैतिक ग्रन्थहरूको प्रकाशन आदि उहाँ बाट सम्पादित कार्यहरू उल्लेखनीय छन्। धार्मिक साहित्य प्रकाशन, गोल्छा-ज्ञान-मन्दिरको स्थापना, देवकोटा-स्मारक निर्माण, पशुपति गौशालामा ३ कोठे भवन निर्माण का साथै अन्य सामाजिक कार्यमा उहाँको योगदान, महत्वपूर्ण दैवी प्रकोप सहायता, धार्मिक अनुष्ठान, स्वास्थ्य संस्थाहरू तथा नेत्र-दान-यज्ञहरू **श्री ५ त्रिभुवन स्मारकको** जिर्णोद्धार, अतिथि सदन, वीरेन्द्र सभागृह, कोशी अंचल अस्पतालमा चिकित्सा कक्ष, धूम्रपान, मद्यपान निषेध, राष्ट्रिय बाल कोष, परोपकार, रेडक्रस, विराटनगरकालागि रक्त-संचय केन्द्रको कक्ष निर्माण आदि अनेक त्यस्ता क्षेत्र छन्, जसलाई उहाँले खुला हृदयले अनुदान दिनु भयो। साथै दिवंगत हुनु भन्दा अगावै त्यस्ता अनेक अनुदानका लागि निर्देश समेत गर्नु भयो। गोल्छा ज्ञान-मन्दिर, श्री रामलालजी धापीदेवी गोल्छा च्यारिटी ट्रष्ट तथा रामलाल गोल्छा नेत्र चिकित्सालय (विराटनगर) उहाँका बृहद् परोपकारी अनुष्ठानहरू हुन्।

चिन्ता होइन, चिन्तन गर
व्यथा होइन, व्यवस्था गर
प्रशस्ति होइन, प्रयोग गर
- युगप्रधान आचार्यश्री तुलसी

चिकित्सा प्रसंग

कलकत्तामा हृदयरोग विशेषज्ञ डा.पी.आर. शाह, वरिष्ठ चिकित्सक डा. ए.बी. मुखर्जी, क्यान्सर विशेषज्ञ डा. ए.पी.मजुमदार, किडनी विशेषज्ञ डा. नन्द, हडडी विशेषज्ञ डा. दत्ता, एनेस्थेसिया विशेषज्ञ डा. गुलास एवं डा. नरेन्द्र सेठिया आदि चिकित्सकहरूले संपूर्ण रिपोर्टहरूको विश्लेषण गरे, तर ज्वरोको कारण पत्ता लगाउन सकेनन् । डाक्टरहरूले रिपोर्टहरूबाट पनि कुनै अन्य विकार र खतरा हुने संकेत पाइरहेका थिएनन् । यता ज्वरो भने प्रत्येक दिन १ अथवा आधा डिग्री बढ्दै गई रहेको थियो र बढ्दा बढ्दै १०४ सम्म पुग्यो । यही नै डाक्टरहरूको चिन्ताको कारण रह्यो । सबैले के निश्चय गरे भने पहिले ज्वरोलाई ठीक गर्ने, त्यस पछि अन्य रोगको इलाज गर्ने । सबैले प्रेडनीसोलोन औषधि अत्यधिक मात्रामा प्रयोग हुनु नै समस्याको मूल कारण बताए । गोष्ठीका समयमा डा. ए. बी. मुखर्जीले बंगला भाषामा बुवाज्यूसंग कुराकानी गरे । त्यतिबेला उहांले बंगलामा प्रत्युत्तर दिनु भयो । किनकि उहां हिन्दी, गुजराती आदि अन्य भाषाहरूका साथै बंगला भाषा पनि राम्ररी जान्नु हुन्थ्यो । डा. ले सोधे तपाई मलाई चिन्नु हुन्छ ? बुवाले हर्षित हुदै भन्नु भयो अहो ! तपाई त धेरै वर्ष पछि भेटिनु भयो । तपाईका छोरा छोरीलाई कस्तो छ ? तपाईलाई कस्तो छ ? यसरी अनेक कुरा सोधे पनि आफ्नो पीडाको विषयमा भने केही भन्नु भएन । डा. ले सोधे तपाईलाई के पीडा छ, तपाईलाई कस्तो छ ? त्यति बेला साधारण उत्तर दिनु भयो-ठीकै छ । यसबाट पनि के स्पष्ट हुन्छ भने उहाँ आफ्नो कष्टको वास्ता नगर्ने तर अरूको भने धेरै हित चिन्तन गर्नु हुन्थ्यो ।

उहाँ हिंडडुल गर्न सक्नु हुन्न थियो । पिठ्यूंमा कति सम्म पीडा थियो भने शौच गर्ने भांडो पनि उहाँ प्रयोग गर्न सक्नु हुन्न थियो । त्यसको लागि बनेको विशेष प्रकारको पैड बैंककबाट झिकाइयो जसमा दिशा पिसाव (शौच) गर्नु हुन्थ्यो। भारी शरीर तथा फ्रेकचर,र पेट र पिठयूं अत्यन्त नै दुख्नाको कारण ३/४ जना मान्छे लागेर उहांलाई ओछ्यानमा यताउता सारिदिन्थ्यौं, त्यतिबेला उहाँलाई धेरै पीडा हुन्थ्यो, तर पीडाबाट उहाँ के विचलित हुनुहुन्थ्यो र ! उहांले त शरीरको मोह, माया बिल्कुलै छोडी सक्नु भएको थियो । बोल्दा पनि धेरै कष्ट हुन्थ्यो, किन भने छातीमा कफ जमी सकेको थियो । पेट ढुस्स भई फुली सकेको थियो । चिकित्सकले मेशीन द्वारा पेट तथा छातीबाट बाल्टीन भरी जति कफ निकाले, जसले गर्दा एक पटक त उहाँको पेट धेरै हलुंगो भयो । त्यसको साथ साथै उनीहरूले नाकमा आधा इन्च मोटो पाईप लगाई दिए । त्यस पाईपबाट जब उहाँको कफ आउंदथ्यो त्यसमा सानो पाईप हालेर मेशीनबाट सफा गर्दथे र त्यसै पाईपबाट अक्सिजन ग्यास पनि दिन्थे । नाकको अर्को प्वालमा एउटा लामो पाईप लगाइयो जसबाट डा हरूले उहाँलाई खाना ख्वाउन थाले,

पिसाब गराउनको लागि नली पनि फिट गरी दिइएको थियो, पटक पटक गरेर कहिले दुवै गोडाबाट र पछि हात द्वारा ग्लूकोज दिन थालियो। यी थिए डाक्टरहरूका चक्कर। बिचार गर्नुस्, एउटा हात भाँचिएको थियो जसलाई हल्लाउन सक्नु हुन्न थियो, दोश्रो हातमा ग्लुकोज दिइन्थ्यो। चिकित्सकलाई के डर थियो भने कतै हात न हल्लाई दिउन्। यस कारण औंलाहरू सम्म हातलाई आड दिएर एउटा ठोस् पट्टी लगाई बाँधी पुनः खाटमा बाधी दिइएको थियो किनभने चिकित्सकलाई डर थियो कहीं नाकको पाईप ननिकाली दिउन् । उता पिठ्यूंमा भयंकर वेदना। उत्तानो पारेर दुवै हात बाँधी यदि कुनै स्वस्थ व्यक्तिलाई पनि सुताई दिने हो भने कति तकलिफ हुन्छ, भने 'त्यसमा पनि बिरामीलाई यति कष्ट दिनु हामीलाई असह्य हुन्थ्यो तर हामी विवश थियौं। हामी जे गर्न सक्दथ्यौं गर्दथ्यौं, २४ घण्टा प्राइवेट डाक्टर, नर्स तथा नोकरलाई नियुक्त गरेको भएता पनि हामी परिवारका सदस्य मध्येबाट पनि दुई व्यक्ति पालै पालो गरी उहाँ को नजिक रहन्थ्यौं।

बुवाज्यूको अपार स्नेह

बुवाज्यू मलाई आफुसंगै राख्नु हुन्थ्यो। मलाई केटाकेटीमा पढ्ने प्रबल इच्छा थियो। त्यसबेलाको कुरा मलाई अझै याद छ । भूतपर्व प्रधानमन्त्री मातृका प्रसाद कोइरालाको बुवाज्यू स्वर्गीय कृष्ण प्रसाद कोइरालाज्यूलाई हामी पिताजी भनेर ठूलो सम्मान गर्दथ्यौं। उहाँलेनै त्यसबेला चलाउनु भएको एकमात्र आदर्श विद्यालय नाम राखिएको स्कूलमा विराटनगरका केटाकेटीहरू पढ्दथे । अहिले त्यस ठाउँमा पक्की घर छ, तर त्यसबेला एउटा छाप्रो मात्र थियो, त्यहीँ म पनि पढ्न जाने गर्दथें। त्यहाँ करीब ३-४ क्लास मात्र पढ्न पाएँ, त्यसपछि पूज्य माताजी बिरामी हुन थाल्नु भयो। त्यति बेला यहाँ औषधीको लागि कुनै साधन थिएन, अस्पतालको त कुरै छोडौं, योग्य डाक्टर समेत थिएन। अतः औषधी गराउन राजस्थान जानु पर्दथ्यो। जब त्यहाँ जान्थें त एक जना बृद्ध र अनुभवी गुरूजीको स्कूलमा पढ्दथें। त्यहाँको कडाई र अनुशासन मलाई अझ याद छ। फर्केर आए पछि पुनः त्यही आदर्श स्कूल। यसरी अनेक चोटि आवत जावतमा मेरो पडाइ सुचारूरुपले हुन सकेको थिएन। त्यस बेला पंजाबमा म्याट्रिकको पडाइ चालू भयो। त्यसमा पहिलो वर्ष हिन्दी-रत्नको पडाइ पास गरी दोश्रो वर्ष पंजाबबाट म्याट्रिक केवल इंगलिशमा दिंदा पनि म्याट्रिकको सर्टिफिकेट प्राप्त हुन्थ्यो। उक्त एक वर्ष अथक परिश्रम गरेर हिन्दी-रत्नको परीक्षा लाहोरबाट दिई राम्रोसँग उत्तीर्ण भएँ। दोश्रो वर्ष पंजाबमै म्याट्रिकको परीक्षा दिनु थियो। सन् १९४७ सालको कुरा हो। हिन्दुस्थान स्वतंत्र हुने तरखरमा थियो। पंजावमा हिन्दू-मुसलमानहरूको लडाई शुरू भई भयंकर मारकाट हुन थाल्यो। परीक्षाको दिन रेलगाडीहरू लाश तथा रगतले रगताम्य भएर आउँदै थिए। बुवाज्यू बडो दूरदर्शी हुनुहुन्थ्यो। जाँच दिन जाने एक दिन पहिले नै मलाई जाँच दिन नजानका लागि तार पठाउनु भएको थियो। मं संगैका १३ जना केटाहरू मध्ये ९ जना मात्र जाँच दिन गए, जस मध्ये ६ जना त कहिल्यै फर्केनन्, त्यसै दंगामा मारिए। त्यस पछि मलाई पढ्ने मौका प्राप्त भएन। यही नै मेरो अन्तिम पडाइ रह्यो। १३ वर्षको कलिलो उमेरमा नै मलाई व्यापारमा लगाइयो। सब भन्दा

पहिले मलाई दागपट्टीको काम गर्न लगाइयो र फेरि खजान्चीको काम पनि सुम्पि दिनु भयो। त्यस पछि एकाउन्टको। बैंकको काम गर्ने हामी बाबु छोरा कहिले संगै, कहिले एक्लै। कटिहार जान विहान ५ बजे हिंडी राति १० बजे सम्ममा फर्किन्थ्यौं।

बुवाज्यूले कटिहार आदि बाहिरका काममा धेरै जानु पर्दथ्यो। कहिले काहीं मलाई पनि संगै लैजानु हुन्थ्यो। धेरै काम भएमा यहाँको काम मलाई जिम्मा लगाएर आफू जानु हुन्थ्यो। यसरी मलाई स-सानो काम आफ्नै हातले गर्न सिकाउनु भयो। एउटै थालमा आफ्नो हातले विभिन्न व्यन्जनहरूलाई मिश्रण गरेर नयाँ नयाँ स्वादको खाने कुरा पनि मलाई आफैं संग राखी खुवाउनु हुन्थ्यो। कति चोटि मैले नाई भन्दा उहाँ भन्नु हुन्थ्यो मेरो कुरा मानेर एक चोटि चाखी त हेर, मन लागेन भने नखानू। धेरै आग्रह गरेर मलाई ख्वाउनु हुन्थ्यो, ख्वाई सकेपछि सोध्नु हुन्थ्यो, साँचो भन त कस्तो लाग्यो? वास्तवमा खाना बडो मीठो हुन्थ्यो तर पनि जानी जानी म भन्थें मीठो छैन। यद्यपि मलाई खाने इच्छा हुन्थ्यो। यस प्रकार मलाई ख्वाउनु, उठाउनु, बसाउनु, कारोबार, व्यापार गराउनु तथा अरू द्वारा गराउने तरिका सबै उहाँले नै सिकाउनु भएको थियो। मेरी आमाको स्वर्गवास भएको ६ महीना पछि १८ वर्षको किशोर उमेरमा नै मेरो विवाह गराइयो। घरमा जब नयाँ बुहारी आइन्, तव घरको सम्पूर्ण साँचोहरू ती १२ वर्षीय वालिकालाई अलिकति पनि नहिचकिचाई सुम्पीदिनु भयो र सम्पूर्ण जिम्मेदारी उनमाथि राखी दिनु भयो। उहाँ व्यक्तिहरू माथि जति विश्वास गर्नु हुन्थ्यो त्यसै अनुरुप जिम्मेवारी पनि त्यसमाथि हाली दिनु हुन्थ्यो। जब पहिलो चोटि मलाई एकलै विदेश पठाउनु भयो तब साथमा मेरी श्रीमतीलाई पनि म संग पठाउनु भयो। यद्यपि म अंग्रेजी अलि अलि मात्र बोलन सक्तथें ता पनि म उत्साह साथ हिंडे । डराई डराई अंग्रेजी बोल्दथें, तर जब म जापान गएँ, त्यहाँ एउटा कम्पनीवालासंग कुरा गर्दा एक जना जापानीले भने मेरो अंग्रेजी कमजोर छ- कृपया ध्यान नदिनु होला my English is very poor, please don't mind त्यस दिन देखि मलाई पनि अंग्रेजी बोल्ने साहस भयो र बिस्तारै बिस्तारै अंग्रेजी बोल्न थालें । यसै गरी विदेशमा अंग्रेजीमा चिठ्ठी पठाउनु पर्ने काम पर्दा सो पनि लेख्दा लेख्दै सिकें।

आफ्नो शक्तिको उपयोग गर उसलाई न लुकाऊ
- भगवान महावीर

नेपालको प्रथम उद्योग

विराटनगर जूट मिल्स लि.को स्वर्णिम युगको एक दुर्लभ चित्र



वि. जु. मिल्सका संस्थापक गण अग्रिम पंक्तिमा, बायाँबाट चेएरमैन स्व. उद्योगपति राधाकृष्ण चमडिया, वि. जु. मिल्सका जन्मदाता स्व. रामलाल गोल्छा, स्व. प्रहलादराय चुडिवाला दोश्रो पंक्तिमा मिल्सका पदाधिकारी र उच्च पदस्थ कर्मचारीगण, बायाँबाट स्व. जुगल किशोर नेवटिया, वासुदेव चौधरी, बद्रि महाराज शर्मा, संचालक, श्री रामानुज दास मारू, भगीरथ नरसिंह प्रधान, जुद्धबहादुर श्रेष्ठ, नथमल शर्मा र मैनेजिङ्ग डाइरेक्टर ऐस नारायण सिंहानिया।

प्रथम विश्वयात्रामा जूट निर्यात प्रवर्द्धनको ठोस कार्य गरी फर्किंदा विराटनगरको पुरानो विमानस्थलमा कर्मवीरको भव्य स्वागत ।



श्री रामलाल गोल्छा ज्यू, १९६५ सन्मा प्रथम पटक विश्वभ्रमण सम्पन्न गरी प्रत्यावर्तन। (पुरानो हवाई अड्डा विराटनगर।)

औद्योगिक चिन्तन र सूत्रपात

त्यसबेला नेपालमा कम्पनी कानून र बैकहरू समेत नभएको स्थितिमा औद्योगिक पूर्वाधारको विकास भन्ने कुरा त काल्पनिक कुरो जस्तै थियो । शैक्षिक योग्यता र औद्योगिक अनुभव समेत नभएको बुवाज्यूले भने भारतका उद्योग पति सित आफ्नो घनिष्ट सम्पर्क राखनुका साथै राणाशासनलाई समेत प्रभावित पार्ने क्षमता राखनु भएको हुनाले विराटनगर जूट मिल्सको स्थापना गराउन सफलता पाउनु भएको थियो । उद्योगको विषयमा सोचनु सम्म पनि अचम्मको कुरो मानिने त्यस स्थितिमा पूज्य बुवाज्यूले उद्योगपति मित्र राधाकृष्ण चमडियालाई लिएर श्री ३ जुद्ध सम्शेरको मोरंगमा लागेको शिकार क्याम्पमा गै तत्काल अनुकूल वातावरण सिर्जना गरी नेपालीको पहिलो उद्योग बिराटनगर जूट मिल्स लि. (जुन श्रमशक्तिको हिसाबले अहिले पनि मुलुकको सबभन्दा ठूलो उद्योग छ) को स्थापना गराउनमा सफलता प्राप्त गर्नु भयो। उस बेलाको बिकट बाटो घाटोको पर्वा नगरी काठमाडौं सित पटक पटक ओहोर-दोहोर गरी मिलको स्थापनामा समेत आफ्नो पसीना समेत बगाउने बुवाज्यूले आफ्नो श्रमको प्रतिफलको कुनै वास्ता राख्नु भएन।

बुवाज्यूको विश्व-भ्रमण

पूज्य बुवाज्यू केवल मनोरंजनका लागि विदेश भ्रमणलाई रूचाउनु हुन्नथ्यो। तर धार्मिक, सामाजिक, ज्ञान-वर्द्धन, व्यावसायिक र राष्ट्रिय हितका निमित्त भने विश्व भ्रमणको आवश्यकता मान्नु हुन्थ्यो।

उहाँ यदाकदा भन्नु पनि हुन्थ्यो- कूपमण्डूक (कुवाको भ्यागुतो) भएर ज्ञानार्जन र सभ्यताको विकास हुंदैन । सुसभ्य हुन विवेक शक्ति र दृष्टिशक्ति विशाल हुनु पर्दछ। यसै अनुसार विवेक र दृष्टिशक्तिको विकासको लागि विश्व भ्रमणलाई उपयोग गर्नु भएको थियो।

पूज्य बुवाज्यूले विश्व-यात्रालाई व्यापार अभिवृद्धिमा लगाउनु भएको कुरा स्मरण योग्य छ । यस पुस्तकमा यथा प्रसंग धार्मिक यात्रा विषयमा उल्लेख गरिएको छ। उहाँले व्यापार सम्बन्ध स्थापना गर्नका लागि भ्रमण गर्नु भएका मुलुकहरू जापान, अमेरिका, पाकिस्तान, पोलेण्ड, सोभियतरूस, बेलायत, फ्रान्स, जर्मनी, स्पेन, चेकोस्लोभाकिया, इरान, इटाली स्विट्जरल्याण्ड, वेरुत आदि विभिन्न मुलुकहरू उल्लेखनीय छन्।

इस्वी सन् १९६५ मा पहिलो पटक विश्व भ्रमण गर्नु हुँदै माथि लिखित विभिन्न मुलुकको यात्राबाट पनि ती मुलुकसंग नेपालको व्यावसायिक परिचय बन्न

सकेको कुरालाई धेरै विदेशी मित्रहरूले पनि स्वीकारेका छन्। जूटको विषयमा त उहाँ अत्यन्त निपुण मानिनु हुन्थ्यो र यदाकदा बहुराष्ट्रिय प्रतिष्ठानका व्यक्तित्वहरू पनि सल्लाह लिन्थे र उहाँलाई जूट्किंग भनिन्थ्यो।

उद्योगहरूको प्रादुर्भाव

कलकत्ताका एकजना व्यापारीको साझेदारीमा श्री रघुपति जूट मिल्स लि. खोल्ने योजना बन्यो र एक मुष्ठ ६ लाख भारूको (त्यतिबेला भारतीय रूपियाँ नै चल्दथ्यो) चेक बुवाज्यूले दिनु भयो। जसलाई चलाखी गरेर ती व्यापारीले मिलमा आफ्नो नामबाट जम्मा लेखाई दिए र कम्पनी रजिष्टर्ड गराए। बुवा उनको पूर्णरुपले विश्वास गर्नु हुन्थ्यो तर केही दिन मै कुरो खुल्यो। तब बुवाले त्यसबेला यस सम्बन्धमा निकै पटक काठमाडौं दौड-धूप गर्नु पऱ्यो। त्यस बेला बाटो कति विकट थियो भने भीमफेदी देखि त केवल पैदल अथवा तामदानमा ५ हजार फिट अग्लो चितलांगको पर्वत श्रेणी पार गरेर काठमाडौं जानु पर्दथ्यो। न हवाइ जहाज चल्दथ्यो, न सडक थिए, न यातायातको साधन नै। काठमाडौं शहरमा पनि पक्की सडक थिएनन्। भरियाहरूले बोकी ल्याएका केही विशिष्ट व्यक्तिहरूका मात्र मोटरहरू देखिन्थे। श्री रघुपतिको शेयर बापतको भुक्तानीको सबुतका हकमा चेक दिएको प्रमाण बाहेक हामीसंग लिखित रूपमा अन्य केही प्रमाणहरू थिएनन्। तत्कालीन प्रधानमन्त्री श्री ३ महाराज मोहन शम्शेर का छोरा श्री विजय संशेर ज.ब.रा.नै त्यति बेला उद्योग परिषदको काम काज हेर्दथे। निडर, स्पष्टवक्ता र चापलूसी नगर्ने व्यक्ति भनेर उनी बुवाज्यूलाई धेरै मन पराउँथे। अन्ततोगत्वा विजय शम्शेरज्यू कै हस्तक्षेपबाट सो शेयरको रूपियाँ हाम्रो नाममा जम्मा भयो। सो व्यक्तिको कुनै शेयर नभएकोले पछि ककरानीयाको र हाम्रो गरी लक्ष्मी ट्रेडिंग कम्पनी (रघुपतिको मैनेजिंग एजेन्ट्स) खडा गऱ्यौं । यसरी १।३ को साझेदारी (अंशियारी) मा व्यवस्थापनमा हामी रह्यौं। सम्माननीय श्री मातृका बाबूको प्रधानमन्त्रीत्व कालमा ककरानीयाले आफ्नो १२ लाख र २ लाख हर्जाना समेत गरी जम्मा १४ लाख लिई लक्ष्मी ट्रेडिंग कं. मा हिस्साको आफ्नो मैनेजिंग एजेन्सी श्री ५ को सरकारलाई बेची दिए। यस प्रकार लक्ष्मी ट्रेडिंग कम्पनीमा नाफाको हिस्सेदारी २।३ श्री ५ को सरकारको तथा १।३ हाम्रो हिस्सा रह्यो र बि.सं. २०१२ मा रघुपति मिल्स्को व्यवस्थापन हाम्रो हातमा आए पछि बुवाज्यूले मलाई नै त्यसको व्यवस्थापन खरीद-विक्री आदि संपूर्ण काम आफ्नो निर्देशनमा सुम्पी दिनु भयो। भाइ हुलासको पढाइ पनि त्यति बेला बन्द गराएर मिलको प्राविधिक तथा उत्पादन आदि प्रबन्धको काम सुम्पी दिनु भयो। दुवै दाजु भाइले मिलेर भइरहेको ३१/२ टनलाई बढाएर १२१/२ टनमा पुऱ्याई मिललाई नाफामा ल्यायौं। यद्यपि हामी तीनै जना मिलको भलाईमा जुट्न जाँदा आफ्नो निजी व्यापारमा निकै धक्का पुग्यो। त्यहीं देखि कारखाना चलाउन जान्ने कलाको सूत्रपात भयो। मजदूरहरूसंग कसरी काम लिन सकिन्छ तथा यिनीहरू माथि कसरी नियन्त्रण गर्न सकिन्छ आदि व्यवस्थापन विषयका किताबहरू नपढेर नै अनुभव प्राप्त भयो र उहाँको अनुभवजन्य ज्ञान र हौसलाको बलले हामीहरूले एक एक गरेर नयाँ कारखानाहरू खोल्दै गयौं।

अन्य उद्योगहरूको थालनी

बुवाज्यूले देशमा प्रथम स्वचालित सेलर प्रणालीको चामल मिल स्थापना गरी सो पछि सोही मिलमा प्रथम पारवोयलिंग प्लान्ट् तथा ड्रायरको स्थापना गरेको लगत्तै पछि देशमा पहिलो स्टेनलेस स्टीलका भांडाहरूको कारखानाको स्थापना गर्नु भयो । त्यस पछि अन्य धान चामल तथा दाल मिलहरूको स्थापनाका साथै हाल देशमा प्रथम करकटपाता बनाउने (शीटग्यालभनाइजिंग गर्ने तथा कोरोगेशन रूफिंग सीट उत्पादन) कारखाना विदेशीसंगको संयुक्त लगानीमा स्थापना गर्न सफलता प्राप्त गर्नु भयो ।

प्रथम जूट निर्यातक

उहाँ देशको प्रथम जूट निर्यातक हुनुहुन्थ्यो । त्यतिबेला नेपालमा एउटा पनि जूट प्रेस् थिएन । कलकत्ताबाट पक्का जंचाईको लागि जानिफकार बोलाएर लगाउनु भयो र मलाई समुद्रपार निर्यात हुन योग्य (पक्का जुटको) जंचाई सिक्नका लागि एक महीनाको ट्रेनिंगमा कलकत्ता स्थित लोहिया जूट प्रेसमा पठाउनु भयो । त्यहांबाट मैले जूटको ग्रेडिंग गर्ने कला सिकें । पहिलो निर्यात वि. सं. २००४ सालमा गरियो । पक्की जंचाई गरेको कच्ची ४ मनी गांठ बांधेर कलकत्ताको बन्दरगाह भएर माल एन्टवर्प पठायौं । माल झिकाउने खरीददारले भारू रूपियामा पूर्णिया वैंकमा एल. सी. खोलेको थियो किन भने यहां एल.सी. खोल्ने कुनै व्यवस्था थिएन । पूज्य बुवाज्यूको जूट निर्यात प्रतिको चाख हेरेर श्री आनन्दराज श्रेष्ठज्यूले बुवालाई तपाई जूट प्रेस् किन्नुस् भन्दा तत्कालै उहाँले पनि भन्नु भयो यदि तपाईको विचार त्यस्तै छ भने दिलाई दिनुस्। म उहाँहरू को साथ तत्काल आनन्दराजज्यू कहां गएँ र प्रेस किन्ने कुरा तत्कालै फाइनल भयो । फिर्ता आएर भाइ हुलास संग भन्नु भयो-हामीले जूट प्रेस किनि सक्यौं तिमीले ४ महीना भित्रै जूट प्रेस चालु गर्नु पर्दछ । त्यसको संपूर्ण सामानको व्यवस्था र मर्मत समेत गराई सो समय भित्रै जूट प्रेस चालु पनि गराउनु भयो । त्यसै प्रेसबाट निर्यात योग्य पक्का ५ मनी जूट गांठ नेपाल मै बांध्ने कार्यको सूत्रपात भयो र तेश्रो मुलुकको वजारमा सर्वप्रथम यसै जूट प्रेस द्वारा तैयार भएका जूट गांठहरू निर्यात गर्न श्रीगणेश गरेर सुचारूरूपले जूट निर्यातको सिलसिला बस्यो ।

निपुण प्रबन्धक

एक चोटि हैसियन क्लोथमा इरानबाट क्लेम आएपछि उहाँले इरान गएर सो क्लेम सेटल गर्ने योजना सोच्नु भयो । किन भने इरानी पार्टीले भुक्तानी गरी राखेको थिएन । तब हामीले बुवाज्यूलाई धेरै निवेदन गऱ्यौं - हामी गएर सेटल गर्नेछौं । तर उहाँले भन्नु भयो-किन म यति पनि गर्न सक्दिन र ? हामीले पनि भन्यौं तपाई किन गर्न सक्नु हुन्न, अवश्य पनि सक्नु हुन्छ । तर यो उमेरमा एक्लो जान उचित लाग्दैन हामी मध्ये कसैलाई संगै लिएर जानुस् । यति भने पछि उहाँले रिसाएर भन्नु भयो-मेरा लागि दिल्ली बम्बैको यात्रा जस्तै दिल्ली देखि सिधा तेहरान जाने त हो नि। जसरी वम्बई जान्छु त्यसै गरी तेहरान गएर काम गरी आउंछु । त्यहां भाषा आदिका अनेक समस्याहरू छन् भन्ने कुरा समझाउन कसैको साहस भएन फलतः उहां जानु भयो । २-३ दिन पछि लण्डनबाट "म सकुशल आई पुगें" भनेर तार आयो । सब्बै आश्चर्यचकित भयौं । केवल तेहरान गएर आउने व्यक्ति लण्डन कसरी पुग्नु भयो ? पछि थाहा भयो कि तेहरानमा १५ दिनको छुट्टी थियो, काम नगरी फर्किने उहाँको बानी नै थिएन, त्यसै कारण लण्डन गई फिर्ता आएर काम गर्ने विचार गर्नु भएको रहेछ । उहाँले यहांबाट जानु भन्दा पहिले लण्डन जाने कुनै कल्पना नै गर्नु भएको थिएन । अंग्रेजीका दुई चार शव्द मात्र बोल्नु हुन्थ्यो । थाहा छैन खोई,कसरी उहांले लण्डन जाने भीसा, टिकट आदिको व्यवस्था गर्नु भयो। लण्डनका कुनै पनि पार्टी तथा एजेन्ट आदिको ठेगाना पनि लैजानु भएको थिएन । फर्कि आए पछि भन्नु भयो,"लण्डन राति १ बजे पुगें, होटल रिजर्व पनि थिएन । एयर लाइनवालाहरूसंग होटेल बुकिंग गर्नको लागि अनुरोध गर्दा पनि मलाई होटल उपलब्ध हुन नसके पछि एयर लाइनको अफिसमा बसी त्यहांका कर्मचारीलाई होटलको व्यवस्था नहुन्जेलसम्म उम्कन दिइन र एक कर्मचारीले आखिर एउटा अति साधारण स्तरको होटलमा पठायो र कुनै हालतले रात काटें"।

विहान १० बजे अफिसहरू खुले पछि उहाँले "डी. पेरी एण्ड कं." (जसको मात्र नाम याद थियो) फोन नम्वर पता लगाई उनीहरूलाई बोलाई उनीहरू द्वारा अर्को राम्रो होटलको व्यवस्था भए पछि त्यहां गएर बस्नु भयो र पछि अन्य अनेक कम्पनीहरूको ठेगाना पत्ता लगाई भेटघाट गरेर जूटको राम्रो व्यापार गर्नु भयो र बाटोमा इरानको काम समेत सम्पन्न गरी एक महीना भित्र सकुशल फर्किनु भयो ।

७८ श्री ५ महाराजाधिराज (श्री ५ युवराजाधिराज होइबक्सिदा) हुलास मेटल क्राफ्ट्स (प्रा.) लि. को निरीक्षण गरिबक्सिदै। चित्रमा वृ. ज. भूपालमान सिंह कार्कीज्यू, भक्तिले विभोर कर्मवीर ज्यू, हंसराज गोल्छाज्यू, श्री ज्ञानचन्द दुगड र कारखानाको विषयमा जानकारी बिन्ती चढाउँदै श्री हुलास चन्द गोल्छा।

स्व. श्री ५ महेन्द्र श्री रघुपति जूटमिल्स लि. सवारी होइबक्सदा मौसूफमा स्वागत अभिनन्दन चढाउँदै कम्पनीका डाइरेक्टर इन्चार्ज रामलाल गोल्छाज्यू। तल सबै भन्दा दाहिने भागमा स्व. हंसराज गोल्छा ज्यू

श्री ५ वीरेन्द्र (तत्कालीन श्री ५ युवराजाधिराज) को समुपस्थितिमा बेलायतकी महारानी एलिजाबेथका पति ड्यूक अफ एडिनबरा प्रिन्स फिलिप हुलास मेटल क्राफ्टस प्रा.लि.को निरीक्षण गरिबक्सँदै। उत्पादनबारे बिन्ति चढाउँदै हुलासचन्द गोल्छा।

आत्मीय भेट

उहाँका एक जना खास मित्र फारबिसगंजका सिखरचन्दजी सरावगी सपरिवार धेरै वर्ष पछि कलकत्ताको बेलभ्यू नरसिंग होममा बुवाज्यू स्वर्गवास हुने ३ दिन पहिले भेटन आए । आत्मीय र दर्दले भरिएको शव्दमा बुवाज्यूले भन्नु भयो-बडो खुसी छु आखिर तिमीलाई मेरो संझना त आयो। यस्तो दर्द भरिएको कुरो सुने पछि उनी पनि घुंक् घुंकाएर भावुक भई रून थाले ।

हाम्रो जेठा ज्वाँई प्रदीपचन्द बोथरा भेटन आउनु हुंदा बुवाज्यूले आफुलाई अनेक कष्ट हुंदा हुंदै पनि प्रसन्नताका साथ "सदा सुखी रहनू" भनी उहाँको टाउकोमा हात राखी आत्मीय आशीर्वाद दिनु भयो । यस पछि त्यहांबाट फर्किना साथ छोरी सुशीला आइ पुगिन् । बुवाज्यूले ज्वाँई र छोरीलाई संगै राखी आशीर्वाद दिन खोजेको हामीले संकेतबाट थाह पाएर ज्वाँईलाई बोलाउन पठायौं र ज्वांई आई पुगे पछि बुवाज्यूले छोरी ज्वांई दुवैको हात आफ्ना हातमा लिएर बडो मधुरो तर प्रेमासिक्त स्वरले "सदा खुसी रहनू" भन्दै आत्मीय आशीर्वाद प्रदान गर्नु भयो ।

अनेकौं चिर परिचित व्यक्ति जब भेटन आउंथे, त्यस बेला उहांको अनुहारमा विचित्र प्रकारको खुसी मिश्रित हांसो देखिन्थ्यो, चम्किलो मुस्कुराहट । कुनैपनि भेट्न आएका व्यक्तिबाट सर्वप्रथम उहांलेनै तिनीहरूलाई उनीहरूका र परिवारको स्वास्थ्य को बारेमा सोध्नु हुन्थ्यो । भेट्नेहरू उहाँसँग भेटी बडो खुसी हुन्थे । भाइ केवलचन्द नाहटाले उहाँको स्वास्थ्यको बारेमा सोधे पछि उहांले आफ्नो स्वास्थ्यको बारेमा बताउनु अघि गुरूदेवको सुखसाताको बारेमा सोध्नु भयो र पछि आफ्नो स्वास्थ्यकोबारेमा भन्नु भयो। गुरूदेव आचार्यश्री तुलसी प्रति उहांको निष्ठा तथा शासन प्रतिको जागरूकता उहाँका रौं रौं मा व्याप्त थियो ।

कलकत्ताका कुटुम्व र सम्बन्धीहरू आइरहन्थे । तिनीहरूको लागि बस्ने तथा खान-पानको राम्रो व्यवस्थाको लागि बोल्न नसक्दा पनि इसाराबाट भनिरहनु हुन्थ्यो। सम्भवतःउहाँलाई के भान हुन्थ्यो भने उहाँ काठमाडौंमा नै हुनुहुन्छ र त्यहीं ती आफन्तहरू भेटन आएका हुन्, तसर्थ अन्त्त समय सम्म यही नै ध्यान रहन्थ्यो कि घर आएका व्यक्ति कोहीपनि भोकै न जाउन् ।

अन्तिम दर्शन

विहीवार ता. ८ दिसम्बर १९८३ का दिन साध्वीश्री सोहन कुमारी महासतियांजी महाराज बेलभ्यू नर्सिंग होममा लगभग ८।१० किलोमिटर पदयात्रा गरी दर्शन दिन पाल्नु भयो। मंगल पाठ सुनाएर उहाँ जान लाग्दा बुवाज्यूले - तपाई धेरै टाढादेखि मलाई दर्शन दिनका लागि कष्ट गरी पाल्नु भएको छ भनेर हर्षित हुंदै विस्तारै हात उठाई इसारा गर्नु भयो त्यो देखेर मैले सोधें के तपाई महाराजलाई केही दान गर्न (बहराना) चाहनु हुन्छ ? सुती सुती टाउको हल्लाएर बुवाज्यूले" हो" भन्नु भयो । मैले हातमा एउटा बिस्कुट राखिदिएं जसलाई उहांले महाराजलाई दान गरेर आत्मिक खुसी व्यक्त गर्नु भयो । अनुहारमा चमक फैलेको थियो त्यसबेला । अन्तिम बेला सम्म, असाध्य वेदनाका समयमा पनि उहाँका रौं-रौंमा आध्यात्मिक भावना रमी रहेको छ जस्तो लाग्दथ्यो ।

उहाँ त्यस्तो बिरामी अवस्थामा पनि कहिल्यै विचलित हुनु भएन । उहाँ हातका औंलाहरू र मुख बराबर चलाई रहनु हुन्थ्यो, त्यसबाट उहाँ बराबर नवकार मन्त्रको जप, ध्यान स्वाध्याय तथा भगवानको स्मरण गरी रहनु भएको हामीलाई आभास हुन्थ्यो। जब उहाँका औंलाहरू समेत बांधिए त्यति बेला उहाँमा आन्तरिक पीडा व्याप्त भए पछि भन्नु भयो-तिमीहरू मलाई जिउंदै किन मारि रहेका छौ मलाई भगवानको जप पनि शान्तिपूर्वक गर्न दिदैनौ, दश औंलाहरू समेत बांध्यौ। त्यस पछि मैले नर्सलाई सम्झाई बुझाई खोलाई दिएको थिएं ।

उहाँ नित्य सामायिक (स्वाध्याय) गर्नु हुन्थ्यो । बिरामी अवस्थामा पनि सामायिक गर्न छोड्नु भएन । बसेर नसक्ने भए पनि सुती सुती गर्नु हुन्थ्यो र जप पनि गर्नु हुन्थ्यो । स्वर्गारोहण भन्दा २ दिन पहिलेको कुरा हो, नर्स; उहाँलाई फलफूलको रस खुवाउन चाहन्थिन्, उहाँ स्वाध्यायनमा लीन हुनुहुन्थ्यो, हात खाटमा बांधिएका थिए, मुखले बोल्न सक्नु हुन्न थियो। नर्सले रस (जुस) मुखमा हाल्ने प्रयास गरिन् तर उहांले मुख कसेर बन्द गरी रहनु भएकोले मुख समातेर खोल्ने कोसिस गर्न लागिन् । मं बुवाज्यूको नजिकै थिएं मैले सोधें स्वाध्याय गर्दै हुनुहुन्छ कि क्या हो ? उहाँले गर्धन हल्लाएर हो भन्नु भयो । मैले नर्सलाई रोकें तर उनले १/२ मिनेट पछि पुनः प्रयास गर्न थालिन् । त्यतिनै बेला उहाँले आँखा खोलेर यसरी उनलाई कडाइसाथ हेरी मुख घुमाउनु भयो कि उनी डराएर चूप लागिन्। तब मैले पनि "अहिले उहाँलाई दं: न गर्नुस" भन्न बाध्य हुनु पऱ्यो । यी थिए उहाँको स्वाध्याय प्रतिका आत्मीय निष्ठा ।

उहाँको दयालुता

एउटा व्यक्तिसंग ४४ हजार रूपियां लिन बांकी थियो । धेरै वर्ष देखि तिनले केही पनि दिएका थिएनन् । माँग्दा उल्टै हकारेर कुरा गर्दै भन्थे "तागत छ भने लिएर हेर"। त्यस्ता कुराले बुवाको आत्मसम्मानमा ठेस लाग्यो, जबकि कसैलाई रूपियां दिएर मुद्दा गर्ने उहाँको इच्छा हुंदैन थियो । एउटा उखान भन्नु हुन्थ्यो"भलाई कर कुवामे डाल"। यदि तिनमा मानवता छ भने एक न एक दिन तिनले सोच्न बाध्य हुनु पर्नेछ त्यस पछि आफै रूपियां दिनु पर्नेछ । त्यस्तो विचार हुंदा हुंदै पनि आत्मसम्मानका निमित्त आखिर बाध्य भएर मुद्दा दायर गरियो । १० वर्षमा डबलको अर्थात् जति रकम थियो त्यतिनै गरी ८८ हजारको डिग्री हाम्रो पक्षमा भयो । तत्पश्चात् ती व्यक्तिले पनि नाना प्रकारका झूठा मुद्दाहरू नेपाल तथा भारतमा गएर हामी माथि दायर गरे । ती मुद्दाको लागि हामीले दिल्ली, सहरसा, पंजाव आदि भारतका कैयौं स्थानमा गएर साक्षी बकाउनु पऱ्यो । लगभग १५ वर्ष सम्म मधेपुरा, भागलपुर र पटनाको भारतीय अदालत तथा नेपालमा सर्वोच्च अदालत सम्म हामी जित्दै गयौं । झूठो आखिर झूठो नै हुन्छ । उनको र हाम्रो रूपियां र समय धेरै खर्च भयो । तिनको जमिन २ चोटि लिलामीमा चढेको थियो तर अन्तमा उनले हताश भएर फागु पर्वको दिनमा बुवाज्यूको गोडा समाएर माफी माग्दै "तपाई मेरो ठूलो दाइ हुनुहुन्छ मबाट गल्ती भयो माफ गरि पाउं" भनी रून थाले । मैले हेर्दा हेर्दै एकै मिनटमा उहाँको हृदय दयाले भरियो र सबै रूपियां मिनाहा गरी दिनु भयो र मलाई मुद्दा फिर्ता लिने आज्ञा दिनु भयो ।

कुनैस्टाफले ठूलो भन्दा ठूलो गल्ती नै गरेको भए पनि निजले स्वीकार गरेमा त्यसलाई पनि माफी गरी दिनु हुन्थ्यो । एक चोटिको त्यसतै एउटा घटना मलाई याद आई रहेछ -एक दिन हाम्रो खजान्चीको सांचो गद्दीमा छुटेछ । अर्को कर्मचारीले त्यही सांचोले खजानाबाट ९०००।- रूपियां निकालेछ । संयोगले त्यसै दिन साध्वीश्री गौरांजीले हाम्रो घरमा पदार्पण गर्नु भएको थियो । त्यसै बेला रूपियां चोरी भएको थाहा लाग्यो। त्यतिबेला साध्वीश्रीले कस्तो भावपूर्ण प्रवचन दिनु भयो भने रूपियां चोर्ने व्यक्तिको हृदय पनि पग्लियो र त्यसले बुवाज्यूलाई काठमाडौंमा चिठी लेखी रूपियां लिएको कुरो स्वीकाऱ्यो र माफी माग्यो । उसलाई माफी गरी दिनु भयो तथा यस कुरालाई गोप्य राखी त्यस कर्मचारीलाई बहाल नै राख्नु भयो । यस प्रकारका धेरै उदाहरण हरू छन्।

धार्मिक प्रेरणा (आमा)

पूज्य बुवाज्यूको धार्मिक प्रेरणाको स्रोत मेरी पूजनीया आमा नै हुनुहुन्थ्यो। उहाँ प्रगाढ धार्मिक प्रवृतिका साथ-साथै सधैं धार्मिक भावनाहरू ले ओत प्रोत रहनु हुन्थ्यो। आफ्नो इष्ट देवको दर्शन सेवा र भक्तिमा लगनशील हुनुहुन्थ्यो। उहाँ कै प्रेरणाबाट बुवाज्यूको धार्मिक भावना हमेसा जागरूक रह्यो र हामीमा वाल्य अवस्था देखिनै धार्मिक संस्कारका साथ-साथै धार्मिक भावनाको पनि जागरण भयो । हामी बुवाज्यू संगै आचार्य गुरुदेवको दर्शन गर्न जान्थ्यौं, उहाँको उपदेश श्रवण गर्थ्यौं र गुरुदेवको विकट बाटोको लामो पदयात्रामा पनि बिचलित नभई बराबर सेवा गरी आनन्द प्राप्त गर्दथ्यौं। बाटोका सेवाहरू मध्ये पंजाबमा जगरावां देखि रोपड सम्मको ७० माइलको नहरको डिलैडिलको यात्रा सेवा, मध्य प्रदेशको मथुरा देखि दिल्ली सम्मको सेवा अविस्मरणीय रहेको छ। हामीहरू एक दुई दिन पहिलेनै अगाडिको गाउँमा गै गुरुदेव र यात्रीहरूको बस्ने स्थानको निरीक्षण, ग्रामीणहरूलाई गुरुदेवको आगमनको सूचनाका साथै उहाँका संदेशहरू प्रचारित गरि राखेका हुन्थ्यौं। बाटो भरी मानिसहरू जम्मा भई जयगान गर्थे। कति चोटि बाटोमा आचार्यश्री ले उभी-उभी प्रवचन गर्नु पर्दथ्यो। यस यात्रामा मेरी फुफु (भाइ केवलचन्द की आमाले) पनि बराबर सेवा गर्नु भयो। यी यात्रामा भाईजी महाराज मुनिश्री चम्पालालज्यू (आचार्यश्री का जेष्ठ भ्राता) को पूरा मार्गदर्शन रहन्थ्यो। भाईजी महाराजको उहाँ बराबर सेवा गरी रहनु हुन्थ्यो। मेरी स्वर्गीय आमाको रूचिबाट बुवाज्यू पूर्णरूपले प्रभावित भै यस प्रकारको धर्म प्रचारमा हामी लगाइएका थियौं। बुवाज्यू कारोबारमा अति व्यस्त रहे पनि ओहोर दोहोर गरी उक्त सेवा कार्य बारम्बार हामीलाई जिम्मा लगाएर आउनु हुन्थ्यो।

आमाको प्रेरणा र निस्पृहताको एउटा घटना बताउँ। करीब ५० वर्ष पहिलेको कुरो हो। त्यस बेला पाटमा भयंकर घाटा भएको थियो। फारबिसगन्जका व्यापारीहरूलाई करीब १ लाख रूपियाँ दिनु थियो। आफुसंग केवल २० हजार मात्र थियो। बुवाज्यूले आफूसंग भएको सम्पूर्ण पूंजी तिनीहरूलाई दिएको र त्यतिनै लिएर हिसाब चुक्ता भएको प्रमाण पत्र तिनीहरूले पनि दिएका थिए। करीब १० वर्ष पछि जब बुवाज्यूसंग केही पूंजी भयो त्यति बेला आमाको प्रेरणाबाट तुरुन्तै ती पार्टीहरूलाई आफैं गै खोजी ब्याज समेत लगाएर सबै रूपियाँ चुक्ता गरि दिनु भयो जबकि ती मध्ये केही त मरिसकेका थिए । ती व्यापारीहरूको परिवार अचानक रूपियाँ पाएर आश्चर्य चकित भएका थिए। कतिको अवस्था त यति खराब भई सकेको थियो कि एक छाक रोटी पनि भाग्यमा जुर्दैन थियो, यस्तो स्थितिमा रूपियाँ पाउनु एउटा बरदान जस्तै भयो। तिनीहरूले अन्तर आत्माबाट बुवाज्यूलाई आशीर्वाद दिएका थिए।



७५ औं जन्मोत्सवको उपलक्ष्यमा सेठजीका एकमात्र ज्वाइँ स्व. श्री सुरजमल दुगडज्यूबाट रामलालजीमा माल्यार्पण

श्री रामलाल गोल्छा ज्यूको ७५ औं वर्षपूर्तिको पुनीत उपलक्ष्यमा सुपुत्र स्व. हंसराज गोल्छा द्वारा सभक्ति माल्यार्पण



श्री रामलाल गोल्छा र उहाँको परिवार देब्रेबाट दाहिने
अग्रिम पंक्तिमा बायाँबाट श्रीमती जयश्री गोल्छा, श्रीमती पुष्पा दुगडश्रीमती पुखराज देवी गोल्छा, बीचमा उभिएको हितेश गोल्छा, श्रीमती चान्द कुमारी गोल्छा, श्रीमती हर्षलता गोल्छा,
दोश्रो पंक्तिमाः- श्री अवन्ति कांकरिया, जयन्ती दुगड (अगाडि), योगेश कांकरिया, उषा कांकरिया, श्रीमती श्रीकुमारी दुगड (अब साध्वी साधनाश्री) कर्मवीर स्व. रामलाल गोल्छा, काखमा स्वेता गोल्छा, श्रीमती सुशीला बोथरा, मनोज बोथरा, श्रीप्रदीप बोथरा, स्व.हंसराज गोल्छाज्यू
तेश्रो पंक्तिमाः- श्री चन्द्रकुमार गोल्छा, अभिशेक कांकरिया, (काखमा) श्री महेन्द्र गोल्छा, श्री दिवाकर गोल्छा, तुसील गोल्छा, (काखमा) श्री लोकमान्य गोल्छा, श्री हुलासचन्द गोल्छा, श्री ज्ञानचन्द दुगड, श्री अभयकुमार दुगड, श्री कमल सिंह बेंगानी, ।

श्री रामलाल गोल्छाज्यू ७५ औं वर्षपूर्ति अवसरमा सुपुत्री श्रीकुमारी (अब साध्वी साधनाश्री) बाट शुभकामना ग्रहण गर्दै बीचमा प्रसन्न मुद्रामा श्री अभयकुमार दुगड

दिदी साधनाश्री

आमाको धार्मिक संस्कारको प्रभाव मेरी दिदी श्रीकुमारीको तन, मन र शरीर भरि भरिएको थियो। कहाँ सम्म भने दिदीमा केटीकेटी देखिनै साधु भावना जागृत भएको थियो। बुवाज्यूले संझाई बुझाई विवाह गरी दिनु भयो। त्यस पछि पनि हरबखत दिदी आफ्नो श्रीमान् श्री सूरजमल दुगडज्यू संग साधु बन्ने आज्ञा मागी नै रहनु हुन्थ्यो। भिनाजु भने कहिले छोराको बिहे, कहिले छोरीको बिहे जस्ता काम सकिए पछि आज्ञा दिन्छु भनी कामको सूचि प्रस्तुत गर्दै अल्झाई राख्नु हुन्थ्यो। दिदी चाँहि धर्म ध्यानमा कति तल्लीन रहनु हुन्थ्यो भने घरको सम्पूर्ण कामकाजको साथ साथै १०।१२ घण्टा सामायिक तथा राति पनि मौन ध्यानमा रहनु हुन्थ्यो। यहाँ सम्म कि जुन दिन भिनाजुको स्वर्गवास भयो त्यतिबेला उहाँ २ दिनको उपवास तथा मौनव्रत मै हुनुहुन्थ्यो। कस्तो हृदय विदारक दृश्य थियो। आंगनमा श्रीमान्‌को पार्थिव शरीर छ भने आफू मौन र ध्यानमा यति तल्लीन हुनुहुन्थ्यो कि उहाँको अंतिम अनुहार हेर्न पनि उठ्नु भएन, आखिर दाहसंस्कार गरियो। अर्को दिन जब उहाँको स्वाध्याय सम्पन्न भयो त्यति बेला मानिसहरूले सोधे पछि भन्नु भयो-एक दिन सबैले जानै पर्छ, यो ध्रुव सत्य हो। जसलाई जानु थियो जानु भयो जो, अब फिर्ता हुन संभव छैन तर मैले आफ्नो स्वाध्यायको व्रत बीच मै भंग गरेको भए उहाँको आत्मालाई कहिल्यै शान्ति मिलने थिएन । त्यस वेला म जापानमा थिएँ । त्यहांबाट आई जब दिदीलाई भेटें त्यति बेला अनायास नै मेरो आँखाबाट अश्रुधारा बग्न थाले । त्यस बखत पनि दिदीले भन्नु भयो - आफ्नी दिदीलाई हेर, जब म नै रूइन भने तिमी किन रून्छौ? यति ठूलो साहसी बिरलै हुन्छन् । उहाँले आफ्नो गृहस्थ जीवन संगसंगै करीब ४० वर्ष देखि अनेक प्रतिज्ञा गर्नु भएको थियो। जसको अक्षरशः पालन गर्दै हुनुहुन्छ। उदाहरणतः लगाउन खद्दरको प्रयोग, तारेको, पोलेको कुनै कुरा तथा मिठाइ नखानु, कुनै पनि नशालु वस्तु, यहाँसम्म कि पान सुपारी समेतको पनि उहाँ परहेज गर्नु हुन्छ। महीनामा कम्तीमा चार उपवास प्रत्येक तेरसका दिन नेवी तथा एकासन, महीनामा १० दिन, पाँच वटा वस्तु मात्र आहार गर्ने। आफ्नो श्रीमान्‌को स्वर्गारोहण पछि विभिन्न व्रतहरूका साथै अरू अनेक प्रकारको कठिन तपस्या पनि सुरू गर्नु भयो। आचार्यश्री को समुपस्थितिमा रहेर एक वर्ष सम्म 'समण दीक्षा' लिई आफ्नो परीक्षा दिनु भयो। यो दीक्षा प्रायोगिक रुपमा सर्वप्रथम उहाँलाई नै दिइयो। आचार्यश्रीले उहाँलाई साधनाश्रीको नामाकरण पनि गर्नु भयो। त्यस पछि फारबिसगंजमा हजारौंको उपस्थितिमा मुनिश्री द्वारा एक वर्षसम्म पडीमा-दीक्षा दिलाइयो, तर यसबाट पनि दिदीलाई सन्तोष भएन। अतः उहाँले आफैं आजीवन साधु परिवर्ज्या स्वीकार गर्नु भयो।

धार्मिक अनुष्ठान

सम्बत् २००४ सालमा युगप्रधान आचार्यश्री तुलसीले पूज्य बुवाज्यूको आन्तरिक भावनालाई कदर गर्दै रतनगढमा चातुर्मास प्रवास गर्नु भयो।

त्यही अवधिमा भारतीय स्वतन्त्रताको दिन पनि परेको थियो। त्यस बेला युगप्रधान आचार्यश्री तुलसीले प्रभावोत्पादक ओजपूर्ण तर अभिनव वाणीमा"असली आजादी अपनाओ"नामक गीतिका प्रस्तुत गर्नु भएर उपस्थित जन समुदायको हृदयमा नवजागरणको लहर प्रवाहित गराउनु भयो।

समाजमा व्याप्त विभिन्न प्रकारका अनुचित रूढीहरू हटाउन व्यक्ति सुधार गरी समाज सुधारका लागि अणुव्रत आन्दोलनको माध्यमबाट आचार संहिता प्रतिपादित गरी जनसमक्ष नैतिक आन्दोलनको सूत्रपात गर्नु भयो।

धार्मिक भावनाबाट सधै ओत-प्रोतरहने पूज्य बुवाज्यूले वडो परिश्रम र सूझबुझसाथ उक्त चातुर्मासको व्यवस्था मिलाउनु भयो ।

यसरी सम्पादित चातुर्मास अनुष्ठानबाट समाजमा अनुचित रूढीहरू हटाउन नैतिक जनचेतनाको जागरण भएको थियो।

अदम्य साहसी

उहाँ कुनै पनि व्यक्तिसँग डटेर कुरा गर्नु र आफ्नो कुरो भन्नका लागि अलिकति पनि नहिच्किचाउने चरित्रको निडर र निःसंकोच व्यक्तित्व हुनुहुन्थ्यो एवं त्यतिनै विनोद प्रिय पनि हुनुहुन्थ्यो।

एउटा प्रसंग मलाई याद आई रहेछ, करीब २५ वर्ष पहिलेको कुरो हो, विराटनगरमा **स्व. श्री ५ महेन्द्र सरकार** सवारी होइबक्सिएको थियो। त्यतिबेला मारवाडी व्यापारीहरूले 'डांडिया नृत्यको कार्यक्रमको अति राम्रो तरिकाबाट प्रदर्शन गरेका थिए। समाज सेवी स्व. कालुराम अग्रवालज्यू पनि कम हँसिला थिएनन् । भारी सुडोल शरीरका व्यक्ति थिए। सरकारको इसारा पाएर बुवाज्यू स्वयं कालुराम संग नाच्नु भयो र चारैतिरबाट थपडीको गडगडाहट गुन्जियो, त्यसपछि बुवाज्यूले सरकारसंग बिन्ती गर्नु भयो-छोरा हुलास भरखरै विदेशबाट आएका छन् धेरै खर्च गरेर, रील बनाएर ल्याएका छन्। अनि हुलासलाई भनियो रील लिएर आऊ र सरकारलाई नजर गराऊ। उनले त्यतिबेला सरकारमा नजर गराउन सकिने रीलको एडिटिंग र अन्य तयारी केही नभए पनि घर गएर प्रोजेक्टर र रिल ल्याए र सरकारको जुनाफमा नजर गराए। यस बीच सरकार संग भएका वार्तालाप मध्ये मलाई स्मरण रहेका केही कुरा निम्न हुनः-

पिता र पुत्रद्वय – सुशोभन समारोह पछि हर्षित मुद्रामा

लेखक हंसराज गोल्छा र उहांकी धर्मपत्नी श्रीमती चांद कुमारी गोल्छा

रामलाल गोल्छा नेत्र चिकित्सालय शिलान्यास गर्नु हुंदै श्री कर्मवीर, मुख्य अतिथि कोशी अन्चलाधीश श्री शत्रुघन प्रसाद सिन्हा, श्री हंसराज गोल्छा पूजा गराउंदै पण्डित जगन्नाथ शर्मा शास्त्री र परिवारका सदस्यहरू।

आफ्नो जन्म र स्वास्थ्यको वरदान दिने इष्ट बाबा रामदेवको मन्दिरमा कर्मवीरज्यू अन्तिम पटक श्रद्धा अर्पण गर्दै। साथमा हुनुहुन्छ लेखक।

-अग्रिम सूझबूझका धनी-

बुवाज्यूले प्रार्थना गर्दै भन्नु भयो, सरकारको यहाँ पूर्वतिर पनि एउटा राजधानी हुनु पर्छ। सरकारबाट पनि प्रसन्न मुद्रामा हुकुम भयो- ठाउँ कहाँ पाइन्छ ? बुवाज्यूले बिन्ती चढाउनु भयो सरकारको लागि ठाउँको के कमी छ। न भन्दै कालान्तरमा गएर यसै कोशी अंचलको धनकुटामा एउटा क्षेत्रीय राजधानी भयो। सोचौं कति अग्रिम सूझबूझ बुवाज्यूमा रहेछ ।

सरकारको जुनाफमा बुवाले फेरि विराटनगर देखि धनकुटा सम्म रेल हुनु पर्दछ सरकार ! भनेर बिन्ती चढाउनु भयो। सरकारबाट हुकुम भयो यो काम कसले गर्छ? त्यतिबेला उहाँले बिन्ती चढाउनु भयो कि भगवान् रामचन्द्रको हनुमान झैं सरकारको हनुमान डाक्टर तुलसी गिरी (भू.पू. प्रधानमन्त्री) हुनुहुन्छ, उहाँले गर्न सक्नु हुन्छ। त्यस पछि सरकारबाट हुकुम भयो उनी कहाँ छन्? उहाँले (बुवाले) भन्नु भयो थाहा छैन सरकार। त्यतिबेला **श्री ५ महाराजाधिराज सरकारबाट** पछाडि देखाउँदै भनिबक्सियो ऊ पछाडि-को बसेका छन् ? (बुवालाई थाहा थिएन कि तुलसी गिरी पनि त्यहाँ उपस्थित हुनुहुन्थ्यो भनेर) तर पनि राजालाई यसरी निडर भएर आफ्ना मनमा लागेको कुरा भन्नु वास्तवमा ठूलो साहसको कुरो थियो र वास्तवमा कालान्तरमा रेलको स्थानमा धनकुटा सम्म ३२ करोड रूपियाँको लागतबाट निकै राम्रो सडक बन्यो।

आमरण अनसन

कलकत्ताको नर्सिंगहोममा अन्तिम समयका केही लक्षणहरू देखिन थालियो। त्यतिबेला श्रीमती चाँदकुमारी गोल्छाले उहाँसंग सोधिन् "के हजुर "संथारा" (आमरण अन्न-जलको परित्याग) गर्न चाहनु हुन्छ? त्यस पछि बुवाज्यूले हो भनी संकेत गर्नु भए पछि उहाँलाई नियम गराइयो र ७ मिनेट पछि उहाँ स्वर्गवास हुनुभयो। बुवाज्यूको अन्तिम समयको मानसिकता धेरै नै समतामय एवं आध्यात्मिक भावनाले ओतप्रोत थियो।

अंतिम-यात्रा

आइतवार ई. सन् १९८३ का दिन दिसम्बर ११ तारिख ११ बजेर ११ मिनेट जाँदा तदनुसार मार्ग शीर्ष शुक्ला सप्तमी बि.सं. २०४० मंसिर २५ गतेका दिन उहाँले यस नश्वर संसारबाट सम्पूर्ण परिवार तथा घरवार सबैलाई सधैंको लागि छोडेर आफ्नो यात्रा तिर प्रस्थान गर्नु भयो। राम्रो दिनमा महाप्रयाण गर्ने उहाँको पूर्व मनसाय त्यस दिन पूरा भयो। किन भने संयोगले पंडितज्यूहरूको भनाइ बमोजिम त्यो अतिनै राम्रो दिन परेको थियो।

उहाँको पार्थिव शरीरको अन्तिम क्रिया गर्नको लागि बिराटनगर लैजाने योजना बन्यो। कति मानिसहरूले भने- यहाँ पवित्र गंगा नदीको किनार छ, जुन भाग्यशाली मानिसलाई मात्र प्राप्त हुन्छ। मानिसहरू टाढा टाढाबाट यहाँ आएर अन्तिम संस्कार गर्दछन्। फेरि तपाईका अधिकांश परिवार संगी-सम्बन्धी तथा इष्ट मित्रहरू यहाँ छँदैछन् अतः यहीं नै दाहसंस्कार गर्नुस्। तर बुवाज्यूको राष्ट्रिय भावना र देश प्रतिको लगावमा ध्यान दिई हामीले नेपाल लैजाने कुरा सुझाए पछि उहाँहरू पनि अन्ततोगत्वा सहमत हुनु भयो। हृदयमा एउटै प्रेरणा रह्यो कि जसरी होस् उहाँको पार्थिव शरीरलाई मातृभूमि नेपाल बिराटनगर लै जानु नै पर्छ। चार्टर प्लेनको प्रयास गरियो, तर पाउन सकिएन। एक घण्टा पछि के थाहा भयो भने ११-३० बजे बागडोगरामा जानु पर्ने प्लेन संयोगले अढाइ बजे उड्ने भएको छ अर्थात् ३ घंटा ढिलो। तर २ घंटा भित्रै काफिन तैयार गर्नु, पुलिसबाट मृत्यु प्रमाणित प्रमाणपत्र लिनु कसरी ? जबकि विमानस्थल पुग्नु मात्रै पनि ४० मिनेटको समय लाग्दछ- भने दुई घंटा भित्रै कसरी सम्भव हुन सक्ला?

तर आश्चर्यको कुरा त के छ भने नसकिने काम पनि समयमा आफैं हुँदै गयो। उहाँको शरीरको नापको काफिन पनि भेटियो। कांफिन बनाउनेहरू के भन्थे भने ४।५ दिन अगाडि नै हाम्रो मनमा यो भावना जाग्रित भएको थियो कि एउटा ठूलो आकार-प्रकारको कांफिन बनाएर राखि दिऔं। ५ दिन देखि यो कांफिन बनि रहेको थियो। आज आईतबार छुट्टीको दिन त्यसमा पनि क्रिकेट म्याच भई रहेको बेला, मेच हेर्न जानु पर्ने सट्टामा हाम्रो यहाँ आउने कुनै योजना नै नभए पनि हामीहरू र मजदूरहरू आफैं किन र कसरी यहाँ चर्चका अधिकारी समेत आई पुग्यौं भन्दै आश्चर्य जनाए। उनीहरूले नै गाडी पठाई बुवाज्यूको पार्थिव शरीरलाई बेलभ्यू नर्सिंग होम देखि ल्याउन लगाई आफ्नो नियमानुसार भगवान ईशु समक्ष पूजा-पाठ गराएर काफिनमा प्याक् गरी आफ्नै मोटर द्वारा विमानस्थल पनि पुऱ्याई दिए। यस सहयोगका लागि उहाँहरू प्रति गोल्छा परिवार धेरै नै आभारी छ ।

पार्थिव शरीर बुकिंग बिना कसरी प्लेनमा चढाइयो ?

२-३० बजे हवाईजहाज खुल्ने समय थियो। सबै यात्रीहरू जहाजमा चढी रहेका थिए। २-३० मा बुवाज्यूको पार्थिव शरीर पुग्यो र छोरा दिवाकरले पुलिसलाई कांफिन चढाउन दिनुस् भनेपछि पुलिसले गेट खोली दिए र कांफिन बुकिंग बिना जहाजमा चढाइयो। सबै आश्चर्य हुन्छन् होला तर यो यथार्थ हो। दिवाकरले शवलाई जहाजमा पठाएर रसिद कटाउन एयर लाईन अफिसमा गएपछि तिनीहरूले भने अब जहाज उड्न लागिरहेकोछ, यात्रीहरू जहाजमा चढी सकेका छन् अब सम्भव नै छैन, तर दिवाकरले कांफिन जहाजमा चढाई सकिएको हुनाले अब रसिद त तपाईले दिनै पर्छ भने। बिना इजाजत कांफिन कसरी चढ्न सक्छ भनी आश्चर्य भएर उनीहरूले खोज तलास गर्दा थाहा भयो कांफिन वास्तवमा जहाजमा चढाई सकिएछ। तिनीहरू वाध्य भै एयर वे बिल दिन तयार भए तर पुलिस प्रमाण-पत्र मागियो जुन् आई पुगेको थिएन। एक छिनमा ल्याउंछु भनी दौडिंदै दिवाकर एयर कार्गो अफिसबाट आन्तरिक यात्री उडान अफिस गए, जुन करीब १ माइलको टाडा छ। त्यहाँ इण्डियन एयर लाइन्सको अफिसर भेटियो। उसले भन्यो हिड्नुस् म गराई दिउँला। उनी फेरि उसको साथमा कुद्दै कार्गो अफिस पुगे, पुलिस रिपोर्ट नभैकन काम हुंदैन फेरि भनियो। दिवाकर हिम्मत साथ फेरि कुदै एयर पोर्ट अफिस आए पछि सो समयमा नै पुलिस रिपोर्ट आई सकेको हुनाले सो लिएर पुनः कुद्दै कार्गो अफिस जाँदा आएको रिपोर्ट एउटा मात्र भएको र एयरपोर्ट अफिसलाई एउटा रिपोर्ट राख्नु अनिवार्य थियो। उता हामीलाई पनि दुई देशको कुरा भएकोले एक प्रति साथमा राख्नु अनिवार्य थियो। अन्तमा बडो मुस्किलले संझाई बुझाई पुलिस रिपोर्टको नम्बर नोट गराई रसिद तथा रिपोर्ट लिई कार्गो अफिस देखि जहाजसम्म दौडिएर दिवाकर ठूलो कठिनाई साथ जहाजमा चढे पछि जहाज उड्यो । त्यति बेला सवा तिन बजेको थियो। अर्थात् ४५ मिनेट प्लेन हाम्रो लागि ढिलो भएको हुनाले यात्रीहरू पनि धेरै रिसाएका थिए। हामी बाहेक पनि त्यस दिन काठमाडौंबाट श्रीमती हुलासचन्द गोल्छा, श्रीमती चन्द्रकुमार गोल्छा र केटाकेटी लगायत ५ जना दम्दम् एयरपोर्ट पुगेका थिए। तिनीहरू र हामी २० जना समेतलाई पनि त्यसै प्लेनमा टिकट मिल्यो र हामी सवा चार बजे बागडोगरा आई पुग्यौं र त्यहाँबाट तीन ओटा ट्याक्सीमा हामी र एउटा ट्रकमा पार्थिव शरीरलाई राखेर सोही दिन ८-३० बजे राति नै हामीहरू बिराटनगर गोल्छा निवासमा आई पुग्यौं। नत्र भने स-साना बालक सहित भयंकर जाडो याममा मोटरहरूमा सम्पूर्ण रात लगाएर आउनु पर्दथ्यो र बिहान ५ बजे सम्ममा मात्र विराटनगर पुग्ने थियौं।

त्यस जाडोको मौसममा पनि बिराटनगरमा सबेरै ७ बजे नै दर्शनार्थीहरूको लाम लागि सकेको थियो। आफन्त बाहेक हजारौं व्यक्ति विभिन्न जाति तथा समाजका

नर-नारीका साथै केटाकेटीहरू-जसमध्ये कतिले हातमा फूल लिई, कैयौं मर्माहत स्थितिमा रूँदै थिए भने अनजान, गरीब, मानिसहरू पनि धेरै संख्यामा आए। त्यस मध्ये कति मानिसहरू निहुरी निहुरी दर्शन गरी रहेका थिए, फूल चढाई रहेका थिए। त्यति बेला हामीलाई आभास भयो कि उहाँ वास्तवमा गरीब प्रति ममतामय मानिस भएको हुनाले नै सबैको श्रद्धापात्र हुनु भएको हो। उहाँले आफ्नो जीवनमा गरीबीलाई एकदम नजिकैबाट देख्नु भएको तथा अनुभव पनि गर्नु भएको थियो। तिनीहरूको सेवा शुश्रूषा तथा सोधपूछ हमेसा गर्नुहुन्थ्यो। कुनै पनि सानो भन्दा सानो प्राणीको लागि उहाँको ढोका हरबखत खुल्ला थियो। साथै उहाँ हरेक संग हाँसेर नै उनीहरूको दुःख सुखलाई सम्झनु तथा उनीहरूको भलाइको लागि कार्य गर्नु हुन्थ्यो। कोही पनि भोकै सुतोस् यो कुरा उहाँका लागि कष्टदायी थियो! जसको प्रत्यक्षफल हामीले: अनुभव गरेका थियौं। कुनै पनि मजदूरले मजदूरी गरी पैसा मांगेको खण्डमा उनीहरूलाई त्यसै समय मै दिने आदेश थियो। यदि कुनै कर्मचारीहरूले त्यसलाई अर्को दिन आउन भनेको खण्डमा उहाँलाई आत्मीय वेदना हुन्थ्यो, उहाँ भन्नु हुन्थ्यो गरीबको भोलि बडो मुस्किलको हुन्छ।

तिमीहरू लखपति बाबुको छोरा हौ । तिमीहरूलाई गरीबी के हो भन्ने बुझ्न समय लाग्दछ तर म गरीब बाबूको छोरो थिएं तसर्थ गरीबीलाई नजिकबाट देखेको छु र बुझेको पनि छु । अर्काको दुःख बझ्न तिमीहरूलाई समय लाग्नेछ ।

हामीले बुवाको पार्थिव शरीरलाई राति ८/३० बजे विराटनगर ल्याई पुऱ्याउंदा गोल्छा निवासमा धेरै शोकातुर मानिसहरू भेला भएका थिए । ट्रकबाट शव समेत क्याफिनलाई उतारेर आंगनमा राखेपछि यहां जम्मा भै सकेका र पछि आएका सबै मानिसहरू शवलाई कुर्दै जागरण बसेका थिए । त्यस बेला मेरा मानस पटलमा बुवाज्यूको जीवन-दर्शन, व्यवहार,उपदेशहरू र विभिन्न घटनाहरू बादल मंडारिए जस्तै मडारिएर आउन थाले ।

कर्म-निष्ठा

उहाँमा नाम मात्रको "आलस्य" थिएन । उहाँ स्वयं उठेर आफ्ना हातले आफ्ना सबै काम गर्नु हुन्थ्यो तर अरूबाट सेवा लिने भावना राख्नु हुन्न थियो । कामलाई उहाँ कहिल्यै पनि सानो र ठूलो सम्झनु हुन्नथ्यो । आफै भांडा मल्नु, कूचो लगाउनु परेपनि उहाँ अलिकति मात्र पनि हिचकिचाउनु हुन्न थियो । उहाँले हामीलाई सम्झाउनु हुन्थ्यो कुनै कामलाई सानो न सम्झ, आफ्नै हातले काम गर्दा मानिस सानो हुंदैन ।

बुवाज्यूले आफ्नै हातले आफ्नो काम गर्ने कुरालाई घरमा मात्र सीमित राख्नु भएन, अपितु सार्वजनिक अवसरका नगर सफाइ अभियान समेतमा उहाँ स्वयं सफाइमा संलग्न भएर उहाँले कुचो समेत लगाएको देख्दा अन्य व्यक्तिहरू पनि प्रेरित हुन्थे ।

उहांले दुनिया देखनु भएको थियो र बुवाज्यूको अनुभवको आधारमा पछि हुने कुराहरू उहाँबाट मानिसहरूले सुन्दा तत्काल त आश्चर्यचकित हुन्थे तर ती वाक्यहरू कालान्तरमा सत्य सिद्ध भएको पाइन्थ्यो ।

समन्वय र शिक्षा

आफ्नो धुन तथा लगनमा पक्का, कसैको वास्ता नगर्ने र आफ्ना विचारहरू संग अरूलाई पनि सहमत गराउनमा बुवाज्यूमा अद्भुत शक्ति थियो । कलकत्ताका एकजना धनी परिचित परिवार, जो गृह कलहमा अल्झिएका थिए । लोग्नेलाई रक्सीको लत, स्वास्नीको त्यस विषयमा रोजै झगडा गर्ने बानी । बुवाज्यूले त्यस (युगल) जोडीलाई सम्झाई बुझाई तिनीहरूको कलहको समाधान गरिदिनु भयो । आज तिनीहरू सुखी दाम्पत्य जीवन बिताई राखेका छन् ।

जसरी सदा साधारण तर स्वच्छ लुगा लगाउनु हुन्थ्यो त्यसै गरी साधारण व्यक्तिहरूलाई पनि उत्तिकै महत्व दिइ नै रहनु हुन्थ्यो ।

उहाँ सरल हृदयको लागि प्रसिद्ध हुनुहुन्थ्यो । कहिले काहीं उहाँलाई असाधारण रिस उठ्द्थ्यो तर केही समय पछि आफै महसूस गरी त्यतिकै नरम पनि हुनुहुन्थ्यो र आफुले रिस प्रकट गरेको व्यक्तिलाई बोलाएर प्रेमसंग सम्झाउँनु हुन्थ्यो ।

उहाँ स्वयं अत्यन्त मितव्ययी तथा अपरिग्रही हुनुहुन्थ्यो, अथवा यसो भनौं आफुसंग केही पनि राख्नु हुन्नथ्यो । त्यसै गरी सबैलाई मितव्ययी रहनू तथा मोहजालमा नफस्नू, रईसी नगर्नू, आदि सम्झाउँदै रहनु हुन्थ्यो ।

अर्कालाई धोका दिनु र स्वयं धोका खानु दुवै उहांलाई मन पर्दैनथे । उहाँ भन्ने गर्नु हुन्थ्यो "भलाई गर इनारमा हाल" अर्थात् आफुले गरेको उपकारलाई कहिल्यै पनि बयान गरी प्रकाश नगर्नू । कसैले उहांको उपकार गरेको रहेछ भने उहाँ त्यसको आजीवन ऋणी हुनुहुन्थ्यो, कुरा कुरामा उल्लेख गर्नु हुन्थ्यो । हमेसा याद रहोस भनेर ती व्यक्तिको फोटो टांगेर राख्नु हुन्थ्यो । उदाहरण स्वरूप उहांका अनन्य सहयोगी स्व. कर्नेल शिव प्रताप शम्शेर थापाको नाम लिन सकिन्छ । यसै गरी विराटनगरमा सर्वश्री मातृका बाबू, भूपालमानसिंह कार्की, दुर्गानिधि डिट्ठा (लोहनी), मीनराज पाण्डे, जुद्धबहादुर श्रेष्ठ आदि र कटिहारका हरद्वारिलाल झुनझुनवाला, प्यारेलाल झुनझुनवाला र रामकुमार सेख्सरिया आदि धेरै नै सहयोगी र मित्रहरू हुनुहुन्थ्यो ।

उहाँ ठूला ठूला व्यक्तिहरूसंग नहिचकिचाई,निडर भएर भेटघाट गर्नु हुन्थ्यो त्यसै गरी आफ्ना आश्रितहरूलाई सदा निडर रहेर काम गर्ने शिक्षा दिनुका साथै ठूल ठूलाहरूलाई भेटने अवसर पनि दिनु हुन्थ्यो ।

जीवनको सार्थकता

उहाँ बिहान देखि राति सम्म काम काज गरीनै रहनु हुन्थ्यो किन भने उहाँको भनाइ थियो काम गर्नु नै मनुष्यको कर्तव्य र धर्म हो । गुरू, देश र समाजको कर्जा तिर्ननै मनुष्यको जन्म भएको हो । केही गरेर मर्नु नै सफल मृत्यु हो । त्यसो त धेरै मानिसहरू जन्मन्छन् र मर्दछन्, तर गुरू,धर्म, देश, नरेश तथा समाजका लागि तिनीहरूले केही पनि गरेका छैनन् भने तिनीहरूको न त जन्म नै सफल हुन्छ न त मृत्यु नै सफल हुन्छ ।। आफ्नै नश्वर शरीरको सेवा शुश्रूषामा लिप्त भएर बाँच्नु पनि कहीं बाँच्नु हो र !

सादा जीवन उच्च विचार

सीधा सादा जीवन र उच्च विचार उहाँमा रहन्थ्यो । उहाँ भन्नु हुन्थ्योः-

* अर्काको दुःख सम्झ, त्यसलाई केही देऊ तर लिने ईच्छा केही पनि नराख।
* आफु ठगिएर सन्तोष गर, तर अर्कालाई ठग्ने प्रयास कहिल्यै पनि नगर्नू।
* कसैलाई धोका नदेऊ, कसैको कुभलो नगर।
* यदि कसैले तिम्रो कुभलो गर्दछ भने त्यससंग ईर्ष्या नगरी सम्झ कि यसमा तिम्रो भलाइ निहित छ।
* विचार गर, वास्तवमा स्वयं बाट कतै कांही केही गल्ती भएको त छैन।
* कुनै भूल भएमा त्यसलाई सुधार्दै जाऊ।
* कसैले तिम्रो आलोचना गरेमा मात्र तिमीलाई आफ्नो भूल थाहा पाउन सजिलो हुनेछ।

त्यसकारण आलोचक सित कदापि रिस नगर । अनि मात्र चांडै भूल सुधार्ने मौका पाउने छौं ।

कसैसंग ईर्ष्या-द्वेष नगर्नू, तथा आफ्नो गल्ती माथि ढाकछोप गर्ने कोसिस नगर्नू । भूल मनुष्य मात्रको स्वभाव हो, तर भूललाई भूल नसम्झेर त्यसलाई सत्य साबित गर्ने प्रयास गर्नु पूर्ण मूर्खता हो । झूटो आखिर झूटो नै हो । त्यो एक न एक दिन साबित नै हुन्छ अनि पश्चात्ताप का साथै समाजको सामुन्ने आफूलाई लाज मर्नु पर्ने हुन्छ ।

उहाँ भन्नु हुन्थ्योः-

* हिंसा गर्नु ठूलो पाप हो।
* केवल पशुपंछी मार्नु नै हिंसा होइन, कसैको आत्मालाई चोट पुऱ्याउनु पनि हिंसा हो।
* कसैको गुप्त कुरालाई प्रचार गर्नु पनि हिंसा हो । उहाँ के पनि भन्नु हुन्थ्यो भने कसैको पनि दोष भएमा पहिले त्यसलाई सम्झाएर सुधार्ने मौका दिनू र त्यसको प्रचार नगर्नू।
* कसैले चापलुसी गर्दछ भने त्यसको विश्वास नगर्नू।
* जसले कुरै पिच्छे किरिया (कसम) खान्छ भने त्यसलाई त्यति नै झूटो सम्झनू।

सन्देहले सन्देहलाई बढाउँछ र विश्वासले विश्वासलाई। सन्देह गर्ने प्रवृत्ति त्यागेर विश्वास गर्न सिक्नु पर्छ ।

मानिस विरोधहरूबाट किन डराउने ? ती त प्रगतिका सूचक र प्रेरक हुन् । विरोध न भै कैले, कसले प्रगति गरेको छ ?

कुनै पनि मानिस कसैको गुलाम बन्न चाहँदैन तर तृष्णा र वासनाको गुलाम भने को नहोला ।

-अमृत पुरूष आचार्यश्री तुलसी

क्रीडा र आमोद प्रेमी

एक दिनको घटना मलाई याद आई रहेछ । करीब ५ दशक पहिलेको कुरो हो । हामीहरू जयपुर घुम्न गएका थियौं त्यहां गलता नाउंको धेरै ठूलो नुहाउने तलाउ थियो । उहाँ छिटो हिड्नु हुन्थ्यो । हामी कुदी कुदी उहांलाई समात्दथ्यौं । हामी प्रायः पछाडिनै हुन्थ्यौं । उहाँ म देखि निकै अगाडि हुनुहुन्थ्यो । अचानक उहाँ आंखा देखि ओझल हुनु भयो ।‚ जब म पनि अगाडि पुगे अनि थाहा पाएं कि उहाँ त तलाउमा खस्नु भएको रहेछ । हामीहरू हडबडाई दौडिएर गयौं । नजिक गएर हेर्दछौं त उहाँ पौडी खेली रहनु भएको रहेछ अनि मलाई पनि बोलाई रहनु भएको थियो,"आऊ आऊ" । मैले भनें मलाई पौडी खेल्न आउंदैन म डुबछु। त्यस पछि भन्न थाल्नु भयो - म तिमीलाई समात्दछु, आऊ। अनि जबरजस्ती मलाई समातेर गहिरो ठाउंमा लानु भयो । त्यस पछि हुलासलाई पनि तान्नु भयो र हामी नुहाउन थाल्यौं । मलाई त्यसै दिन थाहा भयो कि उहाँ त एउटा सफल तैराक पनि हुनुहुदोरहेछ । मैले पनि सोधें-तपाईले पौडिन कहिले सिक्नु भयो ? त उहाँले भन्नु भयो म केटाकेटी देखि नै जान्दछु । त्यस कारण नदीमा डुङ्गा डुब्दा म तरेर नै निस्किएको थिएं । तिमी पनि पौडी सिक । तर मैले आजसम्म पौडिन सिक्न सकिन ।

मेरी आमा भने गर्नुहुन्थ्यो -एक दिन नदीको किनार तिर घुम्न जांदा आफ्ना दुई सालीलाई साइकलमा चढाएर नदी किनारको पगडण्डीमा(गोरेटो) टाढा सम्म घुमाएर ल्याउनु भयो । आमालाई धेरै डर लागेछ भने कतै नदीमा न खसुन् किन भने उहाँ हात छोडेर साइकल चलाउनु हुन्थ्यो । उहाँ पक्का साइकिलिस्ट पनि हुनुहुन्थ्यो ।

उहाँ घोडाको सबारीमा पनि निपुण हुनुहुन्थ्यो । ठूला ठूला बदमास घोडामा चढेर त्यसमा घुम्नु उहाँको सोख थियो । बराबर उहाँ आफुसँग एउटा घोडा राख्नु हुन्थ्यो त्यसै घोडाबाट उहाँ देहात (गाउं घर) र जोगबनी जाने आउने गर्नु हुन्थ्यो मलाई घोडचढी पनि उहाँले नै सिकाउनु भएको थियो । म प्रायः घोडामा चढेर घुम्न जाने गर्दथे, एउटा घोडा त कति बदमास थियो कि त्यसमा चढे पछि पछाडिको दुवै खुट्टा उठाएर पटक पटक उभिन्थ्यो तथा सवारलाई खसाउन खोज्दथ्यो । बुवाज्यू मलाई चढाएर भन्नु हुन्थ्यो- "समातेर राख्नू" र एउटा लामो बांसले घोडाको पछाडिको खुट्टामा हान्नु हुन्थ्यो, घोडा बेगले बाटोमा कुद्ने गर्दथ्यो कतै रोकिदैन थियो तर घरबाट हिंडने बेलामा सधै खुट्टामा दुई तीन चोटि हिर्काउनु पर्दथ्यो ।

क्रीडा र आमोद प्रमोद बुवाज्यूको जीवनको अभिन्न पक्ष थियो भने उहाँ भन्नु हुन्थ्यो-सदा प्रसन्न रहने र आमोद प्रमोदमा व्यस्त रहने गर्नाले मानिसको स्वास्थ्यमा अनुकूल प्रभाव पर्दछ ।

"स्व. श्री ५ महेन्द्र को समुपस्थितिमा आयोजित डोरी तानातान प्रतियोगिता मा भाग लिंदै कौतक प्रेमी स्व. श्री राम्लाल गोल्छा ज्य।"

रामलाल गोल्छाज्यू गरीब गुरूबाहरूलाई कम्बल दान गर्दै



स्व. श्री रामलाल गोल्छा पनातिनी कुमारी पूजालाई वात्सल्यता प्रदान गर्दै।

एक पल्ट एउटा सार्वजनिक पर्वको बेला शहीद मैदान, विराटनगरमा विभिन्न कार्यक्रममा डोरी तान्ने कार्यक्रम पनि थियो । त्यस डोरी तानातानमा बुवाज्यू र व्यापारीहरू एक तर्फ र अर्को तर्फ सरकारी कर्मचारीहरू थिए । यस कार्यक्रममा भागलिने आफ्नो पक्षका व्यक्तिलाई उत्साह दिदै डोरी तान्न थालनु भएपछि त्यहां हांसोको लहरै फैलिएको थियो ।

बाल-बालिका प्रति अपार स्नेह

केटा केटी चाहे ती आफ्ना हुन् या अरू कसैका, उहां कसैको पनि दुःख हेर्न सक्नु हुन्नथ्यो । सबै केटाकेटीलाई प्रेम तथा माया गर्नु हुन्थ्यो । खास गरेर म जब बाल्यावस्थामा पटक-पटक बिमारी रहन्थें दुई तीन चोटि मरणासन्न अवस्थामा पुगेको थिएं त्यसबेला बुवा र आमाको अत्यन्त राम्रो सेवा-शुश्रूषाको परिणामले नै वांचेको थिएं । आफु सँग पैसाको कमी हुंदा पनि राम्रो संग औषधी गराउनु हुन्थ्यो ।

सन् १९८१ सालको कुरो हो मेरो स्वास्थ्य पुनः खराव हुन लाग्यो । उहाँ खूव चिन्ता लिनु हुन्थ्यो । म लण्डन गएको बेला पनि सबभन्दा पहिले भन्नु हुन्थ्यो आफ्नो चेकअप गराएर आउनू । उहाँको चिठी र फोनमा पनि यिनै कुराहरूनै हुन्थे। लंदनको जब एउटा डाक्टरले कारडीयो क्याथेराइजेशन गराउन भने तब मैले भाइको साथी एक जना डास्टर कृष्ण कुमारको सल्लाह अनुसार नगराईकन स्वदेश फिर्ता भएं । त्यस बेला उहाँ म सँग धेरै रिसाई अविलम्ब मलाई लिएर स्वयं बैकक हिड्नु भयो । त्यहांका डाक्टरले गोल ब्लेडरमा पत्थर छ भन्ने पत्ता लगाए । मैले अपरेशन गराउन आनाकानी गरेर भनें "पछि गराउंला, अहिले त्यति खतरा छैन" बैकक बस्ने माधोजी संग सल्लाह हुंदा उनले भने होमियोपैथिकइलाजबाट नै ठीक हुन सक्दछ । तर उहाँको एउटै कुरा थियो कि म रोग लिई फर्कि जान दिन्न । यदि अपरेशन गराएनौ भने म यहांबाट घरनै फर्किन्न । त्यस पछि मैले उहाँलाई नाई नास्ति गर्न सकिन र अपरेशन गराएर नै हामी फिर्ता भयौं । तर केही दिन पछि सिकायत ठीक नभएकोले चेक गराउंदा हृदय रोग रहेछ भन्ने थाहा भयो र परिवार सहित मलाई तुरून्तै अमेरिका पठाउनु भयो तथा साथमा भाइ हुलासलाई पनि यस कारण पठाउनु भयो कि उहाँका मनमा डर थियो कि म औषधी नै नगरी फिर्ता हुंला भनेर । त्यहां कारडियो केथेराइजेशन गरे पछि हार्ट अपरेशन गर्न डाक्टरहरूले सल्लाह दिए । हामीले फोनमा सोध्यौं कि ओपेन हार्ट सर्जरी हुन्छ, धेरै ठूलो अपरेशन हो, पूरा खतरा छ । तापनि भन्न थाल्नु भयो तुरून्त गराई हाल रोगलाई साथमा लिएर आउनु पर्दैन, होइन भने म नै आउने छु । हामीले अपरेशन गर्न मंजूर गर्‍यौं र उहांले हाम्रो सहयोगका लागि जेठा नाती (मेरा छोरा) लोकमान्यलाई तुरून्त त्यहां पठाई दिनु भयो ।

उपचारका लागिजतिसुकै खर्च लागे पनि त्यसलाई उहाँ सही खर्च मान्नु हुन्थ्यो। यद्यपि उहाँ आफ्नो जीवन कालमा कहिले कांही मात्र मामूली दबाई प्रयोग गर्नु हुन्थ्यो। खास गरेर डाक्टरी दवाईहरू खान उहाँलाई मन पर्दैन थियो । बिरामी पनि धेरै कम रहनु हुन्थ्यो । साना तिना विरामीहरूमा देशी दवाईहरूको प्रयोग नै गर्नु हुन्थ्यो ।

सफल डाक्टर

उहाँ एउटा होमियोपेथिक तथा बायोकेमिक दवाईहरूको सफल डाक्टर पनि हुनुहुन्थ्यो । उहाँले आफ्नो हातबाट धेरै मानिसहरूलाई औषधी दिएर निको पनि पार्नु भएको थियो । करीब २०-२५ वर्ष सम्म यहाँ डाक्टरहरूको कमी भएको बेला उहाँ आफै औषधीहरू दिने गर्नु हुन्थ्यो । डाक्टर धेरै बढे पछि तथा उहाँलाई फुर्सत पनि कम हुन लागे पछि मात्र उहाँको दवाई दिने नियम घट्यो ।

निर्भीकता

इश्वी सन् १९४६ को कलकताको हिन्दू-मुस्लिम दंगाको बेलामा पाट मिलहरू बाट भुक्तानी आएको करीब एक लाख रूपियाँ झगडाले गर्दा एउटा गद्दीमा फँसेको थियो। त्यसै झगडाको बेला कुसेसुर नाउँको नोकरको टाउकोमा एउटा टोकरी राखी त्यसमा रूपियाँ हालेर रूपियाँलाई फलफूलले छोपेर पैदलनै करीव एक माइल हिंडी अर्को ठाउँमा पुऱ्याउनु भयो । जबकि त्यसतो झगडाको दौरान मोटरवाला पनि जाने साहस गर्दैनथे । यस्ता स्मरणहरू मेरा मन-मस्तिष्कमा आई नै रहन्छन् र बेला बेलामा तिनमा अल्झी रहन्छु ।

शवयात्रा

राति मैले बैकुण्ठी निकाल्ने विचार राखेको थिएं तर अन्य मानिसहरुको राय मिलेन र चलन अनुसार सुताएर निकाल्ने नै निर्णय भयो । साथै धेरै जसो अनुभवी व्यक्तिहरूको के सल्लाह थियो-भने मृत्युको २-३ घंटा पछि मानिसको शरीर अररिन्छ, उसका हाडका जोर्नीहरू खुम्चिदैनन् । अतः बैकुण्ठीमा (शव राख्ने खट) पलेटी कसाएर बसाउनु सम्भव छैन। सत्यनारायण धनावतज्यू जाडोको मौसम भए पनि एका बिहानै ५ बजे तिर आउनु भयो र सेठजीको शवलाई खटमै लैजानु पर्छ भन्नु भयो। समय थोरै भएको कुरा उल्लेख गर्दै हामीले अन्य मानिसहरू खटको पक्षमा छैनन् के गर्ने भने पछि सत्यनारायणज्यूले सबैलाई सम्झाउने अभिभारा लिएर खट्मै शवलाई राख्ने दृढता जनाउनु भयो ।

नभन्दै सुन्दर सँयोग ! बाहिर आएर हेर्दा त सेठजीको शवलाई बसेको मुद्रामा राख्न सकिने आकारको (खट) बैकुंठी जस्तै चीज पाइयो । धनावतज्यूले काठ मिस्त्री बोलाएर तत्कालै र जोडतोड लगाएर खट बनाउन लगाउनु भयो। यसरी मेरो मनमा रहेको हार्दिक इच्छा पनि पूरा भयो । बिहान जब कँफिनबाट पार्थिव शरीर निकालियो

कर्मवीरको शवयात्राको झलक

कर्मवीरको शवयात्रामा शोक मग्न छोरा-नाती हरु

ज्योतिपुंज युगप्रधान आचार्यश्री तुलसीज्यूमा रामलाल गोल्छाज्यूको स्वर्गवास सम्बन्धी विवरण सुनाउदै सुपुत्र द्वय हंसराज र हुलासचन्द । पृष्ठभूमिमा पौत्र दिनेश र महेन्द्र ।

मानिसहरू आश्चर्यचकित भए । पूरा शरीर एकदम नरम र कोमल थियो जहाँ जसरी चाहिए पनि त्यसरी नै सजिलैसँग बस्दथ्यो । हात गोडा लगायत औंलासम्म पनि सजिलै खुम्चिन सक्तथे । रीति अनुसार शवलाई अन्तिम स्नान, ललाटमा लेपन र अन्तकालीन विधिहरू सम्पन्न गरेर ध्यान मुद्रामा पलेंटी आसनमा बसाइयो र दुवै हात एक अर्कामा जोडी औंलाहरूमा माला राखियो, मुखमा मुख बस्त्रिका लगाइयो, हेर्दा के लाग्दथ्यो भने उहाँ ध्यान मुद्रामा बस्नु भएको छ । ती सबै हेरेर मानिसहरू आश्चर्यचकित भए, किन भने मृत्यु उपरान्त २३ घन्टा पछि पनि हामीहरूले शवलाई राम्रो तरिकाले बसाउन सक्यौं । हातको एउटा स्थानबाट ताजा रगत निक्लेको देखियो। साधारणतया शवबाट रगत आउँदैन । यी सबै दृश्यलाई हेरेर कसै कसैको मुखबाट यिनी वास्तवमा योगी पुरूष थिए भन्ने शव्दहरू निस्की रहेका थिए । सबै भाव विभोर भई रहेका थिए र परिवारका सबै जनाले हातमा नरिवल लिई शव परिक्रमा गरे।

१२ दिसम्बर सोमवार जब बैकुण्ठी उठाइयो त्यस बेला पनि सँयोगवश ११ बजेर ११ मिनट नै भई रहेको थियो । अर्थात् स्वर्गारोहणको ठीक २४ घण्टा पछि शव यात्रा गोल्छा निवास विराटनगरबाट निस्कि रहेको थियो । जैन धर्मको मंगलपाठ, ध्यान, स्वाध्याय गरी सके पछि बैकुण्ठी उठाइएको थियो किन भने जैन धर्म एवं अणुव्रत उहाँको नसा नसामा भरिएको थियो ।

शववाही खट् अगाडि कति मानिसले आफै आई बाद्य-यन्त्त लिएर रामधून एवं भक्ति संगीत बजाइ रहेका थिए । मानिसहरू "राम नाम सत्य, अरिहन्त नाम सत्य हो" जस्ता माँगलिक ध्वनि अविरल गतिले उच्चारण गरि राखेका थिए । बैकुण्ठीको पछाडि हजारौं मानिसहरू हिंडी रहेका थिए । जुलुसको पछाडि एउटा माइक्रोबसमा लाउडस्पीकर द्वारा नवकार मन्त्तको टेप चलि रहेको थियो । सडकको दुवै तिर दृश्य हेर्नेहरूको अपार भीड थियो यहाँ सम्म कि मानिसहरू घर तथा रूखमा चढेर पनि हेरिरहेका थिए ।

मानिसका अनुहारमा थकानको स्थानमा मुस्कुराहट देखिइ रहेको थियो। यति लामो यात्राबाट पनि मानिहरूले शवयात्राको बाटोलाई अझैं लामो बनाए। त्यसो त शवयात्रा रंगेली रोड भएर लैजाने कार्यक्रम थियो तर तिनीहरूले बुधहाट चौक भएर लगे। मनाही गर्दा भने-"के उहाँ तपाईको मात्र बुवा हुनुहन्थ्यो र! हेर्नु हुन्न उहाँ त सबैको बुवा हुनुहन्छ , के त्यस्तो लाग्दैन र? जनता जस्तो चाहन्छन् त्यस्तै लैजान दिनोस् कृपया बाधा नगर्नुस् " हामीले निरूत्तर हुनु पऱ्यो।

तिमी मृत्युलाई भुल्न सक्छौ, तर मृत्यु तिमीलाई बिर्सदैन
-भगवान महावीर

अन्तिम संस्कार

आखिर त्यो समय पनि आयो, जुन मरे पछि एक दिन सबैको आउँछ। उहाँको पार्थिव शरीरलाई काठ र चंदनको चितामा राखियो र जेठो छोराको नाताले मलाई नै चितामा दाग बत्ती दिन भनियो। तपाई नै सोच्नुस्, त्यो कस्तो करूण दृश्य थियो होला! आफ्नो पूज्य पिताजीलाई आफ्नो हातले आगो लगाउनु!!

हृदय भरिएर आयो मुटुमा गाँठो पऱ्यो तर पनि केही जोर चलेन, दाग-बत्ती दिएँ। मैले त्यस बेला सोचें कस्तो गति हो यो ? जबसम्म व्यक्ति जीवित रहन्छ एक-एक पैसाको लागि सोच्दछ, आफ्नो शरीरमा कहीं कतै केही लागेमा धुन्छ, सफा गर्छ, तर मरे पछि मृत शरीरलाई कसैले पनि एक घण्टा पनि घरमा राख्न चाहँदैन, चाहे करोडौंको सम्पत्ति छाडेर जाओस्, चाहे कर्जा लिएर जाओस्। सबैलाई यथाशीघ्र चितामा पुऱ्याउने चिन्ता लाग्न थाल्छ। यस नश्वर संसारका मानिसहरू कति हिंसा, लडाई-झगडा, तँ तँ-मं मं गर्दा गर्दै मर्दछन्, साराका सारा यहीं नै रहन्छ। राम्रा न राम्रा कुरा मात्रै संग जान्छ। यही उहाँको महावाणी मात्र बारंबार याद आई रहेको थियो।

चिता ह्वार ह्वार बलिरहेको थियो, चारै तिरबाट विचित्र प्रकारले घुमी घुमी आएको दन्कदो अनौंठो आगोले चिता जलाई रहेको थियो। मलामीहरू चिता यसरी बलेको देखेर आश्चर्यचकित थिए । प्रायः मानिसको भनाइ थियो कि यस प्रकार ठूलो र भारी शरीरलाई जल्न कम्तीमा पनि २-३० घण्टा समय लाग्छ तर १-२५ घण्टामा नै चिता पूर्ण रूपले जलि सकेको थियो।

त्यसैमानै मानिसहरूलाई ज्यादा आश्चर्यलागिराखेको थियो।

त्यस बेला मानिसहरूले आएर मलाई भने कपाल क्रिया गर्नु पर्दछ। जुन् बावाले यति माया र प्रेमले पाले-पोसे, तिन्लाई आज आफ्नो हातले अग्नि दान दिनु पऱ्यो र अब कपाल क्रिया गर्नु पर्ने ?!

मैले भनें, यो काम मबाट हुन सक्तैन ।

मानिसहरूले सम्झाए, यो त छोराको धर्म तथा कर्तव्य हो। नभए पिताको आत्माले सद्गति पाउँदैन। तिमीले गर्नु नै पर्छ। बाध्य भएर बांस लिएर नजिक गएँ, बांसलाई केवल स्पर्श गर्नासाथ कपाल (अस्तु) निक्लियो तर मनको बेग रोक्न सकिएन र घुंकघुंकाएर रून बाध्य हुनु परेको थियो।

यही नै हो मनुष्यको अन्तिम गति। जब संसारमा मानिस आउँछ, त्यति बेला त्यो रून्छ, दुनिया हाँस्दछ । जब जान्छ त्यो हाँस्दछ दुनिया रून्छ। यो श्रृष्टि पनि

अचम्म किसिमको छ। यस मायाका सृजनाकर्ता भगवान् नै यसको रहस्य जान्दछन्। आज उहाँले भनेका एक एक कुरा संझना आउँछ तर ती अब संझना मात्र बनेर रहेका छन्।

हामीले पनि उहाँको धार्मिक भावनालाई महत्व दिंदै अन्तिम संस्कारको तेश्रो दिन स्थानीय जैन श्वेताम्बर तेरापंथी सभा भवनमा गएर प्रार्थना गर्‍यौं । पुनः सातौं दिन २ घंटा धार्मिक कार्यक्रम, सामूहिक सामायिक ध्यान, स्वाध्याय आदि गर्दै शोक बैठक समाप्त गर्‍यौं र ११ औं दिन सपरिवार राजस्थानको लाडनू गई पूज्य गुरुदेव आचार्यश्री तुलीसीको दर्शन गरेर हृदयमा अत्यन्त शान्ति र शीतलताको अनुभव गर्‍यौं।

मानिस त्यसबेला मात्र सावधान हुन्छन् जब प्रकृति आफ्नो पहुंच भन्दा वाहिर पूगी सक्छ "अब पछताए होत क्या, जब चिडिया चुग गइ खेत" चराले धान खाइ सके पछि पछुताउनु को केही अर्थ छैन भन्ने उखान चरितार्थ हुन्छ। आज उहाँका धेरै कुराको सम्झना आउँछ तर ती अब केवल सम्झनामा मात्र रहन पुगेका छन् ।

भगवान् महावीरका केही सारभूत देशनाहरूः

सच्चं भयवं

- सत्य नै भगवान् हो

विवेगे धम्म माहिए

- विवेक नै धर्म हो

बंधप्पमोक्खो तुज्झ अज्झत्थेव

- बन्ध र मोक्ष तिम्रो आत्मा द्वारा नै हुन्छन्।

पुरिसा!तुम मेव तुमं मितं, किं बहिया मित्तबमिच्छसि?

- हे मानिस, तिमी नै तिम्रो मित्र हो, मित्रको बाहिर के खोजी गर्छौ ?

परिशिष्ट १

(कर्मवीर श्री रामलाल गोल्छा प्रति चिरशान्ति कामना)

समवेदनाहरू

क्षमा प्रार्थना

पूज्य बुवाज्यू श्री रामलाल गोल्छाको निधनमा देश भरि र विदेशका समेत अनेकौं व्यक्ति, व्यक्तित्व, संघ, संस्था प्रमुख र संघ, संस्थाहरू द्वारा धेरै धेरै शान्ति कामना र समवेदनाका पत्रहरू प्राप्त भएका थिए। ती सबैलाई स्थान दिन संभव नभएकोहुनाले सम्बन्धित महानुभावहरू संग हामी क्षमा प्रार्थना गर्दछौं। गोल्छा परिवार सम्बन्धित महानुभावहरूको आत्मीयता प्रति द्रवित र कृतज्ञ छ।

हुलासचन्द गोल्छा

स्व. श्री रामलाल गोल्छाज्यूमा व्यक्तिहरू र संस्थाद्वारा समवेदना ज्ञापन

पिताजी रामलालज्यूको निधन सम्वादले मर्माहत गराएको छ। उहाँको र मेरो बसउठ आधी शताब्दि भन्दा बढीको थियो। देशको औद्योगीकरण प्रयास र सामाजिक उत्थानमा उहाँको ठूलो योगदान थियो। उहाँको कैवल्य लाभले देशको अपूरणीय क्षति भएको छ। परमेश्वरले उहाँको आत्मालाई चिर-शान्ति र तपाईहरूका साथै सकल परिवारलाई यो वियोग सहन गर्ने शक्ति प्रदान गरून् भनी कामना छ।

मातृका प्रसाद कोइराला
भू. पू. प्रधान मंत्री
महारथी
सम्माननीय सदस्य राजसभा
भू. पू. सदस्य, राष्ट्रिय पंचायत

मेरा पुराना आत्मीय बन्धु श्री रामलाल गोल्छाको ८६ वर्षको उमेरमा कलकत्तामा निधन भएको दुःखद समाचारले मलाई शोकाकुल पारेको छ।

सदैव प्रसन्न मुद्रामा रहने "गोरखा दक्षिणबाहु" (प्रथम) विभूषणबाट विभूषित नेपालका अग्रगण्य उद्यमी, समाज सेवी र धार्मिक चेतना सम्पन्न श्री गोल्छाज्यूको यस दुःखद निधनबाट नेपालको अपूरणीय क्षति भएको छ। यस्तो अत्यन्त दुःखदायी घडीलाई धैर्यपूर्वक सहन गर्ने शक्ति तपाईहरू समेत सम्पूर्ण परिवारलाई प्रदान गरून् भन्ने श्री परमेश्वर सँग प्रार्थना गर्दै सम्पूर्ण शोकाकुल परिवार प्रति मेरो हार्दिक समवेदना र सहभागिता पनि ज्ञापन गरेकोछु।

भूपाल मान सिंह कार्की
सहायकरथी
सम्माननीय सभापति
राजसभा स्थायी समिति, नेपाल

श्री रामलालजी गोल्छाको असामयिक निधनमा हार्दिक दुःख प्रकट गर्दछु।

डा. तुलसी गिरी
सम्माननीय, भू. पू. प्रधान मंत्री तथा
सदस्य राष्ट्रिय पंचायत, नेपाल

श्री रामलाल गोल्छाज्यूको असामयिक निधन भएकोमा उहाँको आत्माप्रति चिरशान्तिको कामना गर्दै यस अतुलनीय दुःखको घडीमा शोकसन्तप्त परिवार प्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनी श्री परमेश्वर सँग प्रार्थना गर्दै म र मेरो परिवारको तर्फबाट हार्दिक समवेदना प्रकट गर्दछु।

अर्जुन नर्सिंह राणा
गो. द. वा. (प्रथम)
महारथी
प्रधान सेनापति
शाही नेपाली जंगी अड्डा, नेपाल

श्री रामलाल गोल्छाजीको असामयिक निधन भएकोले दिवंगत आत्मालाई चिर शान्तिको कामना गर्दै शोकाकुल परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछु।

पशुपति शम्शेर ज. ब. रा.
माननीय जलस्रोत तथा आपूर्ति मंत्री
नेपाल

तपाईको परिवारमा हालै आइपरेको अतीव दुःखको समयमा तपाई र तपाईको परिवारलाई ईश्वरले दुःख सहन गर्ने शक्ति प्रदान गरून्। तपाईका पूज्य पिताज्यू स्व. रामलाल गोल्छा सँगकोमेरो परिचय धेरै अघि देखिको हो। समाजको सुधार गर्ने कार्यमा उहाँ सदा तत्पर हुनुहुन्थ्यो र उहाँले समाज र जनहितको लागि जति कार्य गरेर जानु भएको छ तिनै निःस्वार्थ सेवाको लागि उहाँ सदा स्मरणीय रहनु हुनेछ। उहाँको आत्माको लागि शान्ति मिलोस् भन्ने भगवानसित प्रार्थना गर्दछु।

लैनसिंह बाङ्देल
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं

कर्तव्यनिष्ठ समाजसेवी धर्मावलम्बी श्री रामलाल गोल्छाजीको २०४० मार्ग २५ गतेका दिन स्वर्गारोहण भएकोमा शोक संतप्त परिवार प्रति समवेदना प्रकट गर्दै भगवान सित शोक संतप्त परिवारलाई अहिले परेको यो गहिरो दुःख सहने शक्ति मिलोस् भन्नुका साथै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछु ।

दिलकुमारी श्रेष्ठ
राजसभाकी सम्माननीय सदस्य

वयोवृद्ध उद्योगपति तथा व्यापारी श्री रामलाल गोल्छाको आज ८६ वर्षको उमेरमा कलकत्तामा निधन भएको उहांका पारिवारिक सूत्रबाट थाहा भएको छ ।

विराटनगरमा आँखा अस्पताल, स्थानीय सिफलको व्यावसायिक विद्यालय भवनका निर्माता श्री गोल्छा धूम्रपान तथा मद्यपान निषेध अभियान चलाउने अणुव्रत क्लबका संस्थापक पनि हुनुहुन्थ्यो ।

स्वर्गीय श्री गोल्छा "गोरखा दक्षिणबाहु" प्रथमले विभूषित हुनुहुन्थ्यो । उहांका एक छोरी र दुई छोरा हुनुहुन्छ ।

गोरखापत्र दैनिक, नेपाल २०४० साल मंसिर २६ गते

रामलाल गोल्छाको देहान्त

आठ दशक करीवको जीवन यात्रामा श्री गोल्छा नेपाल र नेपालीको लागि अनेकौं गुणहरू र देनहरू दिएर जानु भएको छ ।

समाजमा प्रख्यात उद्योगपति व्यापारी अनि प्रतिष्ठित समाजसेवीको अनुपम सम्मान प्राप्त दानवीर गोल्छाको निधन नेपालको लागि ठूलो क्षति हो ।

आरती साप्ताहिक, २०४० साल पौष २ गते, काठमाडौं

श्री रामलाल गोल्छाको देहान्त

श्री रामलाल गोल्छाले आफनो जीवनमा जुन प्रकारको उन्नति उद्योग एवं व्यापार क्षेत्रमा हासिल गरी राष्ट्रिय उद्योग धन्धालाई टेवा पुऱ्याउनु भयो त्यस कार्यमा उहांको कार्य प्रणाली उदाहरणीय छ ।

उहांले उद्योग व्यापारलाई बढाउने कार्यमा गोल्छा अर्गनाइजेशनको स्थापना गर्नु भयो र हाल उक्त संस्था अन्तर्गत अनेकौं उद्योग एवं व्यापारिक संस्थाहरू संचालित छन । दानवीर र धर्मवीरका रूपमा कहलिनु भएका श्री रामलाल गोल्छाले गोल्छा नेत्र चिकित्सालय गोल्छा ज्ञान मन्दिर जस्ता विभिन्न संस्थाहरूको स्थापनामा र संचालनमा ठूलो देन र सहयोग गर्नु भयो ।

स्मरण, साप्ताहिक, २०४० साल पौष १७ गते आइतवार

गोल्छा पनि नेपालका बिडला भन्दा कम महत्वका व्यक्ति थिएनन् । रामलाल गोल्छाले मेहनत र परिश्रम गरेर पैसा कमाए तर त्यसको अधिकांश भाग नेपालमै उद्योग स्थापनामा लगाए । आज गोल्छा अर्गनाइजेशन अर्न्तगत कैयौं उद्योग कार्यरत छन् । यस बाहेक उनले निजी खर्चमा विराटनगरमा आँखा-अस्पताल, सिफलको बाल

व्यावसायिक विद्यालयको निर्माण गरेका छन् । राष्ट्रिय बाल कोष र अन्य सामाजिक सेवा कार्यमा उनले उदारतापूर्वक आर्थिक सहयोग दिएका छन् । यस्ता व्यक्तिको निधनले राष्ट्रलाई ठूलो क्षति पुऱ्याएको छ । हामी दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक संतप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नयां समाज, काठमाडौं, २०४० साल पौष ३ गते

कट्टर राष्ट्रवादी

श्री गोल्छा कट्टर राष्ट्रवादी हुनुहुन्थ्यो । उहांलाई एक पल्ट आँखाको इलाजका निमित्त भारतको कुनै सहरमा नगै भएन र उहां जानु भयो । त्यस ठाउंका आँखाको डाक्टरले नेपालमा अस्पताल वा डाक्टर छैनन् ? भनेछन्। डाक्टरको यस प्रश्नले गोल्छालाई ठूलो धक्का लागेछ। नेपाल फर्कनासाथ तुरन्त एउटा आँखाका रोगीहरूले साधारण रोगका लागि पनि भारत आउनु नपरोस् भनेर श्री रामलाल गोल्छाले विराटनगरमा आँखा अस्पताल बनाउनु भयो ।

संसार, साप्ताहिक (नेपाल), १८ दिसेम्बर १९८३

उहां देशको एक अनुभवी व्यवसायी मानिनु भएको थियो ।

आलोक, साप्ताहिक, २०४० साल पौष ३ गते

उहां १६ वटा विभिन्न औद्योगिक र व्यापारिक प्रतिष्ठानहरूको संस्था गोल्छा अर्गनाइजेशनको संस्थापक अध्यक्ष हुनुहुन्थ्यो ।

दैनिक हिजो आज, भद्रपुर, २०४० साल पौष ४ गते

रामलाल गोल्छाको निधन

श्री गोल्छा हाम्रा सामु अब हुनुहुन्न तर उहांले गर्नु भएका अमर कार्यहरूले सधै उहांलाई नै संझाई रहन्छन् । रामलाल गोल्छाको असामयिक निधनमा मालिंगो परिवार पनि उहांको दिवंगत आत्माको चिर शान्तिको लागि कामना गर्दछ ।

मालिंगो, साप्ताहिक, २०४० पौष ५ गते बीरगंज (नेपाल)

पिपलपाते

रामलाल गोल्छाको नेपालमै बित्ने ईच्छा थियो । तर बा बांच्छन कि भनेर छोराहरूले डाक्टरहरूको सरसल्लाह बमोजिम उहांलाई स्लिपिंग ट्याबलेटको बढी डोज दिएर कलकत्ता लगे र उहां त्यहीं बितु भो। उहांको आतमाले के भन्दो हो कुन्नी, पिपलपाते भन्छ ।

नयां नेपाल पोष्ट, दैनिक, काठमाडौं
२०४० साल पौष ३ गते १८ दिसेम्बर १९८३ आइतबार

गोल्छाको निधनै

नेपालमा उद्योगपति र प्रसिद्ध व्यापारीहरूको गणना मध्यमा नाम आउने श्री रामलाल गोल्छाको केही दिन अघि देहावसान भएको समाचार छ । ज्यादै वृद्ध अवस्थामा श्री गोल्छालाई उपचार पश्चात् बैंककबाट नेपाल फर्कनु भएको केही दिन पश्चात् कलकत्ता लगिएको थियो र हृदयगति बन्द भै कलकत्तामा उहांको देहावसान हुन पुगेको कारण दर्शाइएको पाईन्छ ।

स्मरण रहोस नेपालको व्यापार उद्योग क्षेत्र र सामाजिक क्षेत्रमा विभिन्न प्रकारले सेवादायी कार्य गर्दै आउनु भएको थियो ।

स्व. रामलाल गोल्छालाई श्री ५ को सरकारले नै एक राष्ट्रिय उद्योगपति मान्दै आएको हो ।

दैनिक धरातल, काठमाडौं

श्री रामलाल गोल्छाको देहान्त

सन १८९८ मा जन्मिनु भएका स्व. गोल्छा परिश्रमी, लगनशील, मिलनसार एवं उद्योगीहरूको लागि एक अनुपम नमूना हुनुहुन्थ्यो ।

इन्द्रधनुष, २०४० साल पौष ८ गते

अन्तिम यात्रा कर्मवीरको

नेपालका ठूला उद्योगको थालनीमा उहांको धेरै नै योगदान रहेको छ । विराटनगर जूट मिल्सको स्थापनामा उहांको उल्लेखनीय भूमिका थियो भने श्री रघुपति मिल्स आफैले खोल्नु भै विराटनगरलाई औद्योगिक क्षेत्र बनाउन योगदान दिनु भएको थियो ।

हिमालचुली साप्ताहिक, विराटनगर, २०४० साल मंसिर २९ गते

स्व. श्री गोल्छा मृदुभाषी तथा ज्यादै मिलनसार व्यक्ति हुनुहुन्थ्यो । उहांले समाजसेवामा गर्नु भएका योगदानहरू अविस्मरणीय छन ।

जनवार्ता, दैनिक, विराटनगर, २०४० मंसिर २६ गते

विराटनगर जूट मिल्सको स्थापनामा उहांको उल्लेखनीय भूमिका थियो भने श्री रघुपति जूट मिल्स आफैले खोल्नु भै विराटनगरलाई औद्योगिक क्षेत्र बनाउन योगदान दिनु भएको थियो । हाल उहांका १६ वटा औद्योगिक प्रतिष्ठानहरू छन् । दिवंगत

गोल्छाको सामाजिक कार्यमा उल्लेखनीय योगदान रहेकोछ ।

युग सन्देश, साप्ताहिक

श्री गोल्छा मृदुभाषी र मिलनसार हुनुहुन्थ्यो । उहांले सामाजिक क्षेत्रमा गर्नु भएका योगदान अविस्मरणीय रहने छन् ।

कोसेली साप्ताहिक परिवार स्व. गोल्छाको शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछ ।

कोसेली, साप्ताहिक, विराटनगर, वर्ष १५ अंक ५

राजभक्त देश भक्त र महान कर्मवीर एवं महादानी स्व. श्री रामलाल गोल्छाज्यूले यो नश्वर देह परित्याग गरी २०४० मार्ग २५ गतेका दिन महासमाधिमा लीन हुनु भएकोले शोक संतप्त परिवारमा धैर्य धारण गर्ने शक्ति जगत्नियन्ता परमपिता परमेश्वरले प्रदान गरून भनी प्रार्थना गर्दछु साथै चिर समाधिमा चिर शान्ति मिलोस भनी प्रार्थना दोहोऱ्याउंछु । समवेदना ।

एउटा जीवन्त इतिहास महादानी र इमानदार व्यक्तिको कथा धरातल रहुंजेल रहने अमर निसानी - मेरो आँखाभरि तिम्रो छवि छाती भरि श्रद्धाको सुवास रहिरहने छ । यही हो मेरो चोखो भाव - शव्दपूर्ण श्रद्धाञ्जली ।

जितेन्द्र बस्न्यात
लेखक पत्रकार
पकानाजोल

यस क्याम्पसको प्रारम्भिक काल मोरंग कलेज संचालक समितिका संस्थापक सदस्य एवं श्री रामलाल गोल्छा छात्रावासका निर्माता समाजसेवी श्री रामलाल गोल्छाज्यूको २०४०।८।२५ गते दुःखद निधनमा दिवंगत आत्माको चिरशान्तिका लागि भगवान संग प्रार्थना गर्दै शोक संतप्त परिवारमा समस्त क्याम्पस परिवारका तर्फबाट हार्दिक समवेदना प्रकट गर्दछौं।

ध्रुव नारायण लाल
क्याम्पस प्रमुख
महेन्द्र मोरंग बहुमुखी क्याम्पस
विराटनगर

तपाईहरूका पूज्य पिता नेपाल अधिराज्यको एक प्रतिष्ठित उद्योगपति तथा समाज सेवाका लागि महत्वपूर्ण योगदान दिई आउनु भएका श्री रामलाल गोल्छाज्यूको मिति २०४०।८।२५ गते आइतवारका दिन दुःखद निधन भएकोमा यस विराटनगर नगर पंचायत परिवार तथा मेरो आफनो तर्फबाट दुःखका साथ दिवंगत आत्माको चिर शान्तिका लागि ईश्वर संग प्रार्थना गर्दै सम्पूर्ण शोक संतप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

रामकृष्ण भट्टराई
प्रधानपंच
विराटनगर नगर पंचायत कार्यालय
विराटनगर, नेपाल

देशको विभिन्न सामाजिक एवं औद्योगिक क्षेत्रमा सक्रिय भूमिका निभाउंदै आई रहनु भएका उद्योगपति श्री रामलाल गोल्छाको मिति २०४०।८।२५ गते दुःखद निधन भएकोमा गहिरो शोक व्यक्त गर्दै स्वर्गीय श्री गोल्छाको दिवंगत आत्माको चिर शान्तिको लागि परमेश्वर संग प्रार्थना गर्दछु ।

रामेश्वर देवकोटा
का.मु. प्रमुख जिल्ला अधिकारी
मोरंग, विराटनगर, नेपाल

स्वर्गीय गोल्छाज्यू एक साहसी कर्मठ व्यक्तित्वका धनी हुनुहुन्थ्यो । उहांले समाज सेवाका क्षेत्रमा विभिन्न रचनात्मक कार्यहरू गरेर ठूलो योगदान पुऱ्याउनु भएको छ ।

मोरंग व्यापार संघमा आज बसेको विशेष बैठक दिवंगत आत्मालाई चिर शान्ति प्राप्त होस् भनी एक मिनेटको मौन धारण गर्दै यस दुःखद घडीमा उहांको शोक संतप्त परिवारलाई यो दुःख सहन सक्ने शक्ति भगवान पशुपतिनाथले प्रदान गरून् भन्ने प्रार्थना गर्दछ ।

देवेन्द्र कुमार अग्रवाल
सचिव
मोरंग व्यापार संघ
विराटनगर, नेपाल

यस क्याम्पसको श्री रामलाल गोल्छा छात्रावासका निर्माता समाजसेवी श्री रामलाल गोल्छाज्यूको यही २०४०।८।२५ गते भएको दुःखद निधनमा दिवंगत आत्माको चिर शान्तिका लागि हामी छात्रावासका विद्यार्थीहरू प्रार्थना गर्दछौं र तपाईको शोक संतप्त परिवारमा पर्न आएको असीम दुःख सहन सक्ने धैर्य प्राप्त होस् भन्ने समवेदना प्रकट गर्दछौं ।

छात्रावास परिवार
श्री रामलाल गोल्छा छात्रावास
महेन्द्र मोरंग आदर्श बहुमुखी क्याम्पस
विराटनगर

नेपालका प्रमुख उद्योगपति जसको सत्प्रयासले देशमा अनेकन् कारखानाको स्थापना हुन सक्यो र जसबाट स्थापित उद्योगहरूमा हजारौं मजदूरहरूले काम मामको अवसर पाएका छन्। ती उद्योगपति श्री रामलाल गोल्छाको हालै दुःखद निधन भएकोमा नेपाल मजदूर संगठन केन्द्रीय कार्य समिति दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक संतप्त परिवार प्रति समवेदना प्रकट गर्दछ ।

प्रमोद मल्ल
सभापति
नेपाल मजदूर संगठन, काठमाडौं

प्रख्यात उद्योगपति तथा व्यापारी एवं समाजसेवी तपाईको पूजनीय पिताजी रामलाल गोल्छाज्यूको असामयिक निधनको समाचारले अत्यन्त दुःख लागेको छ । उहांको निधनले देशको उद्योग र व्यापार क्षेत्रमा समेत अपूरणीय क्षति हुन गएको छ ।

पशुपति गिरी
अध्यक्ष
नेपाल उद्योग वाणिज्य संघ
काठमाडौं, नेपाल

नेपालको उद्योग र वाणिज्यको बाटोमा पहिला डोब हाल्ने तपाईका पिता श्री रामलाल गोल्छाज्यूको निधनको समाचार सुन्दा हामी उद्योगी व्यापारीले एक कुशल मार्ग दर्शक गुमाउनु परेकोले हामी शोक संतप्त छौं । यस दुःखद घडीमा धैर्य धारण गरी उहांले देखाउनु भएको बाटोमा अगाडि लम्कन तपाईहरूमा साहस प्रदान गर्न र उहांको व्रतलीन आत्मालाई चिरशान्तिको लागि श्री पशुपतिनाथ संग प्रार्थना गर्दछौं ।

मथुरा प्रसाद बजिमय
अध्यक्ष
सिद्धार्थनगर उद्योग
वाणिज्य संघ
नेपाल

उहांलाई सदा स्मरण गरिन्छ । स्व. श्री रामलालजी गोल्छा त्यही पंक्ति मध्येको एक हुनुहुन्थ्यो । उहांको जीवन कसरी शुद्ध भयो र उहांले कहां सम्म जीवनलाई

उठाउनु भयो । शून्यबाट शुरू गरेर उहांले आफनो जीवनकालमा उद्योग र व्यापारको क्षेत्रलाई उच्च शिखर सम्म पुऱ्याउनु भयो र धार्मिक, शैक्षिक र सामाजिक क्षेत्रमा पनि उहांले पर्याप्त रूचि राख्नु भयो र योगदान दिनु भयो । उहांको जीवनकालको अन्तिम निसानीको रूपमा विराटनगर नेत्र चिकित्सालयबाट स्थानीय जनताको नित्य सेवा भै रहने छ । उहां एक सच्चा अर्थमा कर्मठ व्यक्ति हुनुहुन्थ्यो । सदा कर्ममा प्रवृत्त हुनु उहांका जीवनको उद्देश्य बनेको थियो । समाजका अग्रणी वयोवृद्ध यस्ता व्यक्तिको क्षति अपूरणीय क्षति हो ।

मदनलाल अग्रवाल
मदनलाल चिरंजीलाल
काठमाडौं, नेपाल

उहां जस्तो मिलनसार कर्मठ र योग्य व्यक्तिको स्मरणमा यही २०४० साल पौष ७ गते बसेको संघको केन्द्रीय कार्य समितिको बैठकले उहां प्रति श्रद्धान्जली अर्पण गर्न र उहांको दिवंगत आत्मालाई चिर शान्ति मिलोस् भनी एक मिनेट मौन धारण गरियो ।

पूनमचन्द अग्रवाल
अध्यक्ष
नेपाल समुद्रपार निकासी पैठारी संघ
काठमाडौं

समाजसेवी रामलाल गोल्छाजीको निधनले हामी दुःखी छौं। परमेश्वर परमात्माले उहांलाई शान्ति प्रदान गर्नको लागि प्रार्थना गर्दै सबै उहांका तमाम परिवारमा समवेदना अर्पण गर्दछु ।

घनराज्य लक्ष्मी देवी शाह, सदस्य
सा. से. रा. स. प., बाल कल्याण समन्वय समिति
नेपाल बाल संगठन, काठमाडौं ।

श्री रामलाल गोल्छाज्यूको दिवंगत आत्मालाई चिरशान्ति तथा शोक संतप्त परिवारलाई धैर्य धारण गर्न सक्ने शक्ति दिउन् भनी श्री पशुपतिनाथ संग प्रार्थना गर्दछौं ।

केडिया परिवार
बीरगंज

त्यस चिकित्सालयका जन्मदाता, दूरदर्शी, कर्मठ, व्यवहार कुशल, सदा प्रेरणाका श्रोत महामना श्री रामलाल गोल्छाको असामयिक निधनमा नेत्र-ज्योति-संघ तथा नेपाल आँखा अस्पताल परिवारका तर्फबाट म समवेदना प्रकट गर्दछु । रामलालजीले आफनो जीवनकालमा गर्नु भएको तपस्या, आदर्शवादिता, दूरदर्शिता र परोपकारको फलस्वरूप यस चिकित्सालयको स्थापना भएको हुंदा त्यसलाई उत्तरोत्तर विकास गर्न श्री पशुपतिनाथले गोल्छा परिवारलाई सदा सदबुद्धि र प्रेरणा दिई राखून । उहांको असामयिक निधनबाट नेपालले एक कर्मठ चिन्तनशील उद्योगपति गुमाएको छ ।

डा. रामप्रसाद पोखरेल
सचिव
नेपाल आँखा अस्पताल, काठमाडौं

तपाईका श्रद्धेय पिता रामलाल गोल्छाज्यूको स्वर्गवास भएको दुःखद समाचारले हामी सबैलाई दुःख लागेको छ । दिवंगत आत्माको चिर शान्तिका लागि भगवान पशुपतिनाथ संग प्रार्थना गर्दछौं ।

बीरगंज उद्योग वाणिज्य संघ, वीरगंज, नेपाल

श्री रामलाल गोल्छाको असामयिक निधनमा हार्दिक समवेदना। दिवंगत आत्माको चिर शान्तिको लागि ईश्वर संग प्रार्थना गर्दछु ।

डा. नागेश्वर प्रसाद सिंह
राजबिराज, नेपाल

नेपालका प्रतिष्ठित र उद्योगी श्री रामलालजी गोल्छाको निधन हुंदा देशलाई ठूलो क्षति भएको छ । उहांको धर्म र समाज प्रति पनि ठूलो रूचि थियो ।

नेपाल र बिहारमा "अणुव्रत" को प्रचार प्रसारमा श्री गोल्छाको ठूलो देन छ ।

नथमल वैद्य
महासचिव
नेपाल बिहार अणुव्रत समिति, बीरगंज

श्री रामलाल गोल्छाज्यूले नेपालको खासगरी समुद्रपार निकासी व्यापार र उद्योगहरूको स्थापनामा तथा सामाजिक सेवाको क्षेत्रमा गर्नु भएको देन नेपालले कहिले विर्सने छैन ।

उहांको परम्परामा उहांका सुपुत्रहरूले मुलुकको सेवा निरन्तर गर्दै गई औद्योगीकरणमा

र व्यापारको खास गरी निर्यात अझै बढी विकास गराउदै जानु हुनेछ भन्ने मलाई पूरा विश्वास छ ।

गोविन्द प्रसाद लोहनी
भूतपूर्व सदस्य, राष्ट्रिय योजना आयोग
भूतपूर्व शाही नेपाली राजदूत, पाकिस्तान

प्रसिद्ध उद्योगपति व्यापारी श्री रामलाल गोल्छाको निधनबाट उद्योग व्यापार क्षेत्रका अतिरिक्त सामाजिक सेवाका क्षेत्रमा समेत एक कर्मठ अनुभवी र अग्रणी व्यक्तिको अपूरणीय क्षति भएको छ । गोरखा दक्षिण बाहु प्रथमद्वारा विभूषित श्री गोल्छाले विभिन्न क्षेत्रमा दिनु भएको योगदान सदा स्मरणीय र प्रसंशनीय छ । एक सुयोग्य व्यक्तित्वको पार्थिव शरीर अब हाम्रो समाजमा विद्यमान छैन । तर वहांको देन भने यत्र-तत्र रही रहने छ । यस घडीमा हामी दिवंगत आत्माको लागि शान्ति कामना गर्दै १ मिनेट मौन धारण गर्दै शोक संतप्त परिवार प्रति यस दुःखलाई सहने शक्ति र धैर्य मिलोस् भन्ने श्री भगवान संग प्रार्थना गर्दछौं ।

गजानन्द अग्रवाल
सचिव
श्री पशुपति गौशाला, काठमाडौं

यस संघका सदस्य श्री हिम इण्टरनेशनल र गोल्छा अर्गनाइजेशनका प्रमुख श्री रामलाल गोल्छाज्यूको हालै असामयिक स्वर्गारोहण भएकोमा नेपाल अटोमोबाइल डिलर्स एशोसिएशन परिवारलाई अत्यन्तै दुःख लागेको व्यहोरा अवगत गराउंदै स्वर्गीय श्री गोल्छाज्यूको मृतात्माको शान्तिको कामना गर्दै यस दुःखद घडीमा र अपूरणीय क्षतिमा श्री परमेश्वरले श्री गोल्छा अर्गनाइजेशन परिवारलाई धैर्यता र सहन शक्ति प्रदान गरून भनी समवेदना सन्देश पठाउने निर्णय गरियो ।

प्रेमसुन्दर तुलाधर
सचिव
नेपाल अटोमोबाइल डिलर्स एशोसिएशन
काठमाडौं

तपाईका पूज्य पिता श्री सेठ रामलाल गोल्छाज्यूको २०४० साल मार्ग २५ गते आकस्मिक स्वर्गारोहण भएको दुःखद समाचारबाट मलाई गहिरो शोक लागेको छ । अतः आत्माको चिर शान्तिको लागि श्री परमेश्वरसंग प्रार्थना गर्दै तपाई तथा संतप्त परिवारका अन्य सदस्यहरू प्रति म हार्दिक समवेदना व्यक्त गर्दछु ।

राजबहादुर चिपालु

भूतपूर्व अध्यक्ष
नेपाल चेम्बर अफ कमर्श
भूतपूर्व महासचिव

सेठजीको स्वर्गवासको समाचार थाहा पाएर हार्दिक दुःख लाग्यो । ईश्वरले वहांको आत्मालाई शान्ति दिउन र तपाईहरूलाई दुःखद घटना सहन सक्ने शक्ति दिउन - यही प्रार्थना छ ।

सेठजी यस देशको उद्योग र व्यापार वृद्धिका लागि अतुलनीय योगदान दिएर जानु भयो । राष्ट्र उहां प्रति सदा आभारी रहने छ ।

कुंजबिहारी प्रसाद सिंह
माननीय सदस्य
राष्ट्रिय पंचायत, नेपाल

आजको यो स्मृति-सभा कर्मयोगी तेरापंथ धर्म-संघका बरिष्ठ श्रावक सुप्रसिद्ध समाजसेवी वयोवृद्ध श्री रामलाल गोल्छाज्यूको स्वर्गवास भएकोमा हार्दिक दुःख प्रकट गर्दछ । उहांको शोक संतप्त परिवार प्रति यो सभा हार्दिक समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिर शान्तिका लागि प्रभु संग प्रार्थना गर्दछ ।

किशनलाल दूगड
अध्यक्ष
जैन श्वेताम्बर तेरापंथी सभा
विराटनगर, नेपाल

उद्योग, व्यापार तथा समाज सेवा क्षेत्रमा अग्रणी भूमिका निभाउनु भएको श्री रामलाल गोल्छाज्यूको निधनबाट उक्त क्षेत्रलाई ठूलो क्षति भएको छ । यस दुःखद अवसरमा निजको दिवंगत आत्माको चिर शान्तिको लागि हार्दिक कामना गर्दै शोक संतप्त परिवार प्रति गहिरो समवेदना व्यक्त गर्दछु ।

धर्मबहादुर थापा
अंचलाधीश
कोशी अंचल, विराटनगर, नेपाल

यस सदनका संरक्षक सुप्रसिद्ध उद्योगपति व्यापारी एवं कर्मठ समाजसेवी सेठ श्री रामलालजी गोल्छा मिति २०४०।८।२५ रविवार तदनुसार ११ दिसम्बर १९८३ का दिन कलकत्तामा परलोक हुनु भएकोमा अतिथि सदन परिवार लगायत उपस्थित महानुभावहरूले गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चिर शान्तिका लागि दुई मिनेट मौन धारण गर्दै श्रद्धाञ्जली गरियो ।

प्रताप सिंह राठौड
प्रबन्धक
अतिथि सदन, विराटनगर

राष्ट्र तथा राष्ट्रियताप्रति समर्पित देशका सर्वश्रेष्ठ उद्योगपति एवं व्यवसायी तथा समाजसेवी "सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु" सम्मानबाट सम्मानित सेठ श्री रामलाल गोल्छाज्यूको निधनबाट हामीलाई गहिरो दुःख लागेको छ ।

लक्ष्मीकान्त दास
सचिव

चन्द्र बहादुर पाण्डे
अध्यक्ष

मोरंग उद्योग संगठन विराटनगर, नेपाल

प्रसिद्ध उद्योगपति एवं व्यापारी श्री रामलाल गोल्छाको स्वर्गारोहणबाट एक अनुभवी व्यक्तिको क्षति भएको छ। दिवंगत आत्माको चिर शान्तिका लागि कामना गर्दै नेपाल चेम्बर अफ कमर्स तथा मेरो तर्फबाट शोक सन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दछु ।

इन्द्र भक्त श्रेष्ठ
नेपाल चेम्बर अफ कमर्स, काठमाडौं ।

समाजसेवी श्री रामलाल गोल्छाज्यूको दिवंगत आत्माको चिर शान्ति तथा शोक संतप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी परमात्मा परमेश्वर संग प्रार्थना छ ।

भुवनेश्वरी सत्याल
सचिव
नेपाल बाल संगठन, काठमाडौं ।

यस चिकित्सालयका संस्थापक तथा ट्रस्ट का आजीवन अध्यक्ष आधुनिक नेपालका मूर्धन्य उद्योगपति गरीब तथा दुखीका सच्चा हितैषी एवं निर्भीक तथा निस्वार्थ समाजसेवी स्व. श्री रामलाल गोल्छाको आकस्मिक निधनमा यो बैठक आंतरिक शोक प्रकट गर्दै स्वर्गीय आत्माको चिर शान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दै शोक संतप्त परिवारमा पर्न आएको असीम दुःख सहने र भविष्यको ठूलो जिम्मेवारीवहन गर्न सक्ने क्षमता समेत ईश्वरले प्रदान गरून् भनी सर्वसम्मतिबाट प्रस्ताव पारित भयो । अनमा बैठकले १

मिनेट मौन धारण गऱ्यो ।

डा. बंशीकृष्ण मल्ल
सदस्य-सचिव
नेपाल नेत्र ज्योति संघ तथा सदस्य
श्री रामलाल गोल्छा नेत्र चिकित्सालय
संचालक समिति, विराटनगर,नेपाल

एउटा महान् समाजसेवी एवं वरिष्ठ उद्योगपतिलाई हामीहरूको बीचमा नपाउँदा देशलाई नै ठूलो क्षति भएको मैले महसूस गरेको छु । यस शोकको दुःखद घडीमा स्वर्गीय आत्मालाई स्वर्गमा सदा शान्ति मिलोस् भनी भगवान सँग प्रार्थना गर्दछु ।

गोविन्दमान सिंह अधिकारी
माननीय सदस्य
राष्ट्रिय पंचायत, नेपाल ।

कर्तव्यनिष्ठ समाजसेवी धर्मावलम्वी श्री रामलाल गोल्छाजीको २०४० साल मार्ग २५ गतेका दिन स्वर्गारोहण भएकोमा शोक-संतप्त परिवार प्रति गहिरो समवेदना प्रकट गर्दै भगवानसित शोक संतप्त परिवारलाई अहिले परि आएको यो गहिरो दुःख सहने शक्ति मिलोस् भन्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछौं ।

महिला विकास समिति
काठमाडौं

नेपालको वरिष्ठ उद्योगपति श्री रामलाल गोल्छाको असामयिक निधन भएको समाचार सुन्दा हामीलाई दुःख लागेको छ । यस दुःखद घडीमा वाणिज्य मन्त्रालयको तर्फबाट यहाँ र यहाँका सम्पूर्ण परिवारलाई हार्दिक समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछौं ।

अरूणचन्द्र प्रधान
अतिरिक्त सचिव
वाणिज्य मन्त्रालय
नेपाल ।

मेरा पुराना बन्धु श्री रामलाल गोल्छाको ८६ वर्षको उमेरमा भारतको कलकत्तामा दुःखद निधनको समाचारले मलाई ज्यादै शोकाकुल पारेको छ ।

नेपालका अग्रगण्य उद्यमी, समाजसेवी र धार्मिक चेतना सम्पन्न श्री गोल्छाको यस दुःखद निधनबाट नेपालको अपूरणीय क्षति भएको छ । यस्तो अतीव दुःखदायी घडीलाई धैर्यपूर्वक सहन गर्ने शक्ति तपाईहरू समेत सम्पूर्ण परिवारलाई प्रदान गरून् भन्ने उनै श्री परमेश्वर संग प्रार्थना गर्दै शोकाकुल परिवार प्रति मेरो हार्दिक समवेदना ज्ञापन गरेको छु ।

ओंकारमल खेतान
सम्माननीय सदस्य
राजसभा स्थायी समिति, नेपाल

नेपालका ठूला उद्योगपति एवं अणुव्रत क्लबका संस्थापक रामलाल गोल्छाज्यूको निधनले ठूलो क्षति भएको महसूस गर्दछु ।

माधव प्रसाद घिमिरे
का. मु. महासचिव, अणुव्रत क्लब, नेपाल

नेपालमा उद्योग तथा वाणिज्य क्षेत्रमा अग्रणी श्रीमान रामलाल गोल्छाज्यूको स्वर्गारोहणले अपूरणीय क्षति भएको छ । यो असहनीय वेदना सहन गर्ने शक्ति र धैर्य गोल्छा परिवारलाई श्री पशुपतिनाथले प्रदान गरून्।

तोलाराम दुगड
अध्यक्ष
दुगड ग्रूप, काठमाडौं

महान् कर्मयोगी श्री सेठ रामलालजी गोल्छाज्यूमा श्रद्धाञ्जली अर्पण गर्दछौं ।

खेमचन्द चोरडिया
अध्यक्ष
नेपाल जैन परिषद, काठमाडौं ।

नेपालको सच्चा सन्तान एवं उद्योग पति श्री रामलाल गोल्छाज्यूको असामयिक निधनमा श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्दछु ।

भानबहादुर चन्द
राज सभा सदस्य, काठमाडौं ।

दैनिक विश्वमित्र

हिन्दी का सबसे पुराना दैनिक - कलकत्ता, बम्बई एवं कानपुर से एक साथ प्रकाशित

OLDEST HINDI DAILY VISHWAMITRA PUBLISHED IN CALCUTTA. BOMBAY & KANPUR

CALCUTTA DEC. 16 1983 कलकत्ता मार्गशीर्ष शुक्ल ११ संवत २०४० शुक्रवार १६ दिसंबर १९८३ अंक ७ दिसंबर १९८३ मूल्य

आदर्श श्रावक स्व० श्रीरामलालगोलछा

विराटनगर । श्री रामलालजी गोलछा (नेपाल) का कलकत्ता में दिनांक ११ दिसम्बर ८३ को दिन के ११ बजकर १० मिनट पर संथारा में स्वर्गवास हुआ । अन्तिम समय आपके परिणाम अत्यन्त सात्विक एवं आध्यात्म प्रधान रहे । रुग्ण अवधि में भी आपने अपना आध्यात्मिक क्रम नियमित रूप से संचालित रखा .

आपका जीवन सरल था । साधारण से साधारण व्यक्ति भी उनके साथ निसंकोच साक्षात्कार कर अपनत्व का बोध पाता ऐसे निस्पृह सेवाव्रती के महाप्रयाण के अवसर पर विराट नगर के आबाल वृद्ध द्वारा अभूतपूर्व श्रद्धांजलि दी गयी . तदोपरान्त प्रत्येक वर्ग के सहस्त्रों लोग शवयात्रा में सम्मिलित हुए ।

आपका विराट नगर काठमाण्डू कलकत्ता कर्मक्षेत्र रहा ' नेपाल आपका व्यवसायिक क्षेत्र रहा । नेपाल में आपने औद्योगिक क्रान्ति का सूत्रपात किया । आपने नए नए उद्योग संस्थापित किए । साथ ही नेपाल में शिक्षा व चिकित्सा के क्षेत्र में अपने अनुदान द्वारा शिक्षालय एवं चिकित्सालय कायम किए । स्वर्गीय महाराजाधिराज श्री ५ महेन्द्र वीर विक्रम शाहदेव द्वारा प्रबल गोरखा दक्षिण बाहु मान पदवी प्रदान की गई

